**परिच्छेद एक**

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक '**सागर उर्लन्छ सगरमाथा छुन' उपन्यासको परिवेश** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयको दसौं पत्रको प्रयोजनार्थ रहेको छ ।

## १.३ विषयपरिचय

साहित्यका विधामध्ये उपन्यास विधा लोकप्रिय विधा मानिन्छ । यस्तो विधामा कलम चलाउने रमेश विकल नेपाली उपन्यासको आधुनिककालका उपन्यासकार हुन् । प्रगतिवादी एवम् आलोचनात्मक यथार्थवादी उपन्यासकार रमेश विकलको **सागर उर्लन्छ सगरमाथा छुन** (२०५२) उपन्यास नेपाली उपन्यास जगत्मा मुख्यतः राणाशासन पछिको नेपालको तत्कालीन स्थिति बोध गराउने तस्विर हो ।

**सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासले आधुनिक नेपाली उपन्यास परम्परामा आलोचनात्मक यथार्थवादी धारालाई अघि बढाउने क्रममा महत्त्वपूर्ण भूमिका खेलेको छ । यस उपन्यासले उपन्यासकार रमेश विकललाई समेत आलोचनात्मक यथार्थवादी धाराका एक विशिष्ट स्रष्टाका रूपमा परिचित गराएको छ । यसका साथै उपन्यासमा अमेरिकाली समाजको चित्रण गर्नुका साथै हायनरिखको नेपाल आगमनपछि काठमाडौं र यस अन्तर्गतका परिवेशको चित्रणमा तल्लीन रहेको छ । क्षेत्रफलको हिसाबले काठमाडौं सानो सहर मानिए

तापनि समयको परिवर्तनसँगै यहाँ भित्रिएका आधुनिकताको रङ्ग, चालचलन, भेषभूषा आदि सँगै देखिएको परिवर्तन र यसले निम्त्याएको असर बारे सुन्दर चित्रण गरिएको छ। उपन्यासमा पश्चिम नेपालको हिमाली जिल्ला र त्यस अन्तर्गतको परिवेशको समेत चित्रण गरिनुले यस उपन्यासको व्यापक परिवेश झल्केको पाइन्छ ।

## १.४ शोधसमस्या

यस शोधपत्रका समस्याहरू निम्नानुसार रहेका छन् :-

- उपन्यासकार रमेश विकलको रचना धर्मिता के कस्तो छ ?
- नेपाली उपन्यासको विकास परम्परामा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको के कस्तो स्थान छ ?
- **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको परिवेश के-कस्तो छ ?

## १.५ शोधपत्रको उद्देश्य

यस शोधपत्रका उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

- उपन्यासकार रमेश विकलको जीवनी र साहित्यिक रचनाधर्मिताको अध्ययन गर्नु,
- नेपाली उपन्यासको विकास परम्परामा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको स्थान निर्धारण गर्नु,
- **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको परिवेश विश्लेषण गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

यस शोधपत्रकोपूर्व **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासका सम्बन्धमा विभिन्न लेखक, समालोचक एवम् समीक्षकहरूले विभिन्न पुस्तक, समालोचक र लेखमा यस उपन्याससम्बन्धी व्याख्या-विश्लेषण गरेका छन् । यति भएर पनि यस उपन्यासको परिवेशको अध्ययन नभएकोले प्रस्तुत शोधकार्य अपरिहार्य देखिन्छ। यस उपन्याससम्बन्धी विभिन्न विश्लेषणहरूको कालक्रमिक प्रस्तुति निम्नानुसार छ :-

- मोहनराजशर्माको **समकालीन समालोचना : सिद्धान्त र प्रयोग** (२०५५) मा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको बारेमा चर्चा गरिएको छ । यसमा विकलको सागर उर्लन्छ सगरमाथा छुन उपन्यासलाई राजनीतिक दस्तावेजको रूपमा लिएर आलोचनात्मक यथार्थवादका दृष्टिबाट व्याख्या गरिएको छ ।
- कृष्णहरि बराल र नेत्र एटमको **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५८) मा रमेश विकलको सागर उर्लन्छ सगरमाथा छुन उपन्यासलाई आधुनिककालको द्वितीय चरणमा राखेर विश्लेषण गरिएको छ। यस पुस्तकमा विकललाई प्रगतिवादी उपन्यासकारका रूपमा र उनको **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासलाई प्रगतिवादी उपन्यासका रूपमा विश्लेषण गरिएको छ ।
- कृष्णहरि बरालले **समकालीन साहित्य** (२०५८) वर्ष १२ अङ्क १ ; ४६) मा रमेश विकल : आलोचनात्मक यथार्थवादी आख्यानकार नामक लेखमा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासका बारेमा यथार्थवादी मत अघि सारेका छन्। यसमा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासलाई आलोचनात्मक यथार्थवादको कोणबाट विश्लेषण गरिएको छ ।
- राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०६४) मा रमेश विकललाई एक आलोचनात्मक यथार्थवादी उपन्यासकार र उनको **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासलाई आलोचनात्मक यथार्थवादको उत्कृष्ट कृतिका रूपमा विस्तृत विश्लेषण गरिएको पाइन्छ। पुँजीवादी समाजका

विकृति विसङ्गतिहरूलाई केलाएर आलोचनात्मक यथार्थवादको परिवेश समेतमा नयाँपन दिइएको पाइन्छ ।

- नेत्र एटमले **रश्मि** (२०६७, वर्ष २६ : अङ्क १; ७१) मा सांस्कृतिक दिवालियापनको आलोचना : **सागर उर्लन्छ सगरमाथा छुन** नामक लेखमा उपन्यासमा वर्णित सहरी सभ्य समाजका पात्रहरूमा विदेशी संस्कृतिप्रतिको अनुराग देखाइएको छ । यसक्रममा पूर्वीय र पाश्चात्य संस्कृतिबीचको भिन्नता पनि केलाइएको छ । तर उपन्यासको परिवेशको रूपमा आवश्यक विषय उठान गरिएको पाईंदैन ।
- नेत्र एटमले **नेपाली डायस्पोरा र अन्य समालोचना** (२०६७) मा २१औँ शताब्दीका रमेश विकलको **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यास र १३ औँ शताब्दीका इटालीका सर्वोच्च कवि दाँते एलिग्हयरीको 'डिभाइन कमेडी' वा 'स्वर्गीय सुखान्त महाकाव्य' का कतिपय घटना-प्रसङ्गलाई तुलनात्मक रूपमा केलाइएको छ । तर परिवेशका रूपमा यस कृतिमा पनि खासै चर्चा गरिएको पाईंदैन ।
- हेमनाथ पौडेलले **मधुपर्क** (२०६७, वर्ष ४३, अङ्क ८ : पूर्णाङ्क ४९९, पुस) मा 'रमेश विकलको जीवनयात्रा र योगदान' नामक लेखमा विकलको सामान्य जीवनीवृत्त प्रस्तुत गरी उनको साहित्यिक योगदानको मूल्याङ्कन गरिएको छ । यस लेखमा समेत **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको बारेमा खासै चर्चा गरिएको पाईंदैन ।

निष्कर्षमा भन्नुपर्दा विभिन्न कालखण्डमा विभिन्न लेखक समीक्षकहरूले **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको बारेमा दृष्टिकोणहरू प्रस्तुत गरे तापनि अहिलेसम्म प्रस्तुत **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासलाई परिवेशको पक्षबाट विश्लेषण नगरिएकाले यो शोधपत्र महत्त्वपूर्ण ठहर्छ ।

## १.७ शोधपत्रको औचित्य

उपर्युक्त पूर्वकार्यबाट के स्पष्ट हुन्छ भने **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको कृतिपरक अध्ययन भए तापनि परिवेशका दृष्टिकोणबाट हालसम्म व्यवस्थित अध्ययन भएको

छैन । एउटा उल्लेखनीय उपन्यास भएर हालसम्म पनि यसको परिवेशको दृष्टिकोणले विस्तृत अध्ययन नहुनाले यसतर्फ यसको अभावको महसुस गरिएको छ । यस अभावको पूर्तिस्वरूप यस उपन्यासको विश्लेषण गर्ने ठहर गर्दै अध्ययन अनुसन्धान गरिनुबाट यसको औचित्य पुष्टि हुन्छ ।

## १.८ शोधपत्रको सीमा

प्रस्तुत शोधपत्रमा रमेश विकलको **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको परिवेशको चर्चा गरिएको छ । यस क्रममा रमेश विकलको समग्र साहित्यिक रचना धर्मितामा आधारित भई विभिन्न परिवेशका घटनाहरूको विश्लेषण गर्नु नै यस शोधपत्रको सीमा रहेको छ ।

## १.९ शोधविधि

### १.९.१ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्र लेखनका क्रममा विभिन्न सामग्री आवश्यक पर्ने हुँदा त्यसको परिपूर्तिका लागि पुस्तकालयको प्रयोग गरी आवश्यक समालोचनात्मक पुस्तकहरू पत्रपत्रिका तथा समीक्षात्मक लेख आदिबाट सामग्री सङ्कलन गरिएको छ । यसमा विषयसँग सम्बन्धित विशेषज्ञहरूबाट समेत राय, सल्लाह, सुझाव र आवश्यक जानकारी लिइएको छ । पूर्वकार्य समीक्षाका रूपमा यस उपन्यासको सम्बन्धमा जानकारी लिन द्वितीय सामग्री सङ्कलन अन्तर्गत पुस्तकालयीय प्रयोग, विभिन्न पुस्तकहरूबाट आवश्यक समीक्षात्मक लेख रचना आदिको सामग्री सङ्कलन गरिएको छ ।

### १.९.२ विश्लेषण विधि

समीक्षाशास्त्रले निर्देशित गरेको सैद्धान्तिक आधारमा वर्णनात्मक र विश्लेषणात्मक विधि प्रयोग गरी प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सङगठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित ५ परिच्छेदमा विभाजित गरिएको छ। साथै आवश्यकता अनुसार उक्त परिच्छेदहरूलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरिएको छ। जस अनुसार प्रस्तुत शोधपत्रको रूपरेखा मोटामोटी रूपमा यसप्रकार रहेको छ :-

परिच्छेद एक - शोधपरिचय

परिच्छेद दुई - रमेश विकलको जीवनी, व्यक्तित्व र साहित्यिक प्रवृत्ति

परिच्छेद तीन - आधुनिक नेपाली उपन्या र **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यास

परिच्छेद चार - **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा प्रयुक्त परिवेश

परिच्छेद पाँच - उपसंहार

परिच्छेद दुई

# रमेश विकलको जीवनी र रचनाधर्मिता

## २.१ रमेश विकलको जीवनी

### २.१.१ बाल्यकाल

चन्द्रशेखर उपाध्याय चालिसे र छाँयादेवी चालिसेका सन्तान रमेश विकल वि.सं १९८५ कार्त्तिक २९ गते भाइटीकाको दिन काठमाण्डौको गोकर्ण आरुबारीमा जन्मेका थिए। यिनको वास्तविक नाम रामेश्वरप्रसाद चालिसे भएपनि साहित्यका क्षेत्रमा रमेश विकलका नामले चिनिन्छन्। उनी एक वर्षको पुग्दा नपुग्दै उनकी आमाको मृत्यु भएको थियो। मातृवात्सल्यबाट विमुख हुन पुगेका विकलको पालनपोषण आफ्नै हजुरबुबा र हजुरआमाका साथमा भएको थियो। त्यसपछि उनी परिवारका अन्य सदस्यहरूबाट यथेष्ट माया ममता पाएर हुर्किएका थिए।

### २.१.२ शिक्षादीक्षा

चन्द्रशेखरका एकमात्र पुत्र विकल मातृ प्रेमविहीन भएकाले बाबुको जागिरका क्रममा कहिले विराटनगर त कहिले दार्चुला आदि ठाउँमा खटिएर जाँदा बाबुसँगै त्यही जानुपरेको थियो। यसले गर्दा स्कुल गई शिक्षा आर्जन नगरी उनले घरमै बसेर अध्ययन गरेका थिए। आफ्ना बाजे घननाथ चालिसे संस्कृतका प्रकाण्ड विद्वान् भएकाले विकलले उनैबाट अक्षरारम्भ गरेका थिए र विकललाई विभिन्न देवीदेवताका स्तोत्र, रूद्री, वेद र दुर्गाकवच आदि ग्रन्थहरूको अध्ययन गराएका थिए। त्यसपछि शिक्षित परिवारमा जन्मिएकाले स्वाध्ययन गरी वि.सं. २०११ मा प्राइभेटतर्फबाट एस.एल.सी. उत्तीर्ण गरे उनले। विकलले महाविद्यालयीय जीवनको सुरुवात वि.सं. २०१३ मा 'चेतभवन' देखि सुरु गरी वि.सं. २०१६ सालमा त्रि.वि. बाट शिक्षा शास्त्रमा स्नातक परीक्षा उर्त्तीण गरी त्रि.वि. को पहिलो दीक्षान्त समारोह २०१६ मा स्नातकको उपाधि प्राप्त गरे (भट्टराई, २०३५ : १०४)। विकलले वि. एड.

सम्मको औपचारिक शिक्षा प्राप्त गरेर पनि पछिसम्म स्वध्यायन गरी आफ्नो ज्ञानको क्षेत्रलाई फराकिलो पारेका थिए ।

### २.१.३ जागिरे जीवन

विकल वि.सं. २००६ साल पुसदेखि फागुनसम्म काठमाण्डौ भन्सार कार्यालयमा नौसिन्दाका रूपमा जागिरे थिए (वाग्ले, २०६० : ४२) । लामो समयको अन्तरालपछि वि.सं. २०१८ सालमा उनी सञ्चार मन्त्रालयको प्रचार विभाग (हाल सूचना विभाग) मा नायव सुब्बाको पदमा जागिरे भएका थिए । वि.सं. २०२० मा ना.सु. को जागिर छाडेर २०२१ देखि २०३६ सम्म शिक्षा सामग्री अनुसन्धान केन्द्र (हाल जनक शिक्षा सामग्री केन्द्र) मा अधिकृत बनी पाठ्यक्रको पुस्तक बनाउने काममा सहयोग पुऱ्याउँदै आएका थिए । जीवनमा पढ्दै जागिर खाँदै गर्ने क्रममा केही वर्ष बिताएपछि २०२३ (सन् १९६६) सालमा अध्ययन - अध्यापनकै सिलसिलामा विकलले अमेरिका जाने सुअवसर पाए । पिसकोरलाई पढाउनका लागि अमेरिका गएका विकलले हवाई भन्ने ठाउँमा केही समय अध्यापन गरेपछि नेपाल फर्किए । अध्ययनकै क्रममा २०२५ (सन् १९६९) सालमा विकललाई सम्पादकको तालिमको लागि पुनः अमेरिका जाने अवसर प्राप्त भयो । अमेरिकाको फ्लोरिडा भन्ने स्थानमा १ वर्षको अध्ययनका लागि गएका विकलले त्यसक्रममा अमेरिकाका धेरै ठाउँहरूको भ्रमण गरे । यसरी अध्ययनका क्रममा कहिले औपचारिक त कहिले अनौपचारिक गरी विकलले आफ्नो शिक्षादीक्षा पूरा गरेका थिए । वि.सं. २०४१ सालमा प्राथमिक शिक्षा परियोजनामा सम्पादक (शाखा अधिकृत सरह) पदमा करारमा रही २०४६ सम्म सेवा गरेका विकलले २०४६ सालदेखि २०५१ सम्म त्रि.वि.मा विदेशी विद्यार्थीहरूलाई नेपाली भाषा पढाउने काम गरे र विकलले त्यसपछिको समय अवकासप्राप्त जीवन बिताएका थिए ।

### २.१.४ प्रेरणा र प्रभाव

विकलले सानैदेखि आफ्नी हजुरआमाबाट धार्मिक एवम् पौराणिक कथाप्रसङ्गहरू सुन्दै आएका थिए । यत्तिकैमा निबन्धकार श्यामप्रसाद शर्मासँगको साहित्यिक सामिप्यताको उपलब्धि स्वरूप वि.सं. २००५ मा "सन्देश" पत्रिका प्रकाशित भएबाटनै उनका मुख्यरूपमा साहित्यतर्फ लाग्ने प्रेरणा र प्रभाव प्राप्त भएको थियो । यसलाई मलजल दिने काम जनजीवनका सामाजिक आर्थिक विषमताले गरेको देखिन्छ ।

### २.१.५ संलग्नता

वि.सं. २००७ सालमा प्रजातन्त्रको उदयपछि विभिन्न किसिमका संघसंस्थाहरू खुल्न थाले। उनी वि.सं. २००९ मा स्थापना भएको “अरूणोदय मा. वि.” आरुवारीको संस्थापक सदस्य बने। त्यसैगरी “चामुण्डा मा.वि. जोरपाटी” र “सहयोगी मा.वि. गोकर्ण” का संस्थापक सदस्य पनि बनेका थिए। विकल वि.सं. २०२९ सालमा नेपाल लेखक संघका सदस्य बने। वि.सं. २०२० सालमा ‘बालक’ र ‘कोपिला’ पत्रिकाको सम्पादक बनेका थिए। विकलले भैरव पुरस्कार गुठीको स्थापना गरी त्यसको संस्थापक अध्यक्ष समेत बने (बराल, २०६५:७)। त्यसैगरी बालसाहित्य समाजका २०४५ मा उपाध्यक्ष २०४९ मा अध्यक्ष भएर २०५५ सम्म कार्यरत रहे। त्यसैगरी तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा वि.सं. २०५१-२०५५ सम्म सदस्य भएका थिए। त्यसैगरी आरुबारीमा स्थापित ग्राम निर्माण बन्धु मण्डल क्लबको अध्यक्षतामा क्रियाशील थिए। त्यसैगरी ‘उत्साह’ त्रैमासिकको सम्पादक, नवशिक्षाको सम्पादक **रचना** द्वैमासिक जस्ता पत्रिकाको सम्पादक साथै **समकालीन साहित्य** को प्रधान सम्पादकमा रही सहयोग पुऱ्याएका थिए। यसबाट विकल पछिल्ला दिनमा सामाजिक सेवाका कार्यमा बढी संलग्न रहेको तथ्य स्पष्ट हुन्छ।

### २.१.६ पुरस्कार र सम्मान

वि.सं. २०१८ सालमा विकलको **नयाँ सडकको गीत** कथासङ्ग्रहलाई पाण्डुलिपिकै अवस्थामा मदन पुरस्कारद्वारा पुरस्कृत गरियो। नेपाली कथामा सामाजिक र मनोवैज्ञानिकता समावेश गराएवापत वि.सं. २०३८ सालमा उनलाई रु २५००० ।- राशिको महेन्द्र प्रज्ञा पुरस्कारद्वारा सम्मानित गरियो (बराल, २०६५ : ८)। उनले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रदान गरिने दुईवर्षे विद्धतवृत्ति (२०३९-४०) समेत पाएका थिए। त्यसैगरी “नूरगंगा वाल साहित्य प्रतिभा पुरस्कार” (२०५६) द्वारा समेत विकललाई सम्मानित गरिएको थियो (बराल, २०६५:८)। यसप्रकार आफ्नो जीवनकालको महत्त्वपूर्ण समय साहित्यिक क्षेत्रमा खर्चेकाले उनलाई विशिष्ट व्यक्तित्वका रूपमा सम्मानित गरियो। त्यसैगरी विकललाई अरूणोदय मा.वि. आरुबारीबाट अभिनन्दन (२०५६) कृष्णमणि पुरस्कार (२०५८), प्रलेसद्वारा सम्मान (२०५८), बालसृजना कार्यशालागोष्ठीबाट अभिनन्दन (२०५८), रक्तकाली उच्च मा.वि. बाट कदरपत्र (२०५९), युद्धप्रसाद मिश्र स्मृतिप्रतिष्ठानद्वारा पुरस्कृत (२०५९), अभिनव बालसाहित्य समाजबाट सम्मान (२०५९), साहित्यिक पत्रकार संघद्वारा सम्मान (२०५९),

वनिता साहित्यिक प्रकाशन विराटनरबाट सम्मान (२०६०), साथै उनलाई विभिन्न साहित्य सम्मेलनहरूमा स्वर्ण पदकबाट विभूषित पनि गरिएको पाइन्छ। यिनै मान सम्मानले गर्दा रमेश विकलको कथाकारिता यथार्थको वैचारिक धरातलतर्फ उन्मुख भएको देखिन्छ।

### २.१.७ देहावसान

लामो समयदेखि नेपाली साहित्यमा संलग्न रहेका सीर्जनशील व्यक्तित्व रमेश विकल धेरै पहिलेदेखि नै दम, हाडजोर्नी तथा वाथरोगका कारणले अशक्त हुँदै आएका थिए। यही क्रममा वि.सं. २०६५ पुस २ गते नेपाल मेडिकल कलेज जोरपाटीमा, उपचारकै क्रममा उनको  देहावसान भयो। उनको मत्युका कारण नेपाली साहित्य जगत्ले एक उज्वल नक्षत्र गुमाउन पुगेको छ।

### २.१.८ प्रकाशित कृतिहरू

रमेश विकलले साहित्यका विविध विधामा कलम चलाएका थिए। मूल रूपमा वि.सं. २००६ चैत्रको शारदा पत्रिकामा प्रकाशित “गरिब” कथाबाट उनी साहित्यमा प्रवेश गरेका थिए। उनका हालसम्म विविध विधाका प्रकाशित साहित्यिक कृतिहरूलाई विधागत हिसाबले चिनाउन सकिन्छ। विकलका प्रकाशित कृतिहरू निम्नलिखित रहेका छन् :-

**कथासङ्ग्रह**

१. **बिरानो देशमा** (वि.सं. २०१६)

२. **नयाँ सडकको गीत** (वि.सं. २०१९)

३. **आज फेरि अर्को तन्ना फेरिन्छ** (वि.सं. २०२४)

४. **एउटा बुढो भ्वाइलेनः आशावरीको धुनमा** (वि.सं. २०२५)

५. **उर्मिला भाउज्यू** (वि.सं.२०३५)

६. **शव, शालिक र सहस्रबुद्ध** (वि.सं. २०४३)

७. **हराएका कथाहरू** (वि.सं. २०५५)

**बाल कथासङ्ग्रह**

१. **तेह्र रमाइला कथा** (वि.सं. २०१९)

२. **पञ्चतन्त्रका कथाहरू** (वि.सं. २०२३)

३. **अँगेनाको डिलमा** (वि.सं. २०२३)

४. **कथाकुसुम** (वि.सं. २०२५, कथासङ्ग्रह)

५. **कथाकुञ्ज** (वि.सं. २०२६)

६. **एक्काईस रमाइला कथाहरू** (२०३३)

७. **म र मेरो घर** (वि.सं. २०४२, चित्रकथा)

८. **म र मेरो छिमेक** (वि.सं. २०४३, चित्रकथा)

९. **बाह्र महिनाको गीत** (गीत वि.सं. २०४३)

१०. **दिलमाया** (वि.सं. २०४५)

११. **हिउँदे छुट्टिमा** (वि.सं. २०४९)

१२. **गौँथलीको घर** (वि.सं. २०५०, कथासङ्ग्रह)

१३. **बुद्धुरामले कुरा बुझ्यो** (वि.सं. २०५१, चित्रकथा)

१४. **केही मूर्खहरूका कथा** (वि.सं. २०५५)

१५. **मान्छे, भैँसी र मुरी चामलको कथा** (२०५७, चित्रकथा)

१६. **सङ्गत गुनाको बुद्धि** (वि.सं. २०५७, कथासङ्ग्रह)

१७. **दुष्ट भँगेरो र गौँथलीहरू** (वि.सं. २०६०, चित्रकथा)

१८. **एउटा कथा भन्नु न हजुरआमा** (वि.सं. २०६१, कथासङ्ग्रह)

१९. **बुद्धिको घैँटामा घाम** (वि.सं. २०६३, कथासङ्ग्रह)

२०. **मलाई किताब मनपर्छ** (वि.सं. २०६३, कथासङ्ग्रह)

२१. **रमेश विकलका उत्कृष्ट बालकथाहरू** (वि.सं. २०६३)

२२. **हराएको चिठी** (वि.सं. २०६४, बालनाटकसङ्ग्रह)

२२. **हजुरआमाको कथा**

२४. **गौतमबुद्ध र पानीको संस्कार** (कथासङ्ग्रह)

**उपन्यास**

१. **सुनौली** (वि.सं. २०३१)

२. **विक्रम र नौलो ग्रह** (वि.सं. २०३९ ; किशोर उपन्यास)

३. **अविरल बग्दछ इन्द्रवती** (वि.सं. २०४०)

४. **सागर उर्लन्छ सगरमाथा छुन** (वि.सं. २०५२)

**नाटक**

१. **सातथुङ्गा** (बाल एकाङ्की सङ्ग्रह २०३७)

२. **सप्तरङ्ग** (बाल एकाङ्की सङ्ग्रह २०३९)

३. **मान्छे, वैभव र मृत्यु** (वि.सं. २०५६, एकाङ्की)

४. **सरदार भक्तिथापा** (वि.सं. २०३९ पूर्णाङ्की)

५. **मिल्किएको मणि** (वि.सं २०४२, पूर्णाङ्की)

**निबन्ध/यात्रा साहित्य**

१. **सात सूर्य एक फन्को** (वि.सं. २०३४)

२. **नीलगिरिको छाँयामा** (वि.सं. २०४०)

३. **मेरो अविरल जीवन गीत** (वि.सं. २०६०, पूर्वार्द्ध)

४. **मेरो अविरल जीवन गीत** (उत्तरार्द्ध, प्रकाशोन्मुख)

**अनुवाद**

१. **पिटर ब्वाँसो** (वि.सं. २०५८, सचित्र कथा)

२. **समुद्री हुँडार** (वि.सं. २०६३, उपन्यास)

३. **भस्मासुर** (उपन्यास)

४. **इन्द्रजाली रुख** (वि.सं. २०५५, बालउपन्यास)

५. **विश्वप्रसिद्ध बालकथाहरू** (वि.सं. २०५९)

६. **विश्वप्रसिद्ध बालकथाहरू** (वि.सं. २०६०)

७. **अनुदित कथाहरू** (उर्दू, हिन्दी र अङ्ग्रेजीबाट)

विकलका उक्त कृतिबाहेक उनका थुप्रै फुटकर कथा र अन्य लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् ।

## २.२ रमेश विकलको व्यक्तित्व

मानिसको शारीरिक बनोट, काम गर्ने बानी, भित्री स्वभाव र उसले समाजलाई दिएका योगदानका आधारमा उसको व्यक्तित्वको निर्माण भएको हुन्छ । व्यक्तित्वको अध्ययन गर्दा उसको आन्तरिक र बाह्य दुवै व्यक्तित्वको अध्ययन गर्नु जरुरी हुन्छ किनभने यी दुवै पक्षले एक साहित्यकारको व्यक्तित्व निर्माण गर्नमा निर्णायक भूमिका निर्वाह गरेको हुन्छ । बाह्य व्यक्तित्व व्यक्तिको शारीरिक पक्षसँग सम्बन्धित हुन्छ भने आन्तरिक व्यक्तित्व व्यक्तिमा पाइने आन्तरिक गुण-दोष तथा बानी व्यवहारसँग सम्बन्धित हुन्छ । विकलले सङ्घर्षशील भई साहित्यिक क्षेत्रमा गरेका विधागत योगदान र शारीरिक बनोटलाई निम्नलिखित रूपले चिनाउन सकिन्छ :

### २.२.१ आन्तरिक वा चारित्रिक व्यक्तित्व

रमेश विकल साथीभाइसँग कुरा गर्दा सधैं हँसिलो मिलनसार र मिठो स्वरमा कुरा गर्ने व्यक्ति हुन् । उनी हास्य तथा व्यङ्ग्यात्मक अभिव्यक्ति, बोलीमा सरलता, सहजता र स्वाभाविकता तथा रोचकता भएका व्यक्ति हुन् । विकल प्रायः एक्लो, हुँदा गम्भीर मुद्रामा रही सधैं नयाँ सिर्जनात्मक सोचाइमा डुब्ने भावुक व्यक्तित्व मानिन्छन् । प्रगतिशील स्वभावका विकल असाध्यै राष्ट्रवादी, स्वाभिमानी र गौरवमय भावना भएका व्यक्तित्व हुन् । नेपालका विगतदेखि वर्तमानसम्मका राजनेताहरूबाट देश विकास र राष्ट्रियतामा हुने गरेको विकृति र खराबीहरूप्रति सधैं आक्रोशित र चिन्तित देखिन्छन् । सङकालु प्रवृत्तिको हुनाले कहिलेकाँही उनलाई अरूबाट असहयोग पुगेको देखिन्छ । साथै निडर र हठी घमण्डी तथा आवारा (प्रायः सानो छँदा) र उरन्ठ्यौलो प्रवृत्ति पनि विद्यमान हुनाले कतिपय साथीभाइले उनलाई मन पराउँदैन थिए (वाग्ले, २०६० : ३५) । तर समग्रमा भन्नुपर्दा विकल चञ्चले स्वभावका व्यक्ति नभई भावुक स्वभावका व्यक्ति थिए ।

### २.२.२ **बाह्य शारीरिक व्यक्तित्व**

गहुँगोरो रङ, गोलो अनुहार, ठूलो निधार र मझौला कद भएका विकल घरमा बस्दा लुङ्गी, गन्जी, स्वीटर लगाई पछ्यौरा ओढेर बस्न रुचाउँथे । सानो टिपिक्क आँखा, तेल हालेर कोरेको तिलचामले कपालमा सधैं प्रसन्न, उज्याला, हँसिला, खुसिला सफा अनुहार देखिने उनी बाहिर जाँदा कोट, पाइन्ट, टाई लगाएर निस्कन्थे ।

### २.२.३ **साहित्यकार र व्यक्तित्व**

रमेश विकलले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । कथा उपन्यास, निबन्ध, नाटक तथा एकाङ्की, यात्रासंस्मरण, बालसाहित्य आदिमा उनको छुट्टै परिचय छ । त्यसैले उनलाई बहुमुखी व्यक्तित्वका रूपमा लिइन्छ तर पनि विकल मूलतः कथाकारकै रूपमा उच्च स्थानमा रहेका छन् (वाग्ले, २०६०:५०) । खासगरी विकलको प्रतिभा औपचारिक रूपमा २००६ सालमा **शारदा** पत्रिकामा प्रकाशित 'गरिब' कथाबाट सुरु भएको हो । विकलको सर्जक प्रतिभाले प्रस्फुटित रूप देखाए तापनि समालोचनाका क्षेत्रमा त्यति योगदान भने पुऱ्याएको देखिँदैन । केही अन्तरवार्ता र छिटफुट लेखकले विकलको समुच्च साहित्यिक व्यक्तित्वलाई मूल्याङ्कन गर्न सकिन्न । खासगरी उनको अस्तित्वनै नेपाली साहित्यको कथा, उपन्यास आदि प्रमुख विधामा छ ।

#### २.२.३.१ **कथाकार व्यक्तित्व**

कथाकार रमेश विकलले साहित्यका विभिन्न विधामा उच्च व्यक्तित्व हुन् । उनको आफ्नै साहित्यिक योगदानका क्रममा पनि कथाकार व्यक्तित्व प्रथम स्थानमा पर्दछ । नेपाली आख्यानको परम्परामा बीसौं शताब्दीको दोस्रो दशकपछि थुप्रै नयाँ प्रवृत्तिका कृतिहरू देखा परे र यसै सिलसिलामा रमेश विकलको 'गरिब' (२००६) कथा पनि प्रकाशित भयो । यो कथा **शारदा** पत्रिकाको वर्ष १२, अङ्क १५ चैत्र महिनामा छापिएको हो र यो नै विकलको प्रथम प्रकाशित कथा हो (वाग्ले, २०६० : ५०) । यसपछि हालसम्म उनका एघारवटा कथासङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । उपर्युक्त सबै कथासङ्ग्रहहरूमा उनका ६९ वटा कथाहरू सङ्कलित छन् । यसबाहेक उनका विभिन्न पत्रपत्रिकामा हालसम्म प्राप्त ७२ वटा भन्दा बढी फुटकर कथाहरू प्रकाशित भइसकेका छन् । “रमेश विकल एक प्रखर जनवादी

कथाकार भएका हुनाले उनका कथाको संरचना अन्तर्गत कथावस्तुमा गरिबी र यसबाट उत्पन्न हुने अनेक समस्याका कुपरिणामबारे गम्भीर चिन्तन गरिएको हुन्छ (बराल, २०६५ : १०)।" सामाजिक परिवेशको यथार्थ चित्रणका साथसाथै त्यस समाज पाइने पात्रका मानसिक चित्रणको यथार्थता झल्काउने प्रयासमा पनि कथाकार विकललाई उल्लेखनीय स्रष्टा मानिन्छ। साथै बाल कथाकारका रूपमा पनि परिचित भएका विकलका बालकथामा उनीहरूको मनोविज्ञान केलाउने काम भएको छ।

### २.२.३.२ उपन्यासकार व्यक्तित्व

रमेश विकलको स्रष्टा व्यक्तित्वमा सबभन्दा प्रखर कथाकार व्यक्तित्वपछि उपन्यासकार व्यक्तित्वका रूपमा चिनाउने चारवटा उपन्यासहरू प्रकाशित भइसकेका छन् र ती हुन् - **सुनौली** (२०३१), **विक्रम र नौलो ग्रह** (२०३९), **अविरल बग्दछ इन्द्रावती** (२०४०) र **सागर उर्लन्छ सगरमाथा छुन** (२०५२)। विशेषगरी विकलका विक्रम र नौलो ग्रह (किसोर उपन्यास) बाहेक अन्य तीन उपन्यासहरू नै बढी योग्य, चर्चित र प्रसिद्ध छन्। 'तीन उपन्यासहरूमध्ये **सुनौली** र **अविरल बग्दछ इन्द्रावती** मुख्य रूपमा ग्रामीण परिवेशमा केन्द्रित छन् भने **सागर उर्लन्छ सगरमाथा छुन** चाहिँ मुख्य रूपमा काठमाण्डौको सहरिया परिवेशमा केन्द्रित रहेको छ। यी तीन उपन्यासहरका प्रवृत्तिहरूपनि बेग्ला बेग्लै छन्।

२०३१ सालमा आएर उपन्यास क्षेत्रमा देखिएका विकलको पहिलो उपन्यास **सुनौली** हो। यो उपन्यासको मूल स्रोत इन्द्रावती नदी वरपरिको माझी गाउँ हो। शहर पसेकी गाउँकी मझिनी केटी सुनौलीको माध्यमबाट सहर र त्यहाँको आधुनिक सम्भयता; जीवनलाई नङ्ग्याने प्रयत्न गरिएको छ (बराल २०६५:११)। विकलको दोस्रो उपन्यास वि.सं. २०४० मा **अविरल बग्दछ इन्द्रवती** देखा पर्‍यो पहिले जस्तै यो उपन्यासपनि इन्द्रावतीकै सेरोफेरोमा केन्द्रित छ तर यसमा सहरबाट गाउँमा पसेर राणाहरूको देखासिकी, हैकम जमाउने सामन्तहरूको बदमासी र गाउँको करुण तथा निरीह स्थिति उदाङ्ग्याइएको छ (बराल २०६५:११) "त्यहाँ मानव-प्रकृति र सामाजिक प्रक्रियाको द्वन्द्वात्मक रूप घटकीय जीवनको अध्ययन-चित्रणमा प्रतिबिम्बित भएर एउटा समग्र यथार्थमा परिणत भइदिएको छ। एउटा तन्त्रबाट देश मुक्त भएपनि त्यसै तन्त्रका जुन सामन्ती अवशेषहरू हुन्; हैकम भयो, ठूलाठालुहरूको तुजुक नै भनूँ र उनीहरूले गर्ने अपराध लुकाएर गर्न उत्साहित गर्ने सरकारी

यन्त्रहरूको सहयोग- सहभागिताभित्र निरीह जीवन जिउन विवश गाउँ, गाउँलेहरूको नियति कति करुण र वीभत्स छ भन्ने कुरा देखाइएको छ। 'वास्तवमा यस उपन्यासले आलोचनात्मक यथार्थवादको सीमालाई नाघेर प्रगतिवादको कित्तामा पाइलो टेकेको छ (वाग्ले, २०६० : ५४)।' त्यसैगरी वि.सं. २०५२ मा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यास देखा पऱ्यो। यस उपन्यासले पूर्वीय र पाश्चात्य संस्कृतिको मौलिकता प्रस्तुत गरेको छ। वर्तमान सामाजिक राजनैतिक जीवनको वातावरण प्रस्तुत गर्न यो उपन्यास सफल भएको छ। साथै देशका विकृति विसङ्गति प्रति तिखो व्यङ्ग्यवाण प्रहार गर्न आलोचनात्मक यथार्थवाद सक्षम भएको छ।

### २.२.३.३ **निबन्धकार व्यक्तित्व**

रमेश विकलले निबन्धकार तथा यात्रावृतान्तकारका रूपमा पनि आफूलाई नेपाली साहित्यको निबन्ध विधाका क्षेत्रमा स्थान राख्न सफल भएका छन्। सुरुमा विकलका निबन्धहरू बालकृष्ण पोखरेलद्वारा सम्पादित फूलपात पत्रिकाका विभिन्न अङ्कहरू 'क' देखि 'च' सम्मका शीर्षकमा प्रकाशित भएका छन्। साथै 'उनले २०१६ सालदेखि नै सलाइ, चाकू, कलम, यिनको जातै यस्तो जस्ता शीर्षकहरू राखेर निबन्ध लेखेको पाइन्छ (वाग्ले, २०६० : ५६)।' उनका **सात सूर्य एक फन्को** (२०३४), **नीलगिरिको छाँयामा** (२०४०) जस्ता कृतिहरूले उनलाई निबन्धकार यात्रा वृतान्तकारका रूपमा उभ्याउका छन्। संस्मरणात्मक शैलीमा लेखिएको यात्रा संस्मरणले नेपाली निबन्ध विधालाई थप उचाइमा पुऱ्याएका छन्।

### २.२.३.४ **नाटक तथा एकाङ्कीकार व्यक्तित्व**

'२०१३ सालतिर हरिशरणम् शीर्षकको रेडियो नाटकका माध्यमबाट रमेश विकलको नाट्ययात्रा सुरु भएको हो (वाग्ले, २०६० : ५७)।' यसै क्रममा ऐतिहासिक कथावस्तुमा विकलका **सरदार भक्ति थापा** (२०४०) ऐतिहासिक पूर्णाङ्की नाटक प्रकाशित भएको छ। कथा प्रमुख विधा भए पनि विविध क्षेत्रमा हात हालेका विकलले आफूलाई एकाङ्कीकारका रूपमा पनि चिनाएका छन्। उनका **सात थुङ्गा** (२०३६), बाल एकाङ्की सङ्ग्रह तथा **सप्तरङ्ग** (२०३९), **मान्छे, वैभव र मृत्यु** (२०५६) जस्ता एकाङ्की सङ्ग्रह प्रकाशित भएका छन्। उनका एकाङ्की-पूर्णाङ्की नाटकहरूले नेपाली साहित्य क्षेत्रमा उल्लेखनीय योगदान दिएका छन्।

### २.२.३.५ बालसाहित्यकार व्यक्तित्व

केटाकेटीदेखि नै साहित्य पढ्ने बानी नभएसम्म साहित्यका पाठकहरूको वृद्धि नहुने हुनाले त्यसको अभिवृद्धिका लागि बालसाहित्यलाई विशेष जोड दिनुपर्ने अथवा बालसाहित्यका क्षेत्रमा सशक्त रूपमा कलम चलाउनुपर्ने मान्यता विकलको रहेको देखिन्छ (वाग्ले, २०६०:५८) । यसै उद्देश्यलाई पूरा गर्न बालसाहित्यका क्षेत्रमा उत्तिकै रूपमा सशक्त ढङ्गबाट कलम चलाएका विकल एक कुशल बालसाहित्यकारका रूपमा नेपाली साहित्यका फाँटमा सुपरिचित छन् । उनका **तेह्र रमाइला कथाहरू** (२०२१); **अगेनाको डिलमा** (२०२३), **हिउदे छुट्टीमा** (२०४९), **कथा कुञ्ज** (२०२६), **दिलमाया** (२०४५) जस्ता कथासङ्ग्रहहरू प्रकाशित भएका छन् भने **बाह्र महिनाका गीतहरू** (२०४३) **बालगीतसङ्ग्रह, सात थुंगा** (२०३६) बालएकाङ्कीसङ्ग्रह जस्ता कृतिहरू समेत प्रकाशित भएका छन् । यसरी बालसाहित्यहरूको अध्ययन गर्दा सङ्ख्यात्मक रूपले मात्र नभएर गुणात्मक रूपले पनि उनी एक कुशल बालसाहित्यकारका रूपमा स्थापित भएका छन् । उनका बालसाहित्यका सबै कृतिहरू बालबालिकाहरूलाई शिक्षा र मनोरञ्जन प्रदान गर्ने खालका छन् । काल्पनिकता मात्र नभएर सामाजिक यथार्थमूलक प्रवृत्ति पनि उक्त बालसाहित्यमा कुनै न कुनै रूपमा मुखरित भएको पाइन्छ ।

### २.२.३.६ सम्पादकीय व्यक्तित्व

रमेश विकलको साहित्यिक योगदानको चर्चा गर्ने क्रममा उनको सम्पादकीय व्यक्तित्वलाई महत्त्वपूर्ण रूपमा लिन सकिन्छ । साहित्य र सम्पादन एक अर्काका पूरक हुन् । साहित्यकार रमेश विकलले पनि साहित्यका साथै सम्पादनका क्षेत्रमा पनि उत्तिकै योगदान पुऱ्याएका छन् । २०१८ सालमा सरकारी सेवामा प्रवेश गरेदेखि नै निरन्तर रूपमा अगाडि बढेका विकलका सम्पादकीय व्यक्तित्व अन्तर्गत थुप्रै पत्रपत्रिका, जर्नल आदि सम्पादन भइसकेको पाइन्छ । यसक्रममा उनले २०१८ देखि २०२२ सम्म रचना पत्रिकाको सम्पादन, २०१८ सालमा विकासोन्मुख नेपालको सम्पादनका अतिरिक्त उत्साह र समकालीन साहित्यको सम्पादन (२०५२) पनि कुशलतापूर्वक गरिसकेका छन् । साथै **कोपिला, बालक, नवीन शिक्षा** आदि बालसाहित्यका पत्रपत्रिकाको पनि उनले सम्पादन गर्ने सुअवसर पाएका हुन (वाग्ले, २०६०:६०) । यसरी हेर्दा रमेश विकलको सम्पादकीय व्यक्तित्व अत्यन्त कुशल रहेको देखिन्छ ।

### २.२.३.७ **कवि व्यक्तित्व**

रमेश विकलको कवि व्यक्तित्व अन्य साहित्यिक व्यक्तित्वका तुलनामा गौण रहेको देखिन्छ। 'विकलको साहित्य-यात्राको पूर्व सन्ध्यामा देखिएको श्यामप्रसाद शर्माद्वारा सञ्चालित भित्तेपत्रिका "**सन्देश**" (२००५) मा पहिलो कविता प्रकाशित भएको हो। उक्त कविताको अंश यसप्रकार छ :-

> कुखुराहरूले अब शङ्ख फुके
> रजनिचर वृन्द समस्त उठे
> नवजागृतिको छ बखत् सबको
> उठ जाग युव सुप्रभाव भयो। (बराल २०६५ : १०)

यो कविताको प्रकाशन पश्चात लामो समयको अन्तराल पछि वि.सं. २०४८ सलमा "विद्रोह गीत" नामक कविता प्रकाशित गरेको पाइन्छ। यसबाहेक उनका अन्य कविता रचना पाउन सकिँदैन।

## २.३ रमेश विकलका साहित्यिक प्रवृत्तिहरू

कथा विधाबाट ख्याति आर्जन गरेका विकलले तीनवटा उपन्यास प्रकाशित गरी अलग अलग प्रवृत्तिको चिनारी दिएका छन्। साथै एघारवटा कथासङ्ग्रह प्रकाशित गरी कथा विधामा झन् प्रसिद्धि कमाएका छन्। विकलले नेपाली साहित्यमा कथा विधाबाट यात्रा सुरु गर्दा सामाजिक विषमतामाथि प्रहार भएका कथाहरू राणाको अन्याय अत्याचार शोषण र दमनका कथाहरू भोका, नाङ्गा र निमुखा जनताका पीडाहरू कथाको विषयवस्तुका रूपमा आइसकेका थिए। दमन र क्रान्तिको असामान्य परिवेशमा विकलको कथाकारिता जन्मिरहेको हुँदा नेपाली समाजका यिनै परिवेश र वातावरणले उनको कथाकारितलाई सम्पूर्ण साहित्यिक सिर्जनशीलताको पृष्ठभूमि वा आधारशिलाका रूपमा लिएको पाइन्छ। यही कथाकारिताको बीजबाट अङ्कुर हुँदै उपन्यास क्षेत्रमा समेत विकलको बौद्धिकता वा साहित्यिक धर्मिता अघि बढेको पाइन्छ।

### २.३.१ **प्रगतिवादी प्रवृत्ति**

विकल समाजसेवी एवम् यथार्थवादी भएकाले उनका उपन्यासको मुख्य आधार मार्क्सवादी सिद्धान्त हो र उनले प्रगतिशील ढाँचाका उपन्यास लेखेका छन् । राजनीतिक क्षेत्रमा पनि र कलाका क्षेत्रमा पनि प्रगतिशील विचारधारामा प्रतिबद्ध उपन्यासकार विकल आफ्ना उपन्यासमा मार्क्सवादी सिद्धान्तलाई कलात्मक रूपमा प्रस्तुत गर्छन् । राजनीतिक विषयलाई पनि नाटकीकरण गरी कलात्मक रूप दिने विशेषता यिनमा पाइन्छ । साथै विकलका उपन्यासमा सङ्क्रमणकालीन नेपाली समाजको चित्रण गर्दै अशिक्षित असचेत, सोझा, गरिब वर्गलाई षड्यन्त्रमा फसाई तिनमाथि शोषण गरिरहने शोषकवर्गको स्वार्थी विचार ढलपलवस्थामा पुगेको कुरालाई आलोचनात्मक विश्लेषण गरेका छन् । तानाशाही राजनैतिक अमानवीय प्रवृत्ति, जातीय, छुवाछुत, आर्थिक शोषण आदिमाथि आलोचना गर्नु विकलको आलोचनात्मक स्वर मानिन्छ । उनको **अविरल बग्दछ इन्द्रावती**मा प्रगतिशील चिन्तन प्रखर रूपमा प्रकट भएको छ । समाजमा देखिने अन्याय, अत्याचार, शोषण वर्गभेद, भ्रष्टाचार आदिको विरोध गर्दै गतिशील समतामूलक समुन्नत समाजको अपेक्षा गर्नु जस्ता प्रगतिशील चिन्तन उनका प्रायः सबै कथामा प्रकट भएका छन् ।

त्यसैगरी विकलको **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा देशको राजनीतिक व्यवस्था, सामन्तवादी समाजव्यवस्था, अमानवीय प्रवृत्ति, कालोबजारी र तस्करी, संस्कृतीकरण जस्ता समाजका विकृति र विसङ्गतिमाथि सोझो प्रहार गरिएको छ । त्यसैगरी विकलका धेरै जसो घटनाहरू सामाजिक विषयवस्तुप्रति लक्षित छन् । समाजमा प्रचलित रीतिरिवाज परम्परा, संस्कार, प्रेम, घृणा, शोषण, भ्रष्टाचार आदि विविध विषयलाई जस्ताको तस्तै टिपेर विषयवस्तुको रूपमा प्रयोग गर्न विकल सफल देखिन्छन् । नेपाली जन जीवनका आर्थिक र सामाजिक स्थितिलाई केलाउँदै विसङ्गति र विरोधाभासलाई टड्कारो रूप दिनु प्रमुख दायित्व हो भन्ने कुरामा उपन्यासकार विकल विश्वास राख्दछन् ।

### २.३.२ **कुप्रथा, रुढि र अन्धविश्वासप्रति असहमति**

विकलले नेपाली समाजमा अझैसम्म प्रचलित कुप्रथा, अन्धविश्वास आदि कुराहरूको चित्रण गरी त्यसप्रति आफ्नो असहमति जनाएका छन् । समाज आ-आफ्ना नीति-नियम परम्परा, संस्कार आदिद्वारा सञ्चालित हुन्छ र सोही समाजलाई कार्यपीठिका बनाउने

कथाकारका कथामा ती कुराहरू आउनु स्वाभाविक हुन्छ । उनका 'सिंगारी बाखी', 'मेटिदै गएका पाइलाहरू', 'विरानो व्यथागीत', 'नाङ्गो रुख' र 'बाँच्नु अनि बाँच्नु' जस्ता कथामा सामाजिक रुढि टड्कारो चित्रण गरिएको छ र त्यस्ता कुराहरूलाई हटाउँदै जानुपर्छ भन्ने कुरा पनि उक्त कथाका माध्यमबाट व्यक्त गरिएको छ । उनको 'बाँच्नु अनि बाँच्नु' कथामा अन्धविश्वासलाई यसरी देखाइएको छ - "बाहुनकी छोरी, ठूलो हुन्जेल, बाबु आमाका घरमा बसे बाबुआमाको नाकमा दाग लाग्छ (भट्टराई, २०३५ : ६१) ।" यस्ता थुप्रै उदाहरणहरू उनका कथामा देख्न सकिन्छ ।

### २.३.३ खोक्रो सामाजिक आडम्बरको विरोध

विकलका कथामा समाजका प्रतिष्ठित व्यक्तिका खोक्रा सामाजिक आडम्बरलाई देखाइएको छ । सर्वसाधारण जनतामा भ्रम फैलाएर आफ्नो प्रतिष्ठा कायम राख्ने तर भित्रभित्रै आफैंले अमानवीय घृणित कार्य गर्ने आडम्बरी व्यक्तिको जीवनलाई कथामा उतारिएको छ । 'पृथ्वी अझै घुम्दै थियो', 'पशुपतिको छायाँ दर्शन', 'मेटिदै गएका पाइलाहरू', 'टिकटको व्यापारी', 'चर्केको घर', 'वयं रक्षाम', 'धुवाँको क्यानभास', 'कोरिएका रेखाचित्रहरू', आदि कथामा समाजमा प्रचलित धर्म, प्रतिष्ठा, इज्जत, मानमर्यादा, जातीय छुवाछुत रूपी पुरानो संस्कार, अन्धविश्वासी रूढिका रेखा आदि विषयमा बाह्य आडम्बर प्रस्तुत गरी सर्वसाधारण व्यक्तिलाई शोषण गर्ने कार्य भएको छ । समाजको खोक्रो आडम्बर प्रवृत्तिलाई विकलले आफ्ना कथामा उचित स्थान दिँदै त्यस्ता विकृतिहरूको भण्डाफोर गरेका छन् ।

### २.३.४ दीनहीन पात्रप्रति सहानुभूति

उपन्यासकार रमेश विकलले आफ्ना कथामा वर्गगत भिन्नता, आर्थिक बिपन्नता, शोषण, उत्पीडनजस्ता विषयलाई ल्याई शोषित पीडित वर्गका पात्रहरूप्रति सहानुभूति व्यक्त गरेका छन् । सम्पन्न वर्गका व्यक्तिहरूले अनेक षड्यन्त्र गरी निम्नवर्गका मान्छेको जीवनलाई कति कारुणिक बनाइदिन्छ भन्ने देखाइएको छ । उनका 'बमको छिर्का', 'फूटपाथ मिष्टिर्स', 'तर कोपिला फक्रेन', 'नयाँ सडकको गीत', 'वीरेकी आमा', 'चिनिया माटोको कपभित्र छचल्किएको जून', 'यी रगतमा बाँच्नेहरू' कथामा पात्रहरूका कारुणिक अवस्थाको

चित्रण गरिएको छ। साथै **अविरल बग्दछ इन्द्रावती**मा काजी खान्दानको दाउपेचमा परेका सोझा माझीहरूको कारुणिक जीवन भोगाइबाट स्पष्ट हुन्छ। त्यसैगरी **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा चम्पक राणाले प्रहरी प्रशासन आफ्नो पकडमा लिएर धेरै हदसम्म निमुखा जनलाई दुःख दिएको देखाउनु र सहानुभूतिको अवस्था सिर्जना पार्नु विकलको उत्कृष्ट शिल्प हो।

### २.३.५ ग्राम्य तथा सहरी दुवै परिवेशको चित्रण

कथाकार विकलले आफ्ना कथामा ग्रामीण तथा सहरिया दुवै परिवेशको सफल चित्रण गरेका छन्। उनले स्वदेशी तथा विदेशी दुवै समाजको यथार्थ चित्रण गरी कामको खोजीमा बाहिर जानुपर्ने परिस्थिति नेपाली समाजमा विद्यमान रहेको कुरा बताएका छन्। "कथाको परिवेश नेपाली ग्रामीण समाज हो। लुखुरेलाई कथाकारले नेपाली ग्रामीण समाजको शोषित पात्रका रूपमा उभ्याइएका छन्। 'नयाँ सडकको गीत' कथामा उनले नेपाली समाजको सहरी वातावरणमा मागेर मात्रै जीवनको निर्वाह गर्न विवश परिस्थितिको यथार्थ चित्रण गरेका छन्। अर्कातिर विकलको **अविरल बग्दछ इन्द्रवती**मा इन्द्रावती वरपरको ग्रामीण परिवेशको चित्रण छ। यहाँका सम्पूर्ण पात्रदेखि लिएर घटना समेत ग्रामीण परिवेशमा नै घट्ने किसिमका छन्। त्यस्तै अर्को उपन्यास **सागर उर्लन्छ सगरमाथा छुन** मा सहरिया परिवेशको चर्चा गरिएको छ। यसमा अन्तर्राष्ट्रिय क्षेत्र र त्यसले लिएका परिवेशदेखि राष्ट्रिय क्षेत्रसम्मका सहरी परिवेशसँग सम्बन्धित कुराहरूको चित्रण गरिएको छ।

### २.३.६ राजनैतिक चेतनाको पृष्ठभूमिमा सामाजिक समस्याको प्रस्तुति

प्रगतिशील विचारधाराको अनुयायी विकलको लेखनमा राजनैतिक चेतना अत्यन्त प्रबल छ। त्यो राजनैतिक चेतनाको आग्रह होइनकी कलात्मक रूप उनका उपन्यासमा पाइन्छ। 'बमको छिर्का' जस्तो कथामा राजनैतिक चेतना बढी छ तापनि त्यसमा विश्व राजनीति चेतनालाई अत्यन्त कलात्मक र नाटकीय रूपमा प्रस्तुत गरिएको छ। यसमा विश्व राजनैतिक चेनताकै पृष्ठभूमिमा नेपाली समाजको गरीबीको समस्यालाई मार्मिक तथा व्यङ्ग्यपूर्ण बनाई प्रस्तुत गरिएको छ। त्यसैगरी **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा राजनैतिक पृष्ठभूमि छ। यसले राजनैतिक परिवेशको मूल्याङ्कन गर्दछ। नेपालको वि.सं.

२०१७ सालदेखि २०४६ पूर्व सम्मका राजनैतिक क्रियाकलाप एवम् २०४६ को जनआन्दोलनको परिवेश यहाँ चित्रित छ । यसरी सामाजिक समस्यालाई राजनैतिक चेतनाको पृष्ठभूमिमा प्रस्तुत गर्न विकल निपुण देखिन्छन् ।

### २.३.६ सामाजिक गतिशीलतामा जोड

समाज गतिशील हुनुपर्दछ भन्ने धारणा विकलमा रहेकाले परम्परागत अन्धसंस्कृतिको पुरानो विचारधारा आदिको अन्त्य गरेर समाजमा नयाँ आस्था र विश्वास प्राप्त गर्न आर्थिक विषमतारहित वर्गविहीन आर्दश समाज सिर्जनाका लागि गतिशील हुनुपर्छ भन्ने प्रगतिशील विचारमा विकल जोड दिन्छन् । उनको **अविरल बग्दछ इन्द्रावती** उपन्यासमा यी सम्पूर्ण विचारको प्रतिनिधित्व गर्ने पात्र "सोबिते" देखा पर्दछ भने **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा 'हाइनरिख' र 'कृष्णराजा' यी भूमिकामा देखा पर्ने गतिशील पात्र हुन् ।

### २.३.८ निम्न सामाजिक स्तर भएका पात्रको चयन

विकलका कथामा रहने पात्रहरू अत्यन्त निम्नस्तरका मगन्ते हुन्छन् किनकि उनको सामाजिक चित्रणमा प्रगतिशील विचारधारा अवलम्बित पाइन्छ । 'फुटपाथ मिनिष्टर्स', 'स्वा ना वाज्या' जस्ता सामाजिक प्रतिष्ठा नभएका माग्ने, साधारण किसान वा कुल्ली ज्यादै तल्लो दर्जाका जागिरे कसैबाट सहायता नपाउने असहाय नारीहरू वा समाजले छिः छिः दुरदुर गर्ने वेश्याहरू जस्ता पात्रहरूको चयन उनका कथामा भएको छ । यसैले उपन्यासलाई **अविरल बग्दछ इन्द्रवती**का सोबिते, लालगेडी र **सागर उर्लन्छ सगरमाथा छुन**मा लक्ष्मी थकाल्नी, चेतना, एयरपोर्टका दरिद्र केटाहरू जस्ता पात्रहरू समाजमा निम्न स्तरका मानिन्छन् । यिनका पात्रहरू सबै दुःखित; पीडित र सामाजिक समस्याबाट आक्रान्त भएका निम्नस्तरीय छन् । यस्ता निम्नस्तरीय पात्रका माध्यमबाट समाजमा विद्यमान विषमता, असन्तुलन, विसङ्गति र समाजका अत्यन्त र कारुणिक जीवनको चित्रण गरेका छन् ।

### २.३.९ उच्चवर्गका मानिसहरूको पाशविक वृत्तिको पर्दाफास

विकल आफ्ना उपन्यासमा धर्म र नैतिकताको पर्दाभित्र बसेर अनेक कुकृत्यहरू गरिरहेका धनी र उच्च वर्गका मानिसहरूको पाखण्डीपूर्ण पाशविक वृत्तिको पर्दाफास गर्न

त्यस्ता उच्च वर्गका आडम्बरपूर्ण जीवनलाई पनि विषय बनाएर प्रस्तुत गर्छन् । **सुनौली**मा गाउँबाट सहर पसेकी सुनौलीलाई यौनतृप्तिको साधन मात्र ठानेर प्रयोग गर्ने र बरबाद गर्ने पुरुषहरूको कुत्सित व्यवहार, त्यसैगरी **अविरल बग्दछ इन्द्रावती**मा काजी खान्दानको कुकृत्य र निम्नस्तरीय सोझा जनताप्रतिको पाशविक स्थितिको पर्दाफास गरिएको छ। त्यसैगरी **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा चम्पक र रेमण्डको नारीप्रतिको हेय दृष्टिकोण साथै राति राति होटल गएर स्त्रीहरूलाई खेलौनाका रूपमा पैसामा किन्ने प्रवृत्ति देखाइएको छ ।

### २.३.१० **नारीपात्रको मनोविश्लेषणमा जोड**

कथाकार रमेश विकल मानव मनको अतल गहिराइसम्म पुगेर विश्लेषण गर्न निपुण छन् । अझ त्यसमा पनि नारी पात्रको मनोविश्लेषण गरी समाजमा नारीहरूको स्थान के कस्तो रहेको छ ? भनी वास्तविक चित्रण गर्दछन् । समाजमा नारीप्रति गरिने व्यवहार, थिचोमिचो, अत्याचार, शोषण, विवशता जस्ता कुराहरू उनका कथामा आएका छन् । 'कमल', 'बिहानीपखको बत्ती', 'उसले नजन्माएको छोरो', 'उर्मिला भाउजु', 'मोड टुक्रिएका स्थितिहरू','सुनगाभा', 'रानी र दरबार' कथामा नारी मनको विश्लेषण गरिएको छ ।

### २.३.११ **बालमनोविज्ञानको प्रयोग**

रमेश विकलका कथामा बालबालिका र तिनीहरूसँग अन्तर्निहित घटनाहरू प्रमुखरूपमा आएका हुन्छन् । उनका कतिपय त्यस्ता कथाहरू छन्, जुन बालबालिकाका मानसिक संवेग, पीडा, प्रतिभासँग सम्बन्धित रहेर लेखिएका छन् । 'मधुमालतीको कथा', 'तर कोपिला फक्रेन', 'कमल', 'बिहानीपखको बत्ती', 'उसले नजन्माएको छोरो', जस्ता कथाबाट बालबालिकाका भावना के कस्ता हुँदा रहेछन् भन्ने थाहा पाइन्छ। त्यसकारण उनका ती कथाहरू बालमनोविज्ञानको दृष्टिले उत्तम कथा मानिन्छन् । 'मधुमालतीको कथा', 'तर कोपिला फक्रेन' र 'मेरी सानी भतिजी' कथामा धनी र गरिबबीचको विभेदले पारेको बालभावनामाथिको असरलाई सरल तथा मार्मिक रूपबाट संयोजन गरिएको छ ।

### २.३.१२ मनोविज्ञानको सशक्त प्रयोग

कथाकार रमेश विकलले समाजका विभिन्न वर्गका व्यक्तिहरूलाई उपस्थित गराएर ती पात्रहरूको मनोविश्लेषण गर्ने गरेका छन् । उनका कथामा प्रयुक्त पात्रहरूका मानसिक संवेग, सहानुभूति, उत्तेजना तनाव, गरिबीको पीडा जस्ता पक्षको चित्रण गरी त्यसको मानसिक उपचार गरिएको हुन्छ । 'एउटा बाबुको कथा जो विश्वास गर्न सकिन्न', 'एउटा बुढो बकैनाको रुख', 'बिरामी', 'ज्यानमारा', 'उसले नजन्माएको छोरो' जस्ता कथामा मनोविज्ञानको सफल प्रयोग गरएको छ । आर्थिक विपन्नताको कारण मानसिक असर पर्न गई ऊ मानवीय कार्य गर्न तत्पर हुने परिस्थितिको सिर्जना उनका मनोवैज्ञानिक कथामा भएको छ ।

### २.३.१३ मिथकीय प्रयोग

रमेश विकलले प्राचीन मिथकहरूको प्रयोग गरी कथा लेखेका छन् । 'मधुमालतीको कथा' मिथकीय शैलीमा लेखिएको कथा हो । राजकुमार मधुकर र राजकुमारी 'मालती' का प्रेम प्रसङ्लाई लिएर गौरी र शङ्करका बालमनोविज्ञानको स्पष्ट चित्रण गरिएको छ । बालबालिकाका मनोभावनामा ठूलो सानोको भेद रहँदैन र उनीहरू एक अर्कासँग प्रेम भाव राख्दछन् भन्ने मनोविज्ञानको विश्लेषण यहाँ गरिएको छ । त्यसै गरी 'सागर, मत्स्यकन्याका रूपमा हेरिएको प्रसङ्ग छ । विकलको 'एउटा बूढो भ्वाइलेनः आशावरीको धूनमा र 'एउटा बूढो बकैनाको रुख' आदि कथामा पनि मिथकिय बिम्बहरूको प्रयोग गरिएको छ । यसरी मिथकिय शैलीको प्रयोग गरेर त्यसैका माध्यमले कथालाई नयाँ रूप दिई लेख्न विकल सिपालु देखिन्छन् ।

### २.३.१४ प्राच्य एवम् समसामयिक विषयको प्रयोग गरिनु

रमेश विकलले अति प्राचीन कुरालाई पनि पैसठ्ठी वर्ष अघिको खबर हो भन्दै आफ्ना कथामा उल्लेख गरेका छन् भने लेखनका हिसाबले समसामयिक परिस्थितिलाई समेत कथामा उतारेका छन् । समसामयिक राजनैतिक व्यवस्था, सामाजिक व्यवस्था तथा बीसौं शताब्दीका विसङ्गत पक्षहरूलाई कथामा देखाएका छन् । 'एउटा बूढो वकैनाको रुख', 'चर्केको घर', 'नाङ्गो रुख', 'नपुंसक युग', 'बाँझी धर्ती', 'शव, सालिक र सहस्र बुद्ध', 'यी रगतमा

बाँच्नेहरू' आदि कथाहरू समसामयिक विषयलाई लिएर लेखिएका हुन् । विकलकै 'सागर', 'मत्स्यकन्या' र 'अखबारका कोलमहरू' कथाले वर्तमान युगीन समाजको गरिबी, मूल्यहीनता, सांस्कृतिक शून्यता, आधुनिकताको नाममा देखा परेको विकृति, जनजीवनप्रति नकारात्मक चिन्तन तथा वितृष्णा मानवीय मूल्यहीनता आदिको आलोचनात्मक विश्लेषण गरेको छ । प्राचीनका तुलनामा नवीन समसामयिक विषयवस्तुलाई लिएर धेरै कथाहरू लेखेका छन् ।

### २.३.१५ सामाजिक यथार्थवादी चित्रकार

रमेश विकलले सामाजिक यथार्थलाई चित्रकारले चित्र खिचेकैं जस्ताको तस्तै चित्रण गरेका छन् । उनको समाज चित्रण प्रगतिवादतर्फ लक्षित भएको हुनाले उनका पात्रहरू निम्न तथा मध्यमवर्गका मगन्ते, किसान, नोकर, असहाय नरनारी, वेश्या, बेगारी आदि छन् । नेपाली समाज नै पूर्ण परम्परागत ढाँचामा भएकाले सङ्कीर्ण, रुढिवादी संस्कार लिएका पात्रहरूले उनका सुरुका कथा उपन्यासमा स्थान पाएका छन् भने पछिपछिका कथामा परम्परागत मूल्यबाट मुक्त हुने प्रयासमा लागेका नेपाली समाजको परिवर्तित स्वरूप चित्रित छ । सामाजिक यथार्थमूलक कथालेखनलाई केन्द्र बनाएका उनका कथाहरू 'एउटा बूढो बकैनाको रुख' , 'फुटपाथ मिनिष्टर्स', 'विरानोको व्यथा गीत', 'लाहुरी भैंसी', 'नयाँसडकको गीत', 'टिकटको व्यापारी', 'शव, सालिक र सहस्र बुद्ध', 'चर्केको घर', 'वयं रक्षाम', 'विरामी', 'ज्यानमारा' आदि हुन् भने **अविरल बग्दछ इन्द्रावती** उपन्यासमा समेत सामाजिक यथार्थवादको चित्र झल्कन्छ ।

### २.३.१६ वैचारिक पक्षको अभिव्यक्ति

रमेश विकलक मूलतः विचारप्रधान साहित्य सिर्जना गर्ने साहित्यकार हुन् । उनका कथा उपन्यासमा सबैभन्दा बढी महत्त्व विचारलाई नै दिइएको हुन्छ । उनका प्रत्येक कथा लगायत उपन्यासमा एक वा एकभन्दा बढी विचार प्रकट गरिएको हुन्छ । अन्य पक्षभन्दा विचारको सार्थकता, ओजस्वी अभिव्यञ्जना र सटीक प्रस्तुति भएका उनका कथाहरू 'फूटपाथ मिनिर्ष्टस, 'लाहुरी भैंसी', 'विरानो देशमा' 'बमको छिर्का', 'आज फेरि अर्को तन्ना फेरिन्छ', 'तर कोपिला फक्रेन', 'वीरेकी आमा', 'दुई रुपियाँको नोट', 'चर्केको घर', शव सालिक' र सहस्र बुद्ध' आदि हुन् । उपन्यासतर्फ **सुनौली**, **अविरल बग्दछ इन्द्रावती** र **सागर**

**उर्लन्छ सगरमाथा छुन** रहेका छन् । यी कथा उपन्यासहरूका सामाजिक यथार्थमा आधारित रहेर कथामा विचारको प्राधान्यता प्रस्तुत गर्नु विकलको देन हो । उनका कथा, उपन्यासमा नेपाली समाजको यथार्थसित परिचित गराउने, आलोचना गर्ने, विकृति औंल्याउने रुढताप्रति व्यङ्ग्य गर्ने र युगीन चेतना दिनेजस्ता सार्थक सन्देश दिइरहेको पाइन्छ ।

विकलका कथामा प्रमुख रूपमा अभिव्यञ्जित हुने वैचारिक स्वरहरूमा सामाजिक यथार्थवाद, समाजवादी यथार्थ, आलोचनात्मक यथार्थवाद, मनोवैज्ञानिकता, विसङ्गतिवाद र अस्तित्ववाद जस्ता वादहरू मुख्य रूपमा आएका छन् ।

### २.३.१७ सुन्दर एवम् कलात्मक भाषा शैलीको प्रयोग

उपन्यासकार रमेश विकलले शब्द चयनमा विशेष ध्यान दिएको देखिन्छ । छोटा छोटा वाक्यहरूको प्रयोग, सरल अभिव्यक्ति, सरल भाषाशैलीको प्रयोगले उनका उपन्यास ज्यादै उत्कृष्ट बनेका हुन् । शिल्पचेतनामा उचित ध्यान पुऱ्याइएन भने कथा ज्यादै खल्लो बन्न जान्छ । विषय, घटना र पात्र राम्रा भएर मात्र हुँदैन; यदि प्रस्तुतीकरण सुन्दर हुन सकेन भने उपन्यासले साथै कथाले पाठकलाई आस्वादनमा माधुर्य र नवीनता दिन सक्दैन । उनका कथामा सूक्तिहरू प्रचलित उखान टुक्काहरू, चुट्किलाहरूको प्रयोग भएकाले आख्यान आस्वाध बनेको छ । सरल एवम् शिष्ट मर्यादित भाषामा उपन्यास र कथा लेखिएको छ । त्यस्तै पात्र र उनीहरूको भौगोलिक स्थानलाई समेत आधार बनाएर स्वाभाविक संवादहरू गराइएको छ । "भाषामा गाउँ बसालिएको छ । पात्रहरूले बोल्ने होस वा लेखकले भन्ने, गाउँ गाउँ अनुकूल रहेर त्यहीँको परिस्थिति, प्रचलन, व्यवहार, सभ्यतालाई झल्काउने जीवन र स्थानीयताको फेरो लगाउँछ । त्यसैले स्थानीय रंग गाढा भई त्यहाँको प्रतिच्छवि बडो स्वाभाविकताका साथ व्यक्तिएको छ" (प्रधान, २०६१ : १२३) । यस किसिमको स्वाभाविक अभिव्यक्ति विकलमा पाइन्छ ।

"उसले आकाशतिर हेऱ्यो - घाम अब झण्डै एक बाँस माथि चढिरहेको थियो ।" (विकल, २०४०)

"ए ; अस्पतालमा त एउटा अम्रिगन दाङ्दर आएको छ रे नि । ...... अब त अस्पतालको हालत राम्रो होला कि ? अम्रिगन दाङ्दार सिपालु पनि त होला ? (पृ. २४८) ।"

उनको कथामा स्थानीय लवजको पनि प्रयोग पाइन्छ । “नानाकुति याना द्यौछि न धने मढयू । हुँ थः ज्या या । कर्पिन्त ....... ।” - पट्ठी ड्राइभर जिस्काएको स्वरमा च्याँठिन्छ । न्हुछेमाया सोधिरहेकी हुन्छे, - “खना ला ! छु जुइ व ?” (विकल, २०१९ ।

यसरी ग्रामीण जनबोलीमा लवज देखि लिएर कुनै जाति विशेष लवजको संवादात्मक रूप उनका कथा उपन्यासमा पाइन्छ । यसका अतिरिक्त उपन्यासकार विकललाई खोक्रो सामाजिक आडम्बरको विरोध, घटना र चरित्र प्रधानमा लेखन, प्रकृति चित्रण, बिम्ब प्रतीकको प्रयोगकर्ता, घटना र चरित्रचित्रण बीच समन्वय गराउने शिल्पकार जस्ता विशेषताले चिनाउन सकिन्छ ।

परिच्छेद तीन

# आधुनिक नेपाली उपन्यास परम्परा र 'सागर उर्लन्छ सगरमाथा छुन' उपन्यास

## ३.१ आधुनिक नेपाली उपन्यासको परम्परा

नेपाली साहित्यमा आख्यान लेखनको सुरुवात श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको उपत्यका विजयपश्चात वि.सं. १८२६ देखि भएको हो । शक्तिबल्लभ अर्यालद्वारा **महाभारत विराटपर्व** अनुदित रूपमा ल्याइयो । त्यही नै नेपाली साहित्यको आख्यानको पहिलो आख्यानात्मक कृति हो । यही विराटपर्वलाई आरम्भ मानेर नेपाली उपन्यासको कालविभाजन गरिन्छ । यसै आख्यानको आधारमा उपन्यासको विकासक्रमका तीन काल निम्नानुसार विभाजन गरिएको छ (बराल र एटम : २०५८ : ७७) ।

१. प्राथमिक काल (वि.सं. १८२६ - १९४५)
२. माध्यमिक काल (वि.सं. १९४६ - १९९०)
३. आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म)

### ३.१.१ प्राथमिक काल (वि.सं. १८२६ – १९४५)

नेपालको एकीकरणको क्रमसँगै पृथ्वीनारायण शाहद्वारा काठमाडौं विजय गरी सकेपश्चात्को दुई वर्षपछि वि.सं. १८२७ मा शक्तिबल्लभ अर्यालले अनुवादका रूपमा **महाभारत विराटपर्व** लिएर देखा परे । पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानसँगै नेपाली भाषामा केही समृद्धि भयो । यसै आधारमा नेपाली भाषाको उपन्यास विधाअन्तर्गत प्राथमिककाल पनि अनुवादमै सीमित भयो । यसै क्रममा शक्तिबल्लभ अर्यालले आफैले लेखेको संस्कृतको **हास्यकदम्ब** नाटकलाई अनुवाद गरी आख्यानात्मक रूपमा अघि बढ्नको लागि बल प्रदान गरेका थिए । यसरी प्राथमिक कालमा शक्तिबल्लभ अर्यालको **महाभारत**

**विराटपर्व** (१८२६), भानुदत्तको **हितोपदेश मित्रलाभ** (१९३३), रामभद्र पाध्याको **लक्ष्मीधर्म संवाद**, **दसकुमार चरित्र** (१८७५), अज्ञात लेखकको **स्वस्थानी व्रतकथा** (१८२८) जस्ता कृतिहरू प्रकाशित भए । यसैगरी भवानीदत्तको **मुद्राराक्षस** (१८८२), सुन्दरानन्द बाँडाको **त्रिरत्न सौन्दर्य गाथा** (१८९०) र **अध्यात्मिक रामायण** (१८९६) जस्ता कृतिहरू पनि देखापरे (बराल र एटम, २०५८ : ७७) । यी कृतिहरूमा कथात्मक तत्त्व पाइन्छन् । यसमा कथाका लागि बीज रूप भए तापनि उपन्यासका लागि पृष्ठभूमि वा आधारका रूपमा मात्र रहेका देखिन्छन् भनेर बराल र एटमले, (२०५८ : ७७) भनेका छन् ।

**प्राथमिक कालका उपन्यासहरूको प्रवृत्ति**

यस कालमा इतर विधामा समेत आख्यानको प्रभाव रहेको कुरा मुद्रा राक्षस र हास्यकदम्ब नाटकलाई पनि आख्यानात्मक बनाएर प्रस्तुत गर्नुले देखाउँछ । यस कालका उक्त कृतिहरू धार्मिक, नैतिक, व्यवहारिक, आर्दश शिक्षा दिने र मनोरञ्जन दिने उद्देश्यले अनुवाद गरिएको पाइन्छ । विशेषगरी संस्कृतका समाजोपयोगी आख्यानहरू नेपाली भाषामा अनुवाद गरेर नेपाली समाजमा प्रचार गर्ने उद्देश्य भएकोले ती कृतिहरू विशुद्ध उपन्यास भने होइनन् । नेपाली उपन्यास परम्पराको पृष्ठभूमिमा रहेको आख्यान परम्परालाई विकास गर्ने योगदान भने यी कृतिहरूमा रहेको छ । त्यसैले यी कृतिहरू उपन्यास नभएर औपन्यासिक आख्यान मात्र हुन् ।

### ३.१.२ माध्यमिक काल (वि.सं. १९४६–१९९०)

औपन्यासिक पृष्ठभूमिको रूपमा रहेको तर औपन्यासिक स्वरूपको निर्माण हुन नसकेको प्राथमिककालीन प्रवृत्तिलाई टुङ्ग्याउँदै **वीरसिक्का** (वि.सं. १९४६) ले उपन्यासको स्वरूप निर्धारण गर्ने काम गऱ्यो र कल्पनालाई उपन्यास विधाले माध्यमिक कालमा प्रवेश गरेको हो । माध्यमिककालीन उपन्यास परम्परामा विभिन्न प्रवृत्तिहरू देखा परेका छन् । अनुवाद तथा मौलिक दुवै किसिमका कृतिहरूले माध्यमिककालीन परम्परालाई अगाडि बढाएको छ । वि.सं. १९४६ को वीर सिक्काबाट सुरु भएर **वीरचरित्र** (१०६०) हुँदै **राजपुत रमणी** (१९८७) सम्मको अवधिलाई माध्यमिक काल मानिन्छ भनेर बराल र एटम (२०५८ : ७९) ले भनेका छन् ।

यसकालको मनोरञ्जनात्मक धारामा **वीरसिक्का** (वि.सं. १९४६), युधिष्ठिर शर्माको **शुकवहत्तरी** (१९५०), अज्ञात लेखकको **लालहीराको कथा** (१९५०), नरदेव पाण्डेको **वीरवल चातुरी** (१९५६), सदाशिव शर्माको **महेन्द्रप्रभा** (१९५९), र वीरवल **कौतुक** (१९८२), शम्भुप्रसाद ढुङ्ग्यालको **हात्तीमताई** (१९८१), **गुलबकावली** (१९८१), **अबोला मैयाको कथा** (१९८२), **तोतामैयाको कथा** (१९८४),पद्मप्रसादको **अचम्मको बच्चाको कथा** (१९८५), आदि कृतिहरू देखा परेका छन् ।

नेपाली साहित्यमा हिन्दी, बङ्गाली, अङ्ग्रेजी, फारसी उर्दु, आदि साहित्यको प्रभाव परेको थियो । त्यतिखेर नेपाली उपन्यास साहित्यमा यसले ग्रहण गरेको तिलस्मी, ऐयारी र जासुसी उपन्यासहरू हिन्दी साहित्यबाट अनुवाद र अनुकरण गरिन्थ्यो । यसकालका तिलस्मी र ऐयारी प्रवृत्तिका रचनाहरूमा देवकीनन्दन गिरिशवल्लभ जस्ता लेखकहरूले गरेका छन् । यसकालका तिलस्मी र ऐयारी प्रवृत्तिका रचनाहरूमा  देवकीनन्दन खत्रीको **चन्द्रकान्ता** (१९५६), **महेन्द्रप्रभा** (१९५६), गिरिशवल्लभ जोशीको **वीर चरित्र** (१९६०), गोरखापत्रमा **जादुगर** (१९६४: ६५), **नौलाखाकार** (१९६७ -६८) जस्ता जासुसी उपन्यास प्रकाशित भए ।

यसकालमा धार्मिक तथा पौराणिक धारामा पनि केही लेखकहरूले कलम चलाएका छन् । यस धारामा चिरञ्जीवी पौड्यालको **प्रेमसागर** (१९४७), हरिहर शर्माको **दुर्गासप्तसती** (१९४८), दुर्गादेवी आचार्यणी **अनुसूया, सीता संवाद** (१९६५), ऋद्धि बहादुर मल्लको **शर्मिष्ठा** (१९८५) जस्ता कृतिहरू प्रकाशित भए ।

त्यसैगरी माध्यमिक कालको नैतिक औपदेशिक धारामा नरदेव पाण्डेको मेरिना **चरित्र** (१९५९), तीर्थप्रसाद आचार्यको **वेदान्त सागर** (१९६०); सदाशिव शर्माको कर्म **विवाह संहिता** (१९८३) आदि देखा पर्दछन् (बराल र एटम, २०५८ : ८४) । यस धारामा नैतिक औपदेशिक कुराहरूमा आवद्ध भएर नीतिकथाहरू हुर्काएका परम्परामा कृति रचना गरेका हुन् ।

त्यसैगरी समाजमा रहेका कुरीतिलाई हटाएर सुधारको बाटोमा लैजाने उद्देश्यले लेखिएका उपन्यास सामाजिक सुधारात्मक धाराका उपन्यास हुन् । यस धारामा कलम चलाउने लेखकहरूमा बेनामीद्वारा गोरखापत्रमा प्रकाशित **प्राचीन प्रपञ्च** (१९६२), द्वारीकानाथ उपाध्यायको **यमपञ्चक** (१९६३), वैजनाथ सेढाईको **चक्र परिचक्र** (१९७३) विज्ञानविलासको **महारानी प्रियम्वदा** (१९७३), पहलमानसिंह स्वाँरको **पद्मकुमारी** (१९७४), वोदनाथ आचार्यको

**दयाकी भावी** (१९७९), महानन्द सापकोटाको **त्रिवेणी** (१९८५), अम्बालिकादेवीको **राजपूत रमणी** (१९८९) आदि हुन् ।

**माध्यमिकालीन उपन्यासको प्रवृत्ति**

माध्यमिककालका उपन्यासहरूमा अनुवाद परम्परा जासुसी तिलस्मी विषयको प्रयोग मनोरञ्जनात्मक आदर्श र नैतिक उपदेश दिने उद्देश्य गद्य, पद्य र गीत, गजल आदिको प्रयोग, भावुक सामाजिकता जस्ता विशेषताहरू पाइन्छन् । प्राथमिककाल माध्यमिककालमा परिवर्तन हुनुको एउटा प्रमुख कारण प्रकाशन युगको थालनी पनि हो । पत्रपत्रिकाका माध्यमबाट तथा छुट्टै कृतिको रूपमा समेत प्रकाशनको थालनी भएकाले समेत यस कालका रचनाका लागि हौसला मिल्नाको साथै संख्यात्मक गुणात्मक दुवै दृष्टिकोणले उपन्यास क्षेत्रमा विकास भएको पाइन्छ । पूर्ण साहित्यिक सचेतता र यथार्थता भने यसकालमा पनि पाइँदैन ।

### ३.१.३ आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म)

आधुनिक भनेको नवीनता हो, उपन्यास आधुनिक साहित्यको पनि नवीतम विधा हो । यसको इतिहास एक शताब्दी पुरानो पनि छैन । अनुवाद अलौकिक घटनाहरूको वर्णन जस्ता कार्यहरूको पक्षलाई छोडेर सामाजिक यथार्थ धरातलमा उभिएर सामाजिक उपन्यासको स्वरूप निश्चित गरी सामाजिक औपन्यासिक विशेषतायुक्त उपन्यास लेखिँदै **रूपमती** (१९९१) आयो । रुद्रराज पाण्डेको **रूपमती** (१९९१) र विष्णुचरण श्रेष्ठको **सुमती** (१९९३) ले मात्र आधुनिक नेपाली उपन्यास परम्पराको सुत्रपात गरेको कुरामा सबै अध्येताहरू सहमत छन् । यी उपन्यासहरूमा माध्यमिक कालको तुलनामा सामाजिक विषयवस्तु, यथार्थमा आधारित समाजको सर्वेक्षण, विशुद्ध उपन्यास लेख्ने परम्पराको थालनी आदि भएको पाइन्छ ।

आधुनिककालको मिरमिरे रुद्रराज पाण्डेको **रूपमती** (१९९१) बाट सुरु भई आजसम्म आउँदा उपन्यासको यात्रामा प्रवृत्तिगत दृष्टिले धेरै मोडहरू पार भइसकेका छन् । आधुनिककालको थालनीमा देखापरेका नेपाली उपन्यासमा बाह्य यथार्थको चित्रण गर्ने प्रवृत्ति, कथानकको प्रबलता देखिन्छ भने वि.सं. २०१६ सालदेखि मनोविज्ञानको प्रवेश भई सूक्ष्म यथार्थको प्रस्तुति पनि आरम्भ हुन्छ (बराल  र एटम ; २०५८ : ९१) । यिनै प्रवृत्तिहरूलाई आधार मानेर नेपाली उपन्यासको विकासक्रमलाई दुई चरणमा विभाजन गर्न सकिन्छ :-

१. **प्रथम चरण (वि.सं. १९९१ – २०१५)**

२. **द्वितीय चरण (वि.सं. २०१६ देखि हालसम्म)**

### ३.१.३.१ प्रथम चरण

आधुनिक नेपाली उपन्यासको सुरुवात रुद्रराज पाण्डेद्वारा लिखित **रूपमती** (१९९१) बाट सुरु भई अगाडि बढेको छ। यस चरणको उपन्यासले सामाजिक यथार्थतासँग निकट भएर सामाजिक यथार्थताकै चित्रण गरेको छ। यस चरणमा पनि आदर्शोन्मुख सामाजिक यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा सामाजिक यथार्थवादी धारा र ऐतिहासिक यथार्थवादी धारा रहेका छन् ।

यस चरणको आर्दशोन्मुख यथार्थवादी धाराका उपन्यासहरू रुद्रराज पाण्डेको **रूपमती** (१९९१), **चम्पाकाजी** (१९९३), **प्रायश्चित** (१९९५), **प्रेम** (२००५), काशीबहादुर श्रेष्ठको **उषा** (१९९५), टुकराज पद्मराज मिश्रको **रजबन्धकी** (१९९६), **रामकृष्ण कुँवर राणा** (१९९९) जस्ता उपन्यास देखा परे। यस कालमा उपन्यासका प्रवृत्तिहरूमा समाजमा अनैतिकता अनुशासनहीनता जस्ता खराब प्रवृत्तिहरू बढ्दै गएको देखाउँदै समाजमा केही आदर्श र नैतिकवान् र आदर्श हुनुपर्ने विचार व्यक्त गरिएको पाइन्छ। यस किसिमका उपन्यासहरूमा समाज वा जीवन जगत् आदर्शमय हुनुपर्छ भन्ने सुधारवादी अभिव्यक्ति दिइएको हुन्छ ।

यस चरणको स्वच्छन्दतावादी धारा अर्न्तगतका उपन्यासहरू रूपनारायण सिंहको **भ्रमर** (१९९३) र शिवकुमार राईको **डाक बङ्ला** (२०१३) आदि पर्दछन्। स्वच्छन्दतावादी यथार्थवादी उपन्यासहरूमा लेखकको स्वच्छन्द किसिमको बढी स्वतः स्फूर्त अभिव्यक्ति भएको पाइन्छ। यस खाले उपन्यासका प्रवृत्तिहरूमा प्रेम, सौन्दर्य, भावुकता जस्ता कुराहरू देखिन्छन्। पात्रका संयोग, अद्भूतता, साहसिक कार्य, सेवा, त्यागको **भावुकतापूर्ण** संयोग यसखाले उपन्यासमा पाउन सकिन्छ। कल्पना र भावनाको प्रधानता तथा आलङ्कारिक भाषाको प्रयोग यसका विशेषता हुन् ।

सामाजिक यथार्थवादी धारामा समाज वा जीवन जगत् जस्तो छ त्यस्तै रूपमा **चित्रण गरेर** उपन्यास लेखेको पाइन्छ। यस्ता उपन्यासहरूमा लैनसिंह बाङदेलको मुलुक बाहिर (२००४) **माइतघर** (२००६) र **लँगडाको साथी** (२००८), अच्छा राई रसिकको **दोभान** (

२०२०), **लगन** (२००५), डायमन शमसेरको **प्रतिबद्ध** (२०३४), मोहनबहादुर मल्लको **समयको हुरी** (२००५), लीलबहादुर क्षेत्रीको **बसाईं** (२०१४), लीलाध्वज थापाको **मन** (२०१५) जस्ता उपन्यासहरू पर्दछन् । यस्ता उपन्यासहरूमा आर्थिक, विषमता, कुरीति, अन्धविश्वास, धार्मिक मान्यता, शोषण भोगाइका विवशताहरू जस्ता समाजका यथार्थ गतिविधिहरूलाई पाठक समक्ष प्रस्तुत गरिएको हुन्छ । मानिसका दुर्बलता, दुरावस्थाहरूको समष्टि रूपमा चित्रण गर्नु, मानवीय यथार्थको सम्वेद्य कुराहरू प्रस्तुत गर्नु र मानिसका नियति चित्रित गर्नुजस्ता प्रवृत्तिहरू रहेका छन् । समाज वा जीवन जगत् यस्तै छ भनेर वास्तविकतालाई छर्लङ्ग पार्नु यस धाराको विशेषता हो ।

आधुनिक नेपाली उपन्यास परम्पराअर्न्तगत सामाजिक यथार्थवादी धाराभित्र ऐतिहासिक उपन्यासहरूपनि लेखिएका छन् । ऐतिहासिक विषयवस्तु वा इतिहासका सन्दर्भहरूलाई लिएर लेखिएका उपन्यासहरू यस अर्न्तगत पर्दछन् यस्ता उपन्यासहरूमा डायमन शमशेर राणाका **वसन्ती** (२००६), **सेतोबाघ** (२०३०), **सत्प्रयास** (२०३८) हुन् । केशवराज पिंडालीको **एकादेशकी महारानी** (२०२६), खगेन्द्र के.सी को **खान्दान** (२०३५) र चन्द्रशेखर शास्त्रीको **भृकुटी** (२०१४) जस्ता रहेका छन् । राणाकालीन समाजका विभिन्न गतिविधिहरूको तथ्यगत विवरणहरूलाई औपन्यासिक कथानकको प्रवाहमा यथार्थपरक ढङ्गले प्रवाहित गर्नु राणाकालीन समाजका विकृति, विसङ्गतिहरूलाई पर्दाफास् गर्नु, इतिहासका विभिन्न कालखण्डमा घटेका रहस्यात्मक घटनाहरूको पर्दाफास गरी सर्वसाधारणमा जानकारी दिनुजस्ता प्रवृत्तिहरू रहेका छन् ।

निष्कर्षमा भन्नुपर्दा समाजमा खराब चरित्रहरू बढ्दै गएको देखाउँदै केही आर्दश र नैतिकवान् र आर्दशवान् हुनुपर्ने विचार व्यक्त भएको पाइन्छ । त्यसैगरी आर्थिक विषमता, कुरीति, अन्धविश्वास, धार्मिक मान्यता, शोषण, भोगाइका विवशताहरूजस्ता प्रवृत्तिहरू सामाजिक यथार्थवादी धारामा पाइन्छन् । अर्कोतिर प्रेम, सौन्दर्य र भावुकताजस्ता कुराहरू स्वच्छन्द किसिमको स्वतः स्फूर्त अभिव्यक्तिका माध्यमहरूद्वारा गरिएको पाइन्छ । साथै ऐतिहासिक विषयवस्तुको प्रयोगले वर्तमान सामाजिक जीवनको तस्वीर समेत देखिने गर्दछ ।

### ३.१.३.२ **द्वितीय चरण**

यस द्वितीय चरणका उपन्यासहरू स्थूलताबाट सूक्ष्मतातिर लम्किएको पाइन्छ। यस समयमा व्यक्तिको आन्तरिक चित्रण केन्द्रित रही सूक्ष्म यथार्थको अंकन गर्नपनि उपन्यासकारहरू अग्रसर छन्। त्यस्तै पाश्चात्य अनेकौं वादहरूले पनि हुर्कने र फैलने अवसर प्राप्त गरे (बराल र एटम, २०५८ : ९२)। यस चरणका वादहरू निम्नानुसार रहेका छन् :-

वि.सं. २०१६ मा गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** प्रकाशित भएपछि नेपाली उपन्यास परम्परा मनोवैज्ञानिक मोड आउँछ। यस धाराको उपन्यासमा बाहिरी घटना भन्दा बढी मानव मन भित्रका खुल्दुली, अन्योल, छटपटी, विकृत्ति जस्ता कुराको चित्रण र विश्लेषण गरिएको पाइन्छ। मानिसका मानसिक द्वन्द्व दमीत र कुण्ठित मनोदशाबाट उत्पन्न विभिन्न अनौठा क्रियाकलापहरू र विकृतिहरूलाई केलाउने काम गरेको पाइन्छ। यस मोड अर्न्तगत पल्लो घरको झ्याल (२०१६), विजयमल्लको **अनुराधा** (२०१८), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** (२०५५), भवानी भिक्षुको **पाइप नं.** २ (२०३४), दौलत विक्रम विष्टको **मन्जरी** (२०१६) शंकर कोइरालाको **खैरेनीघाट** (२०१८), भवानी भिक्षुकै **सुभद्रा बज्यै** (२०१९), विश्वेश्वरप्रसाद कोइरालाको **नरेन्द्र दाइ** (२०२७), हरिश बम्जमको **सोकेशभित्रको जिन्दगी** (२०२५) आदि उपन्यासहरू पनि नेपाली उपन्यास परम्पराका मनोविश्लेषक उपन्यासहरू हुन्।

वि.सं. २०२१ मा इन्द्रबहादुर राईको **आज रमिता छ** प्रकाशित भएपछि आधुनिक उपन्यास परम्परामा नयाँ मोड देखापर्दछ। यसै मोडलाई प्रयोगवादी मोड पनि भनिन्छ। यस मोडमा नेपाली उपन्यास परम्पराका क्रममा परम्परा भिन्न किसिमका नयाँ नयाँ विषयवस्तु र नयाँ नयाँ शैलीको प्रयोग गरिएको पाइन्छ। आयामेली अस्तित्ववादी विसंगतिवादी राल्फाली आदि उपन्यासहरू लेख्नु यस मोडका विशेषता हुन्। यस मोडको **आज रमिता छ** २०२१ आयामेली उपन्यास हो। यसमा बाहिरी संरचनाको विखण्डन आत्मपरक यथार्थवाद तथा व्यतिरेकी शैलीको प्रयोग भएको पाइन्छ। **शिरीषको फूल** (२०२२) अस्तित्ववादी उपन्यास हो। ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (२०२४) मा कथानक र औपन्यासिक तत्त्वहरूलाई कम महत्त्व दिएर अउपन्यास भएको छ। विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा** (२०२७) मा

आदिमतापरक क्रियाकलापको अभिव्यक्ति भएको छ । यसरी यस मोडमा विभिन्न नयाँ जीवन दृष्टि तथा औपन्यासिक पद्धतिहरू देखा परेका छन् ।

समाजवादी यथार्थवादी अन्तर्गत प्रगतिवादलाई पनि राख्न सकिन्छ । यस अन्तर्गत डी.पी. अधिकारीको **आशमाया** (२०२५), **धरती आफैं बोल्दैछ** (२०२७), खगेन्द्र संग्रौलाको **चेतनाको पहिलो डाक** (२०२७) र **आमाको छटपटी** (२०३४), पारिजातको **तोरीबारी बाटा र सपनाहरू** (२०२३), तीर्थ न्यौपानेको **खद्माको गाउँ** (२०३५), रमेश विकलको **अविरल बग्दछ इन्द्रावती** (२०३९), मोदनाथ पश्रितको **चोर** (२०४४), ऋषिराज बरालको **कमरेड हुतराजको राजधानी प्रस्थान** (२०४८), **आहुतीको नयाँ घर** (२०५०) र **स्खलन** (२०६०), सञ्जय थापाको **पुर्वतिर** (२०४३), **बुङ्गलाका साँझहरू** (२०४६) र **देउमाइको किनारमा** (२०६०), इस्मालीको **जिरो माइल** (२०५६) र सुकुम शर्माको **सङ्घर्षशील युवाको डायरी** (२०५६) उल्लेखनीय रहेको कुरा बराल र एटम (२०५८ : १६१) ले बताएका छन् । त्यस्तै राल्फाली अवधारणा मानिने मञ्जुलको **छेकुडोल्मा** (२०२६) मा कथ्यलाई एकोहोरोपनमा व्यक्र गरी नवीन शैलीको प्रयोगका साथ सामाजिक विसंगतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ ।

समाजमा देखिएका कुरीति शोषण र अन्य विसङ्गत तत्त्वहरूलाई औंल्याएर तिनको विरोध गर्ने तिनलाई सुधार्नुपर्ने आकाङ्क्षा यस पद्धतिका उपन्यासमा पाइन्छ । मुख्य रूपमा आलोचनात्मक यथार्थवादी धारा हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** (२०११) बाट सुरु भएको हो (बराल र एटम ; २०५८ : ९२) । त्यसै गरी प्रधानकै एक **चिहान** (२०१७), मक्तिनाथ तिमलसिनाको **को अछुत ?** (२०११), खड्गबहादुर सिंहको **विद्रोह – १** (२०११), **विद्रोह – २** (२०१३), **हुरीको चरा** (२०१५) जस्ता उपन्यासहरू पनि रहेका छन् ।

पछिल्लो समयमा देखा परेका आलोचनात्मक यथार्थवाद धाराका उपन्यासहरूमा ध.च. गोतामेका **घामका पाइलाहरू** (२०३५), **यहाँदेखि त्यहाँसम्म** (२०४२), ध्रुवचन्द्र गौतमको **अलिखित** (२०४०), **निमित्त नायक** (२०४३), **स्वर्गीय हीरादेवीको खोज** (२०४५), **एक शहरमा एककोठा** (२०४६), **उपसंहार अर्थात चौथो अन्त्य** (२०४८) र **दुविधा** (२०५१) उपन्यासहरू यस दिशाका सबल उदाहरणहरू हुन् (सुवेदी, २०६४ : १६९) । दौलतविक्रम विष्टको **मञ्जरी** (२०१६), तारानाथ शर्माको **सुली** (२०३०), ध्रुवचन्द्र गौतमको **कट्टेल सरको चोटपटक** (२०३६), गीता केशरीको **विश्वास** (२०५२), गोविन्द गिरी प्रेरणाको **उत्खनन्** (२०४५), गणेश रसिकको

**आकाशगङ्गाको ओतमुनि** (२०४८), कृष्ण गौतमको **स्वर्णविम्व** (२०४८), रमेश विकलको **सागर उर्लन्छ सगरमाथा छुन** (२०५२), नारायण ढकालको **पीत संवाद** (२०५५), खगेन्द्र सङ्ग्रौलाको **जूनकीरीको सङ्गीत** (२०५६) आदि महत्त्वपूर्ण छन् ।

पूँजीवादी समाजका शोषण, दमन, अन्याया, अत्याचार आदि विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य र आलोचना गरेर साहित्यमा आलोचनात्मक यथार्थवाद स्थापित हुन पुगेको हो । जे जस्तो छ अर्थात् पूँजीवादी शोषण, दमन उत्पीडन, अमानवीयता आदिको कटु आलोचनात्मक यथार्थवाद भनिन्छ । विशेषतः पूँजीवादी विकृति र विसङ्गतिको यथार्थ चित्रण तथा कटु आलोचना गर्ने प्रवृत्तिका रूपमा आलोचनात्मक यथार्थवादले साहित्यिक क्षेत्रमा विशेष महत्त्व र स्थान पाएको देखिन्छ ।

मिथक मनको सम्पूर्ण मानव संस्कृतिको दस्तावेज र मानव प्रवृत्तिको अन्वेषण गरिएको प्रतीकात्मक भण्डार हो (बराल र एटम, २०५८ : १६२) । नेपाली उपन्यास विधामा मिथकीय धाराको प्रयोग विश्वेश्वरप्रसाद कोइरालाको सुम्निमा (२०२७) हो । त्यस्तै कोइरालाकै **मोदिआइन** (२०३६), **हिटलर र यहुदी** (२०४०), मदनमणि दीक्षितको **माधवी** ( २०३९) र **त्रिदेवी** (२०५१), ध्रुवचन्द्र गौतमको **डापी** (२०३३), **अग्निदत्त+ अग्निदत्त** (२०५२), राजेश्वर देवकोटाको **द्वन्द्वको अवसान** (२०४२), दौलत विक्रम विष्टको **ज्योति ज्योति महाज्योति** (२०४५), विनोदप्रसाद धितालको **योजनागन्ध** (२०५२) जस्ता उपन्यासहरू पर्दछन् (बराल र एटम, २०५८ : १६३) । विषयवस्तुको प्रस्तुतीकरण र शैली आदिमा देखिएका नवीनताले यस किसिमको उपन्यासहरू प्राचीनताको भण्डार मानिन्छन् ।

यो धारा विसङ्गतिवादको पृष्ठभूमिमा आएको एउटा दार्शनिक चिन्तन हो । नेपाली उपन्यास क्षेत्रमा पारिजातको **शिरिषको फूल** (२०२२), **महत्ताहीन** (२०२४), **बालुवामाथि** ( २०२८), **डापी** (२०३३), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** (२०२५) **नरेन्द्रदाइ** (२०२७), सरुभक्तको **पागल बस्ती** (२०४८) आदि उपन्यासहरू अस्तित्ववादी उपन्यास मानिन्छन् ।

वि.सं. २०३० पछि नेपाली उपन्यास परम्परामा अझ नयाँ र आकर्षक उपन्यासहरू देखा पर्न थाल्दछन् । खास गरीकन युद्धको विभीषिका आञ्चालिकता, सह-लेखन आदि यस मोडका विशेषताहरू रहेका छन् ।

ध्रुवचन्द्र सापकोटा र अन्य लेखनकहरूले **आकाश विभाजित छ** (२०३०) सह-लेखन भएको उपन्यास हो । त्यसैगरी यस मोडका सह-लेखनका अन्य उपन्यासहरू **देहमुक्त** (२०४४) तीन जनाबाट लेखिएको हो भने १३ जनाले लेखेको **अवतार र विघटन** (२०४५), दुईजनाद्वारा लेखिएको **ज्यागा** (२०५०) आदि हुन् ।

यस मोडमा नवीन विषयवस्तु पस्कन सफल अन्य उपन्यासहरूमा वानिरा गिरीको **कारागार** (२०३०), पिटर जे. कार्थकको **प्रत्येक ठाउँ प्रत्येक मान्छे** (२०३४), ध.च. गौतमका **घामका पाइलाहरू** (२०३५), भरत जङ्गमको **कालो सूर्य** (२०३६), रमेश विकलको **सुनौली** (२०३१), इस्मालीको सेतो **आतङ्क** (२०३९), भवानी भिक्षुको **आगत** (२०३२), दौलतविक्रम विष्टको **चपाइएका अनुहार** (२०३०), ध्रुवचन्द्र गौतमको **अलिखित** (२०४०), विश्वेश्वरप्रसाद कोइरालाको **बाबु, आमा र छोरा** (२०४५) हुन् । पिटर जे कार्थकको **प्रत्येक ठाउँ प्रत्येक मान्छे**मा संरचना र पात्रको नामाकरणमा नवीनता पाइन्छ । भरत जङ्गमको **कालो सूर्य**मा पत्रकारिताको शैली प्रयोग भएको पाइन्छ । अन्य **घामका पाइलाहरू, चपाइएका अनुहार** र **आगत** जस्ता उपन्यासहरूमा युद्धको विभीषिकाको चित्रण पाइन्छ । त्यसैगरी **कारागार, अलिखित, बाबु, आमा र छोरा**जस्ता उपन्यासहरूमा विषयवस्तु शैली नवीनता भएको पाइन्छ ।

यसरी विविध विषयवस्तु, घटना, परिवेश, शैली, लिएर उपन्यासहरू लेखिएका छन् । खास गरीकन युद्धको विभीषिका, आञ्चलिकता, सह-लेखन आदि यस मोडलका विशेषताहरू हुन् । यसरी विविध प्रयोगका माध्यमबाट नेपाली उपन्यासको यात्रा नवीन दिशातिर अग्रसर भइरहेको छ ।

निष्कर्षमा भन्नुपर्दा यस चरणका मनोवैज्ञानिक धाराका उपन्यासमा बाहिरी घटनाभन्दा बढी मानव मनभित्रका खुल्दुली अन्यौल, छटपटी, विकृति, मानसिक द्वन्द्व, दमित र कुण्ठित मनोदशा आदिको चर्चा गरिएको पाइनछ । यसैगरी बाहिरी संरचनाको विखण्डन आत्मपरक यथार्थवाद तथा व्यतिरेकी शैलीको प्रयोग भएको पाइन्छ । जीवनको समग्रता, सूक्ष्मतालाई समेट्ने प्रयास पनि गरेको पाइन्छ । अस्तित्ववादी धारामा मानवीय पीडा र जीवनको निस्सारतालाई देखाउँदै जीवनलाई सार्थक तुल्याउने प्रयास गरिनु पूँजीवादी

समाजका विकृति, विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरी आलोचनात्मक स्वर दिनुजस्ता प्रवृत्तिहरू द्वितीय चरणका उपन्यासहरूमा पाउन सकिन्छ ।

त्यसैले प्रस्तुत विवेच्य **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासलाई नेपाली उपन्यास परम्परामा स्थान निर्धारण गर्नुपर्ने हुन्छ । त्यसरी हेर्दा यो उपन्यास आधुनिककालको द्वितीय चरण आलोचनात्मक यथार्थवादी धारामा पर्दछ । यस धाराको सुरुवात वि.सं. २०११ सालमा हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे**, उपन्यासबाट भएपनि त्यसपछिका विभिन्न मोडहरूमा समेत यस प्रवृत्तिका उपन्यासहरू लेखिने क्रम यथावतै रहेको पाइन्छ । यसै क्रममा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यास वि.सं. २०१७ देखि २०४६ जनआन्दोलनसम्मका राजनीति तथा सामाजिक घटनालाई लिएर वि.सं. २०५२ सालमा प्रकाशित भएको छ । यस **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासले प्रस्तुत गरेको कथानक नवीनतम छ । नवीनतम विषयवस्तु लिएर देखा परेको प्रस्तुत उपन्यासले यथार्थवादभित्र रही वर्तमान समाजका विकृति-विसङ्गति प्रति तिखो व्यङ्ग्य प्रहार गरी सामाजिक जटिलताहरूलाई उजागर पारेको हुनाले यसमा आलोचनात्मक पक्ष प्रबल रूपमा आएको छ र आलोचनात्मक यथार्थवादको स्थानसम्म पुग्न सफल भएको छ साथै विकललाई प्रगतिवादीबाट आलोचनात्मक यथार्थवादी उपन्यासकारका रूपमा परिचित गराएको छ । त्यसकारण आधुनिक नेपाली उपन्यासको विकासक्रममा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यास नवीनतम विषयवस्तु लिएर देखा परेको आलोचनात्मक यथार्थवादी उपन्यास हो ।

## परिच्छेद चार

# 'सागर उर्लन्छ सगरमाथा छुन' उपन्यासमा प्रयुक्त परिवेश

### ४.१ परिवेशको परिचय

उपन्यासलाई प्रभावकारी र जीवन्त बनाउन सङ्घर्ष, क्रियाकलाप र कथोपकथन जस्तै परिवेशको महत्त्वपूर्ण भूमिका रहन्छ । परिवेश शब्द मूलतः तत्सम शब्द हो । नेपालीमा यसलाई देशकाल भनेर बुझिन्छ (बराल र एटम, २०५८ : ३६) । हाम्रो वरिपरि जे छ त्यसलाई नै सामान्य अर्थमा परिवेश भनिन्छ । "वेश" शब्दमा 'परि' उपसर्ग लागेर परिवेश शब्द बन्दछ । वेश शब्दले मानिसको पहिरन पोसाक वा भेष भन्ने अर्थ बुझाउँछ भने परिवेश शब्दले खास कार्य वा घटना हुँदा आसपासको क्षेत्र भन्ने बुझाउँछ (निरौला, २०६५:२८) । त्यसकारण उपन्यासको परिवेश पात्रको समाज, संस्कार र सभ्यतासँग निर्भर रहन्छ ।

कुनै काम हुनका लागि उपयुक्त मानिएको स्थल उपन्यासको कार्यपीठिका हो । त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो (सुवेदी, २०६४ : २५) । यसलाई पर्यावरण, वातावरण, परिवृत, परिधिजस्ता शब्दहरूले पनि सम्बोधन गर्ने गरिन्छ । परिवेश उपन्यास संरचनाको क्रममा पात्र र कथानकका लागि सिर्जना गरिने आधारभूमि वा वातावरण हो (बराल, २०६३: ५४) । यसले उपन्यासमा पात्र र त्यससँग सम्बन्धित वातावरण भन्ने बुझाउँछ ।

औपन्यासिक संरचना प्रक्रियामा परिवेश भन्नाले उपन्यासका आन्तरिक तथा बाह्य समयावधिमा प्रवाहित औपन्यासिक कार्यव्यापारसँग सम्बन्धित देशकाल, परिस्थिति अथवा कुनै समाज, जाति वा वर्गको आचार-विचार, सभ्यता एवम् संस्कृतिका साथै सामाजिक, सांस्कृतिक, राजनीतिक आदि वातावरणको चित्रणलाई बुझिन्छ (प्रधान, २०४०: ८३, ८४) । उपन्यासको वातावरण पाठकको भावनासँग सम्बन्धित विषय हो । उपन्यासको कार्यव्यापार हुँदै जाँदा त्यस देशकालमा त्यहाँको चरित्रद्वारा घटाइएका घटनाहरूले पाठकको मनमा छोड्ने

प्रभाव नै उपन्यासको वातावरण हो। उपन्यास पढ्दा पाठकको मनमा उठ्न दु:ख, क्रोध, घृणाजस्ता भावहरूको उद्दीपन र तिनको परितृप्तिसँग उपन्यासको वातावरण सम्बन्धित छ (बराल र एटम, २०५८ : ३६)। यसप्रकार उपन्यासको परिवेश अन्तर्गत वातावरण पनि पर्ने भएकाले यो उपन्यासका अन्य तत्त्वहरूका तुलनामा सूक्ष्म हुन्छ। यो पाठकको मानसिक अवस्थासँग सम्बन्धित भएकोले उपन्यासमा घटित घटनाहरूको समष्टिमा खण्डित रूपमा घटेका घटनाहरूले विविध किसिमको वातारण सिर्जना गर्न सहयोग पुऱ्याउँछन्। यसरी उपन्यासमा वर्णित पात्रहरूका क्रियाकलाप घटना मनोभाव विचार तथा धारणाहरूका साथै समाजका अन्य परिस्थितिहरूको यथोचित संयोजन र प्रस्तुतिकरण नै उपन्यासको परिवेश हुन आउँछ।

परिवेशको ढाँचाकाँचा र रङ्गरोगन स्थानीय किसिमको हुन्छ। समाज, संस्कार र सभ्यता कार्यपीठिका र पात्रको निकट नेपथ्यमा निहित हुन्छ (सुवेदी, २०६४:२५)। समय र परिस्थितिका चापले प्रभाव पार्दै लगेपछि पर्यावरणका सम्पूर्ण पक्षहरू पात्रको जीवनपद्धतिलाई प्रभावित तुल्याउने कारणका रूपमा आइलाग्छन्। त्यस्ता सम्पूर्ण कारणहरू पनि उपन्यासका पर्यावरणभित्र नै निहित हुन्छन्। परिवेशले प्रासङ्गिक वस्तु वा घटनालाई घेरेर बस्ने प्रत्येक तत्त्वलाई समेट्दछ (निरौला, २०६५ : ५४)। जुनसुकै पात्र नयाँ क्रियाकलापमा प्रवृत्त भएको देखिन लाग्यो भने त्यस पात्रका आचरणमा नवीनता जन्माउन सक्रिय भूमिका खेल्ने तत्त्वका रूपमा परिवेशको प्रभाव छ भन्ने ठहर गर्नुपर्ने हुन्छ।

उपन्यासमा मान्छेका विधि, व्यवहार, जीवनवृत्तिका उपाय, जीवनपद्धतिका मूल्यहरूा मूल्यहरू प्रकट भएका हुन्छन्। भौतिक जगत्का प्राकृतिक वातावरणहरू मानवमनका सङ्घातका प्रेरक तत्त्व भएर देखा पर्दछन् (सुवेदी, २०६४ : २५)। जस्तै बाङ्गदेलको **माइतघर**, शङ्कर कोइरालाको **खैरेनीघाट**, धनुषचन्द्र गोतामेको **घामका पाइलाहरू**, रमेश विकलको **अविरल बग्दछ इन्द्रावती**जस्ता पर्यावरणकै प्राधान्य भएका उपन्यासमा सिङ्गो पर्यावरण पात्रको अन्त:प्रेरण्य भएर देखा पर्छ। यसरी पर्यावरणकै प्राधान्य भएका उपन्यासमा मान्छेका मनोद्वन्द्वलाई उत्प्रेरणा भर्ने  कामको पनि जिम्मा परिवेशमा रहेको हुन्छ। परिवेशमा आएको क्रियाशीलताका कारण पनि पात्रको मानसिक क्रियाशीलता र त्यसको भौतिक प्रतिक्रिया जन्माउन पनि प्रमुख  भूमिका खेलेको हुन्छ।

पाठकलाई यथार्थता बोध गराउनमा वा यथार्थको भ्रम उत्पन्न गराउनमा स्थानीय परिवेशको चित्रणको विशेष महत्त्व हुन्छ (निरौला, २०६५: ५६)। कुनै पनि कृतिमा आएको कुनै स्थान विशेषको वा अञ्चलको देश-काल, भाषिक रीतिथिति, पहिरन, जीवन-चेतना, सोचाइ र अनुभव गराइ सङ्गीत वा कलाको विस्तृत विवरण वा व्यापक समावेशलाई नै स्थानीय परिवेश भनिन्छ। स्थानीय परिवेशले त्यो ठाउँ वा स्थानलाई विशेष रूपमा चिनाउने प्रयास गरेको हुन्छ। उपन्यासमा जब स्थानीय रङ्ग आलङ्करिक वस्तु नभई उपन्यासको अनिवार्य र विशिष्ट कुरो हुन जान्छ तब त्यो आञ्चलिकता हुन्छ। यसरी स्थान विशेषको विस्तृत वर्णन छ भने वा स्थानीय परिवेश अनिवार्य रूपमा आउँ भने यो वा त्यो स्थानीय परिवेशलाई सिकिदिँदा उपन्यासको आन्तरिक प्राण नै समाप्त हुन्छ भने त्यो आन्तरिक प्राणको रूपमा आएको स्थानीय परिवेश नै आञ्चलिकता हुनजान्छ।

यसरी उपन्यासको परिवेशलाई देशकालको पर्यायका रूपमा राख्न सकिन्छ। देशकालले उपन्यासमा हुने कार्यव्यापार, समय र स्थानलाई बुझाउँछ। परिवेश कथानकका लागि आधारभूमि हो भने यस अन्तर्गत जीवनका कथा, रहनसहन, रीतिरिवाज, सांस्कृतिक पक्ष, धार्मिक पक्ष, भूगोल, इतिहास र समयको सम्बन्ध पर्दछन्। परिवेशले उपन्यासको यात्रालाई गतिमान बनाउँछ र कथानकलाई विश्वसनीयता, पात्रहरूलाई यथार्थता र ऐतिहासिकतालाई सङ्गति प्रदान गर्दछ। उपन्यासलाई प्रभावकारी बनाउन परिवेशको भूमिका रहन्छ। समयानुकूल घटना वा विषयको आधारमा औपन्यासिक वातावरणको प्रयोग गरिनुपर्छ , औपन्यासिक घटना र पात्रको वास्तविक रूप थाहा पाउन सकिन्छ। परिवेश अन्तर्गतको देशकालाई स्थूल र सूक्ष्म गरी दुई भागमा विभाजन गर्न सकिन्छ। स्थूल देशकालभित्र चरित्रले कार्य गरेको स्थल सम्वद्ध प्राकृतिक स्थिति एवम् समयवृत्त पर्दछ भने सूक्ष्म देशकाल पात्रको सामाजिक भावभूमि, रीतिस्थिति, रहनसहन आदिको समष्टि रूप पर्दछ। अतः उपन्यासमा परिवेश अपरिहार्य तत्त्वका रूपमा रहेको हुन्छ।

## ४.२ 'सागर उर्लन्छ सगरमाथा छुन' उपन्यासमा प्रयुक्त परिवेशको विश्लेषण

कुनै पनि आख्यानयुक्त साहित्यका लागि परिवेश आवश्यक तत्त्व मानिन्छ। परिवेशलाई पात्र र कथानकका लागि आवश्यक आधार भूमि वा वातावरण मानिन्छ। उपन्यासमा वर्णित भौतिक वा भावनात्मक परिवेशले सत्यापनको सिर्जना गरी पाठकसामु

विश्वसनीयता जनाउँछ। प्रस्तुत **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा व्यापक परिवेशको चर्चा गरिएको छ। भौतिकवादी चिन्तनको मुहान नेपालमा आएर उपन्यासको सुरुवात भएर अध्यात्मवादी चिन्तनको मुहान नेपालमा आएर उपन्यासको कथावस्तुले विश्राम लिएको छ। नेपाल भित्रपनि विभिन्न परिवेशको चर्चा गरिनुका साथै त्यसबाट पात्रहरूमा परेको प्रभावबारेमा पनि चर्चा गरिएको छ। त्यसैगरी २००६ सालको राजनीतिक सेरोफेरोको परिवृत पस्कने काम पनि यस उपन्यासमा भएको छ।

परिवेश सम्बन्धी प्रस्तुत **सागर उर्लन्छ सागरमाथा छुन** उपन्यासको विश्लेषण गर्दा स्थूल परिवेश, सूक्ष्म, परिवेश र अन्य परिवेशका आधारमा विश्लेषण गर्नुपर्ने हुन्छ।

### ४.२.१ **स्थूल परिवेश**

**सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा व्यापक परिवेशको चित्रण गरिएको छ। उपन्यासमा अमेरिकाको परिवेशलाई प्रमुख पात्र हायरिखका माध्यमद्वारा साथै पूर्वदीप्ति प्रणालीद्वारा देखाइएको छ। यसका साथै उपन्यासमा काठमाडौंको सामाजिक, सांस्कृति, राजनैतिक र आर्थिक अवस्थाको विश्लेषण र यस भित्र देखा परेका विकृति विसंगतिको पनि चर्चा गरिएको छ। उपन्यासको मध्य भागदेखि अन्तिमसम्म नेपालको कुनै एक पश्चिमी पहाडी जिल्लाको परिवेशको चित्रण गरिएको छ। यी सबै परिवेशको चर्चा विस्तृत रूपमा यसप्रकार गरिएको छ -

#### ४.२.१.१ **अमेरिकी परिवेश**

प्रस्तुत **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा वर्णित अमेरिकी परिवेशलाई यस उपन्यासमा पूर्वदीप्ति प्रणालीद्वारा देखाइएको छ। प्रस्तुत उपन्यासको लेखनको आरम्भभन्दा १२/१५वर्ष पूर्व अमेरिकाको होनोलुलु प्रान्तमा अध्ययन गर्न पुगेकी नेपाली महिला विद्यार्थी लक्ष्मी शाहसँग सम्पर्कित हुन पुगेको यहुदी मूलको अमेरिकी नागरिक हायन्रिख बेन गोल्डमेनको कथालाई टिपेर पूर्वदीप्ति र तत्कालिक दीप्तिका प्रस्तुतिमा पूर्वापर सम्बन्धको स्थिति निरूपण गर्दै कथा अघि बढेको छ (सुवेदी, २०६४ : २२९)। इस्ट वेस्ट सेन्टर विश्वविद्यालयको एउटा छात्र हायनरिख वेन गोल्डम्यान हवाइटापुको होनोलुलु सहरमा

अवस्थित त्यस विश्वविद्यालयमा अध्ययनरत रहेको प्रसङ्गबाट प्रस्तुत उपन्यासमा अमेरिकी परिवेशबारे बुझ्न सकिन्छ ।

हायनरिखका बाबु पिटर वेन गोल्डम्यानको नाजी नरमेधबाट उम्केर यस देशमा आएर बाँच्ने सङ्घर्षमा के कति भोगे, त्यसको एउटा झलक ! उनी आफ्नो सानो ५-६ वर्षे छोरो हायनरिखलाई लिएर न्यूयोर्क सहरको दक्षिणी भागको एउटा 'स्लम' इलाकामा एउटा कोप्चो र साँगुरो गल्लीमा, एउटा जीर्ण घरको भट्टा, अँध्यारो र कोप्चो, ओसिलो जमिन तलामा बस्थे (पृ. - २१) । हायनरिखलाई उसको बाबुले जर्मनीहरूको आक्रमणबाट जोगाएर अमेरिका ल्याउँदा अनेक किसिमका प्रताडनाहरू खेप्नु परेको थियो । ऊ एउटा यहुदी मूलको थियो, उसका सबै छिमेकीहरू यहुदी नभएर त्रिश्चियन-इसाई थिए । उनीहरू यहुदीलाई क्रिश्चियन विरोधी मानी घृणा गर्थे र क्राइष्टको हत्याराको संज्ञा दिन्थे । छिमेकीहरू हायनरिख र उसको बुबालाई जातीयताको आधारमा घृणा गर्थे किनकि उनीहरू गोरा जातिद्वारा सोसिएर, घृणित र अपमानित भएर, गरिबीको घोर भासमा भासिएर सताइएका थिए । तिनै नाजी क्रिश्चियनहरूले हायनरिखकी आमा र उसका दाजुभाइका साथै अरू लाखौंलाख यहुदीहरूको आहुति चढाउने काम यहुदीमेध यज्ञमा गरेका थिए । हायनरिखको आँखामा बाल्यकालमा क्रिश्चियनहरूले गरेको अपमानका कारण रौंरौंबाट समाजप्रति घृणाको मुस्लो छुट्थ्यो तर पनि ऊ विवश भएर यही इसाई मुलुकमा आश्रित हुन पुगेको थियो । यो पनि हायनरिखका लागि एउटा बिडम्बना नै यही हो ।

अमेरिकामा आएर पनि यहाँका गोरा जातिको मानवतारहित क्षुद्र अपमानको सिकार हुनुपर्दा उसको हृदयमा रहेपट्टेको मानवताप्रतिको क्षीण विश्वास पनि हट्न गएको थियो (पृ. २२)

अमेरिका आएपछि हायनरिखले त्यहाँका गोराहरूबाट खेप्नु परेको कष्ट र पीडाका कारण उसको मानसिक स्तर र सोचाइ विकसित हुन सकेन । उसलाई त्यस समाजमा घुलमिल हुन खुब रहर थियो तापनि अपमानित हुने डरले कतै कोहीसँग जाँदैनथ्यो । स्कुलमा पनि उसका कोही मिल्ने साथी थिएनन् । ऊ चाहन्थ्यो, कहिल्यै पनि एक्लोपन र छट्पटीबाट गुज्रिनु नपरोस् भन्ने । यही दिक्दारीबाट मुक्ति पाउन ऊ स्कुलको खेल मैदानमा साथीसङ्गीले मिलेर खेलेका टुलुटुलु हेरेर चित्त बुझाउँथ्यो । बालक हायनरिखमा रहेका यी कुण्ठा र निराशाले प्रभावकारी निकासाको बाटो पहिल्याउन सकेन ।

उपन्यासमा अमेरिकी समाजको स्पष्ट चित्रण गरिएको छ । अमेरिकाले भौतिक पक्षमा निकै प्रगति गरेपनि मानवीय पक्षमा भने निकै पछि हटेको तथ्य प्रष्ट्याइएको छ । त्यहाँको समाजमा गरिएको धार्मिक भेदभाव जुन यहुदी र क्रिश्चियन बीचको भेदभावबाट थाहा पाइन्छ । त्यसैगरी कालाजाति र गोराजाति बीचको जातीय भेदभाव साथै धनी र गरिब बीचको आर्थिक भेदभाव समाजमा अद्यापि कायमै छन् । प्रत्यक्ष अप्रत्यक्ष रूपमा देखिएका यस्ता अनेक किसिमका भेदभावहरूले त्यहाँको सामाजिक जीवन विसङ्गत बन्दै गएको तथ्य उपन्यासमा उजागर गरिएको छ ।

उसले कोलाहलपूर्ण अमेरिकी वातावरण रहेर पनि आफ्नो अन्तरमा सधैं एक्लोपनको र सधैं शून्य अँध्यारो अनुभव गरिरह्यो (पृ. २२) । भौतिकवादी विकासले गर्दा यहाँका मानिसहरूमा व्यस्तताले जेलेको छ । अमेरिकी समाजको व्यस्तपनाको फलस्वरूप त्यहाँका मानिसहरूमा निराशा बढेको छ । त्यहाँका मानिसहरू एकले अर्काको ख्याल नगर्ने र नचिन्ने भएका छन् । हायनरिख पनि एक्लो भएकोले उसले यी सबै कुराहरू महसुस गरेको छ । उसका साथी सङ्गीहरूको कोही पनि छैनन् । यसरी सबै कुराले सम्पन्न भए पनि हायनरिख मानसिक रूपमा एक्लो र कमजोर बनेको प्रसङ्ग उल्लेख गरिएको छ । यति मात्र नभएर क्रिश्चियन र यहुदी बीचमा क्राइस्टको हत्यारा यहुदी भनी शत्रुताको व्यवहार पनि छ ।

हत्यारा ! हत्यारा ! हाम्रो ईश्वरले छोराहरूको हत्यारा ! डर्टी ज्यू !" टोलीका केटाहरूका घृणा र आक्रोशको संयुक्त स्वरले वातावरण रङ्गायो । टोलीको इसाको प्रत्येक अनुयायी बाबुआमाका छोरा ती केटाहरूका अनुहारमा अपार घृणा, दुर्दमनीय क्रोध र अपहेलनाका धर्साहरू कोरिएका थिए (पृ. २४) ।

यो एउटा व्यक्तिगत द्वन्द्व मात्र थिएन, यो त धेरै अघि देखि चलिआएको र क्रिश्चियनले यहुदीप्रति हेर्ने दृष्टिकोणको उपज थियो । अमेरिकी जस्तो सभ्य मुलुकका बासिन्दाले पनि यति सम्म निकृष्ट व्यवहार भन्ने हायनरिखले कल्पना समेत गरेको थिएन । फलस्वरूप किश्चियनको विषाक्त भावनाको सिकार यहुदीहरू भएरै छाडे ।

पूर्व-पश्चिम केन्द्र (East West Center) विश्वविद्यालयको एउटा छात्र, अमेरिका महादेशको एउटा दोस्रो श्रेणीको नागरिक हायानरिख वेन गोल्डम्यान-उसको चारैतिर एउटा सुनौलो माकुरे जलबाहेक के थियो र ? क्याम्पसभित्रको एउटा उन्मुक्त शिक्षणव्यापार, क्याम्पसबाहिर एउटा सप्तरङ्गी विलासितापूर्ण कामुक रात, आकाशको अँध्यारोकालो पृष्ठभूमिमा बहुरङ्गी विद्युतप्रकाशमा नहाएको होनोलुलु सहर आफ्नो विकृत र कुत्सित

अनुहारलाई सोह श्रृङ्गारभित्र लुकाएर आफ्नो अभिसारमा निस्केको अधवैंसे अभिसारिकाझैं लाग्थ्यो (पृ. १५)।

युवा अवस्थामा हायनरिखले आफूलाई केही मात्रामा सक्रिय तुल्याउँछ। इस्ट वेस्ट सेन्टरमा रसायन विज्ञानमा स्नातकोत्तर स्तरको अध्ययन कार्य गर्दा त्यहाँ उसको भेट नेपाली संस्कृति अन्तर्गतकी प्रतिनिधित्व पात्र लक्ष्मी शाहसँग हुन्छ। लक्ष्मीशाह जन्मे हुर्केको परिवेश र हायनरिख जन्मे हुर्केको परिवेश र त्यस अन्तर्गतको संस्कृति अत्यन्तै भिन्न हुन्छ। हायनरिख र लक्ष्मी एकै विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थी हुनाले उनीहरू बीच सामीप्यता बढ्नु स्वभाविकै हो। जाडो विदाको क्रममा कलेजको आयोजनामा उनीहरूलाई हवाइटापु लगिँदा त्यहाँ उनीहरूले अझ एक अर्कालाई बुझ्ने अवसर पाउँछन्। त्यहाँ उनीहरू हवाइटापुको समुन्द्री किनारमा घण्टौं एक अर्काका साथ विताउँछन्। नेपाली साहित्यका उपन्यासहरूमा नेपाली परिवेशहरूलाई नै प्रायः चित्रित गरिन्छ। यसक्रममा नेपाली भूमिमा प्राप्त स्थूल र सूक्ष्म परिवेशको प्रशस्त मात्रामा चित्रण गरिएको छ। नेपालीका लागि महासागर केवल कल्पनाको विषय मात्र हो। सहासागर हेर्न नेपालीले कि त कुनै देशको भ्रमण गर्नुपर्छ भने कि त कुनै क्यामरामा कैद गरेको दृश्य नै हेर्नु पर्दछ। यस उपन्यासमा उपन्यासकारले हायनरिख र लक्ष्मीको समुन्द्र किनारमा विताएका छुट्टिका दिनहरूलाई अत्यन्त सुन्दर ढङ्गमा व्यक्त गरेका छन्। मानौं उनी सागर किनारमा जन्मे हुर्केकी सागर देशकी व्यक्ति हुन्। उनी र सागर बीचको नातासम्बन्ध असीम छ, प्रगाढ छ। त्यसैले त उपन्यासकारले एउटी नेपाली चेलीलाई सगरमाथाको सन्देश बोकाएर सागरको देशमा पठाएका छन्। उपन्यासमा वर्णित महत्त्वपूर्ण क्षण होनोलुलु प्रान्तको एउटा कुनामा रहेको समुद्री काखको रोमाञ्चकारी र दर्शनीय स्थल 'सिटी अफ रिफ्युज' मा विदा मनाउन जाँदा घनिष्ट बन्न पुगेका नेपाली युवती लक्ष्मी र अमेरिकी युवक हायन्रिख वेन गोल्डमेनको कथालाई आरम्भ विन्दु मानेर कथासारलाई अघि बढाइएको छ ( सुवेदी, २०६४ : २३०)। त्यस क्षणको परिवेशलाई अत्यन्त रोमाञ्चकारी रूपमा उपन्यासमा वणर्न गरिएको हुन्छ। नेपाली समाज र संस्कृतिमा कोही केटा र केटी एकान्त स्थलमा वस्नु उचित मानिदैन। यहाँ हायनरिख र लक्ष्मी दुई नारी पुरुषको सहज आकर्षणले आकर्षित भएर एउटा गाढा मित्रताको रूपमा सम्बन्ध वीजारोपणगर्न पुग्दछन्। त्यति बेला लक्ष्मीले आफ्नो जन्मजात संस्कारद्वारा उसको स्पर्शबाट अलगिएर बस्ने चेष्टा गरिरहेकी हुन्छे। लक्ष्मीलाई सूक्ष्मभन्दा अति

सूक्ष्मरूपमा नियालीरहेको हायनरिख लक्ष्मीको यस कार्यले केही सचेत र संयमित बन्न पुग्छ ।

कतै यस युवतीले उसको पुरुषदेखि वितृष्णा लिएकी त छैन ? अथवा उसको आफ्नै पुरुषत्व-पौरख आकर्षणमा कतै त्रुटि त छैन ? नत्र ऊ त्यसको अत्यधिक सान्निध्यबाट किन तर्कने चेष्टा गर्छे ? (पृ. १७) । लक्ष्मीले आफ्नो स्व संस्कृतिलाई आत्मसात् गरेकी छ नत्र त ऊ विदेसको त्यो अनकण्टार ठाउँमा मोजमज्जामा डुब्न पनि सक्थी । आफूलाई नौलो परिवेशमा पनि संयमित राख्न सक्नु लक्ष्मीमा रहेको संस्कृतिप्रतिको झुकाव हो भन्न सकिन्छ ।

प्रस्तुत **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको परिवेश विश्लेषण क्रममा उपन्यासका प्रमुख पात्रहरू हायनरिख र लक्ष्मी शाहसँग सम्बन्धित अमेरिकी परिवेश महत्त्वपूर्ण रूपमा आएको छ । यसक्रममा इस्ट वेस्ट विश्वविद्यायल र यससँग सम्बन्धित गतिविधिहरूको उल्लेख गरिएको छ । कजेलबाट कृतज्ञताज्ञापन दिवसका अवसरमा छुट्टी वा विदा मनाउन होनोलुलु सहरको चिच्याहट एवम् व्यस्ततालाई चिर्दै हवाइ टापुमा अवस्थित कोनाकोस्ट जस्तो शान्त स्थलमा पुगेका हाइनरिख र लक्ष्मीले विताएका क्षणको पनि चर्चा गरिएको छ । नेपाली भू-परिवेष्ठित मुलुक भएकोले यदाकदा बाहिरी देशका पृष्ठभूमिमा र परिवेशमा उपन्यास लेख्नु स्वभाविकै मानिन्छ । कुनै पनि उपन्यासमा सागरतटमा खेल्नु, त्यहाँको चट्टानको वर्णन गर्नु र सागरको अनन्त फैलावटसँगै विचरण गर्ने जीवजन्तुको वर्णन गर्नु रोचक मानिन्छ । त्यसैगरी बाहिरी संस्कृति र त्यस अन्तर्गतका जनजीवनको चर्चा पनि रोमान्चकारी नै लाग्छ । प्रस्तुत उपन्यासमा होनोलुलु सहरको व्यस्तता, इस्ट वेस्ट सेन्टरको शैक्षिक वातावरण, हवाइ टापुको शान्त मनोरम प्राकृतिक परिवेश, विशाल सागरको फैलावट र त्यसले उत्पन्न गरेका तरङ्ग र त्यसमा मोहित पर्यटकहरूको जीवनशैली समेतको चर्चा गरिएकोले उपन्यासको आफ्नो शैलीगत विशिष्टता समेत झल्कन्छ ।

प्रस्तुत उपन्यासको प्रमुख पात्र हायनरिख अमेरिकी नागरिक भएर पनि त्यसप्रति गर्व गर्दैन् । ऊ जन्मिए हुर्किएको देशको संस्कृति र उसको आफ्नो व्यक्तिगत रुचि नितान्त फरक फरक रूपमा आएका छन् । उनीहरू बीचको यही फरकपनलाई नै यस उपन्यासमा देखाइएको छ । अमेरिकी संस्कृति संसारको सबैभन्दा बढी भौतिकवादी संस्कृति मानिन्छ । संसारका उच्चतम सुविधा सम्पन्न जीवनशैली त्यहाँ पाउन सकिन्छ । त्यहाँका मानिसहरू विभिन्न विलासिता वस्तुहरूको सुविधा भोग गर्दछन् र खुसी देखिन्छन् । उनीहरू विज्ञानको

मन्त्र जप्छन् र कर्ममा जोड दिन्छन् । उनीहरूमा कुनै पनि वस्तुलाई केलाउने, अध्ययन अनुसन्धान गर्ने, विश्लेषण गर्ने र त्यसबाट केही निचोड निष्कर्ष निकाल्ने जस्ता विज्ञान सम्मत शैली हुन्छन् । यही वस्तुनिष्ठ तथ्यपरक शैलीगत भिन्नताका कारण उनीहरू कुनै पनि कुराको सत्यको नजिक पुग्छन् । तर प्रस्तुत उपन्यासको प्रमुख पात्र त्यस संस्कृतिप्रति असन्तोष भएर नेपालको प्राकृतिक सौन्दर्यमा रम्न आएको हुन्छ । उसको मन अध्यात्मतर्फ रुचि राख्ने किसिमको छ । जुन उसले आफ्नो देशमा प्राप्त गर्न सक्दैन । यहाँ उपन्यासकारले अध्यात्मवादतर्फ भौतिवादको झुकाव देखाएका छन् ।

### ४.२.१.२ **नेपाली परिवेश**

#### ४.२.१.२.१ **काठमाडौंको परिवेश**

प्रस्तुत उपन्यासको प्रारम्भमा नेपाली परिवेशको चित्रण गरिएको छ । त्यस अन्तर्गत अमेरिकी नागरिक वा उपन्यासको प्रमुखपात्र हायनरिखको नेपाली आगमन हुँदै गरेको प्रसङ्ग छ । उपन्यासकारले देशको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलका कमी कमजोरीहरूबारे टीका टिप्पणी समेत उठाएका छन् -

हवाइपट्टको पश्चिम किनारमा आधुनिक वास्तुकलाको अनुकरण गर्न खोजिएको हवाई विभागको सानो भवन उभिएको थियो । नियन्त्रणबुर्जा, यात्रीकक्ष, विश्रामगृह, शौचालय आदि सम्पूर्ण आधुनिकतालाई आफ्नो सानो पोल्टोमा गुट्मुट्याएर उभिएको यो भवन हायनरिखका आँखामा एउटा पुतलीको खेलौनाजत्तिकै लागिरहेको थियो । किनभने उसको देशमा भव्य र विशाल हवाईभवनको दाँजोमा यो एउटा नमुना (मिनिएचर) मात्र लाग्थ्यो (पृ. २) ।

देशको एकमात्र अन्तराष्ट्रिय विमानस्थल भए पनि अन्य देशको झैँ सेवा सुविधा विस्तार हुन नसक्नु र यात्रुवर्गलाई पनि कुनै प्रकारका अत्याधुनिक सेवा प्रदान गर्न नसक्नुले यस देशका उच्चपदस्थ व्यक्तिहरूको नियतमाथि प्रश्न-चिन्ह लाग्छ । फलस्वरूप यहाँ आउने र यहाँबाट बाहिर जान खोज्ने जुनसुकै यात्रु पनि यसको शिकार बन्छन् । हायनरिखले पनि सोही किसिमको झञ्झट बेहोर्नु पर्छ । उसका सुटकेस लगायतका सामानहरू भन्सार कक्षबाट बाहिर आउँदैनन् । अन्य यात्रुहरू आफ्ना सामान लिएर गन्तव्यतर्फ जान थाले पनि हायनरिख भने आफ्नो सामान नपाउँदा ट्वाल्ल हेरिरहन्छ ।

"यु निडन्ट बोदर फर द्याट ... तपाईंको सामान कतै मिसप्लेस भएको छ । ... निश्चय पनि हराउँदैन । एयरलाइन्सले पत्ता लगाउने भरमग्दुर कोसिर गर्नेछ । बरु तपाईंको

ठेगाना दिएर जानोस् (पृ. ३) भन्सार अधिकृतले होटलमा सामान पठाइदिने आश्वासन दिएपछि हायनरिख त्यहाँबाट निस्कन्छ र सोझै बाहिर प्राङ्गणमा ट्याक्सीको खोजी गर्छ। ट्याक्सी पर्किङ स्थलमा पयर्टकहरूलाई आकर्षित पार्न ट्याक्सी चालक र दलालहरू क्रियाशील हुन्छन्। तर हायनरिखको साथमा न कुनै व्याग न कुनै सुटकेस पाएर उनीहरू अचम्मित बन्छन्। देशको एकमात्र अन्तर्राष्ट्रिय हवाइस्थलमा भएको सो गैरजिम्मेवार कार्यबारे उनीहरूलाई के थाहा ?

प्रस्तुत उपन्यासमा नेपालको वास्तविक चित्र उतार्ने काम भएको छ पहिले पहिलेको सुन्दर र शान्त नेपालको मुहारमा वर्तमान समयमा अनेक किमिमका विकृति विसंगति बढ्दै गएको उल्लेख गरिएको छ। कतिपय कुराहरू स्वयम् नेपालीले विचार नपुऱ्याउदा नै दुर्घटित हुन पुगेको छ। साथै संस्कृतिको अन्धानुकरणप्रति नेपालीहरू फिटिक्कै सचेत छैनन् हायनरिख एयरपोर्टदेखि होटलसम्म जाँदा बाटामा देखिएका अनेक पक्षहरूसित साक्षात्कार हुन पुग्छ। उसको लागि नेपाल भ्रमण नौलो हो। उसले नेपाल बसाइका क्रममा धेरै अनुभव सँगाल्नु छ। हाइनरिखलाई होटलमा पुऱ्याइदिने ट्याक्सी चालक यी कुराहरूमा सक्षम हुन्छ कि उसले हायनरिखलाई काठमाडौं परिवेशबारे, यहाँका सडक गल्ली र ती गल्लीमा जीवन गुजार्ने सडक बालबालिका बारे मौखिक रूपमा बताएको छ।

हाम्रो देशमा धेरै हिमालचुचुरा छन् नि, त्यसैले। ... मन्दिरहरू पनि धेरै छन्। साहेवहरू, अमेरिकन साहेबहरू मन्दिरहरू हेर्न आउँछन्, हिमाल हेर्न आउँछन्। धेरै त सगरमाथा र माउन्ट एभरेस्ट हेर्न जान्छन्। त्यहाँ यति छ। ... देखेको त छैन, पाइलाको फोटो ल्याएका थिए साहेवहरूले। ... हो, बर्सेनी धेरैधेरै हिप्पी-हिप्पिनी आउँछन्। गाँजा खान्छन्, चरेस खान्छन्। सडकसडकमा कुकुर जोल्ठिएझैँ झालेपोथी जोल्ठिइरहन्छन्। ...पुलिसले कति हटाउँछन् तर टेर्दैनन् (पृ. ७)।

उक्त परिवेशको चित्रणबाट कोही पनि देशका सामान्य जनताले देखेको, सुनेको र भोगको यथार्थ पक्षको चित्रण थाहा पाउन सकिन्छ। एउटा सामान्य ट्याक्सी ड्राइभरले पनि आफ्नो देशको बारेमा देशभक्ति भावना उमारेको हुन्छ। उसलाई यहाँका विकृति विसंगति देखेर पटक्कै चित्त बुझ्दैन। त्यसमा पनि अझ काठमाडौसहर दिनप्रतिदिन कलुषित बन्दै गएको छ। यहाँ विभिन्न जातजाति, विभिन्न धर्म-सम्प्रदाय र विभिन्न रुचि स्वभावका मानिसहरू बस्छन्। अत्यधिक मानिसको चापले गर्दा त्यो सहर दिनप्रतिदिन प्रभावित बन्दै गएको छ।

हायनरिखले काठमाडौं दरबारमार्गस्थित एउट कुनै मध्यमवर्गीय होटलमा केही दिन बस्ने प्रबन्ध मिलाउँछ। ऊ यहाँ लक्ष्मीलाई भेट्ने र जीवनभर यस पवित्र भूमिको सेवा गरेर बस्ने पवित्र उद्देश्यका साथ आएको हुन्छ। त्यसकारण उसको पहिलो लक्ष्य भनेको लक्ष्मीको खोज नै हुन्छ। तर यत्रो ठूलो सहरमा खोज्ने कसरी ? समस्या उसका सामु अझ जटिल रूपमा तेर्सिन्छ। होटलमा रहँदा बस्दाको समयमा हायनरिखले नेपाली होटलमा आफ्ना मौलिकताका केही पहिचान नभएको तर अनुकरणले कुनै विदेसी होटलमा नै रहेको छु कि भन्ने साथै आफू नेपाल आउनु भन्दा अगाडि नै अमेरिका नेपालमा आएको भन्ने आभास व्यक्त गर्छ।

प्रस्तुत उपन्यासमा राजधानी काठमाडौंको रात्रीकालीन परिवेशलाई पनि मुख्य रूपमा झल्काइएको छ। काठमाडौमा बढ्दै गएको लुटपाट, चोरी, डकैती, वेश्यावृत्ति जस्ता विकृतिलाई उपन्यासमा विभिन्न पात्रका माध्यमबाट देखाइएको छ। रत्नपार्कमा हायनरिखसँग सहयोगको हात बढाउँदै हायनरिखको पाकेट मार्ने सानुभाइ नेपाली जस्ता व्यक्तिहरू नेपाली समाजका छद्मभेषी चरित्रहरू हुन्। त्यस्तै त्यहाँ देखिएकी अर्की युवती ग्राहकको प्रति साक्षर अवस्थामा देखिएकी छिन्। यसका साथै सडक बालबालिकाको निरीह अवस्थालाई पनि उपन्यासमा चित्रित गरिएको छ। कुनै विदेशी पर्यटक देख्नासाथ गिद्धले सिनो लुछे झैं लुछ्न पछि नपर्ने यी सडक बालबालिकाले विदेशी पर्यटकलाई दिएको दुःख उपन्यासमा प्रष्ट रूपमा चित्रण गरिएको छ। यसबाट कोही पनि व्यक्तिले प्रष्ट रूपमा तत्कालीन समयको नेपालको परिवेशबारे जानकारी लिन वा बुझ्न सक्छ। आर्थिक पक्षबाट पिछडिएको नेपालका लागि अझ जर्जर बनाउने यी समाजका कु-तत्त्वहरू मानिन्छन्। यसबाट एकातर्फ देशको दयनीय अवस्था झल्कन्छ भने अर्कातर्फ अन्तर्राष्ट्रिय स्तरमा समेत नकारात्मक सन्देश फैलन्छ।

प्रस्तुत उपन्यासमा एउटा विदेसी पर्यटकको हेराइमा काठमाडौ सहरको परिवेशको चित्रण गरिएको छ। वास्तवमा विदेसीहरू जुन सोचाइका साथ नेपाल आउँछन्; यहाँ उनीहरूको कल्पनाको नेपाल र यथार्थको नेपालमा आकाश र पातालको फरक पाइन्छ। अहिलेको नेपाल संस्कृतिको अन्धानुकरण गर्न तल्लीन नेपाली मानिन्छ। यहाँ हरेक करामा अनुकरण मात्र गरिएको पाइन्छ। व्यक्ति स्तर देखि राष्ट्रियस्तरसम्म अनुकरणको होड नै चलेको पाइन्छ। यही होडको दौडानमा सबैले आ-आफ्नो प्रकारका मौलिक स्वरूप पाउन सकिन्छ। त्यस मौलिक स्वरूप नै उनीहरूका पहिचानहरू हुन्। कुनै एक देशबाट अर्को

देशमा भ्रमण गर्ने पर्यटकले तिनै मौलिक स्वरूपको अभिरुचिका साथ आफ्नो गन्तव्य निर्धारण गर्छन् ।

उपन्यासमा जर्मनी मूलको तर अमेरिकी नागरिक हायनरिख नेपालका यिनै मौलिकपन नियाल्न र पारख गर्न यहाँ आएको हुन्छ । ऊ चाहन्छ नेपालका हरेक चिजबिजले उसलाई लोभ्याउन, मोहित पारुन र ऊ ती सबैको मौलिकपन देखेर रमाउँदै जाओस् । हायनरिखका ती आकांक्षाहरू पूरा हुन सकेनन् किनकि नेपाल आएका भोलिपल्ट देखि जहाँ जता गएपनि अन्य देशका अनुकरण गरिएका प्रशस्त चिजबिजहरू देख्न थाल्यो । अझ मुख्यरूपमा ऊ बसेको होटलको व्यवस्थापन सजावट हेर्दा आफू कुनै अमेरिकन संस्कृतिमा नै बसिरहेको त छुइन भन्ने संकेत दिन्थ्यो ।

“अँ त मिस्टर गोल्डम्यान ! तपाईं ह्याँ एक-दुई महिना त अवश्यै बस्नुहोला, बस्नुहन्न ? अवश्य बस्नोस् ? तपाईंजस्ता सौखिन फरेनरका लागि यहाँ धेरै छन् । राम्राराम्रा कुरा, सुन्दर कुरा । तपाईं यहाँ पूरा मनोरञ्जन पाउन सक्नुहुन्छ, क्यापिटल एन्ज्वाएमेन्ट” (पृ. ४७) ।

अमेरिकी परिकार, अङ्ग्रेजी, फ्रान्सेली, इटालियन, स्पानिस, चिनियाँ, रुसी, जापानी यी कुनै पनि खाद्यपदार्थमाथि उसको मोह थिएन । यी त उसले जन्मेदेखि आजसम्म नै उपभोग गर्दै आएका पदार्थ हुन् । यिनप्रति उसलाई के चाख हुन सक्छ उसलाई यहाँ अर्कै खालका पदार्थको अपेक्षा थियो - शुद्ध, स्थानीय खाद्यपदार्थ, यहीँकै माटो बसाउने खालका ।” (पृ. ४९)

हायनरिख होटलमा रहँदाका यी परिवर्तित नेपाली परिवेशहरू दिन प्रतिदिन काठमाडौंका अन्य पक्षहरूसित मिल्न कुनै समय नै लागेन । यहाँका हरेक वस्तु पदार्थदेखि लिएर जनजीवन समेतमा यही क्रम पाइनु सामान्य मानिन्छ ।

फेरि यहाँका मानिसमा स्वदेशी मोहभन्दा विदेशी मोह नै ज्यादा देखिन्छ । उनीहरू विदेशी मानिसहरूसँगको आपसी सम्बन्ध बढाउनुलाई आफ्नो इज्जत र गौरवसँग तुलना गर्छन् । आफ्नो बडप्पन देखाउन होटलका बारमा जाने, राती अबेरसम्म रक्सी पिउँदै सुन्दरीसँग नाच्ने उनीहरूको दैनिकी नै हुन्छ ।

हाइनरिखसँग होटलमा सोही किसिमको परिस्थितिमा रेमन्ड राणाको भेट हुन्छ । रेमन्ड राणा अर्थात् रेमन्ड शमशेर जङ्ग बहादुर राणा, नेपालको एक समयको शासक परिवार अन्तर्गतको सन्तान । तर शासनसत्ताबाट राणाहरू च्यूत भएपनि धाम रवाफ देखाउन भने

छाडेनन् । उनीहरूको सौखिन र विलासी स्वभाव घट्न सकेन । रमेन्ड राणा पनि ठीक यस्तै स्वभावको छ । चिल्ला गाडी चढ्नु, राम्रा लुगा लगाउनु प्रत्येक साँझ होटलको बारमा सुन्दरीका साथ बिताउनु, जस्ता उसका दिनचर्या रहेका छन् । रेमन्ड प्रत्येक दिन होटलमा आउने क्रममा नै हायनरिखसँग उसको भेट हुन्छ । गोरो अनुहार र कुइरा आँखालाई साथी बनाउन प्राथमिकता दिने रेमन्ड प्रथम भेटमै हायनरिखसँग परिचयको हात बढाउँदै जान्छ । यही क्रममा उसले आफ्ना दाजु र भतिजीका साथ हायनरिखको परिचय गराइ दिन्छ । हायनरिखसँग परिचित हुन पाएकोमा चम्पक र इलेन औधी खुसी हुन्छन् ।

वास्तवमा रेमन्ड लगायतका राणा परिवारका माध्यमद्वारा उनीहरूको बिलासी प्रवृत्ति देखाइएको छ साथै आफ्नो गुमेको अधिकारको पुनप्राप्तिका लागि कटिबद्ध देखाइएको छ । तत्कालीन समयमा नेपालमा राणा शासनको प्रभावका बारेमा समेत उपन्यासमा बिस्तृत वर्णन गरिएको छ । यसबाट सर्वसाधारणले पाएको सास्ती हैरानी र त्यसबाट परेको असरका कारण जनताहरू अशिक्षित, अस्वस्थकर आदि भएको उल्लेख गर्न सकिन्छ । प्रस्तुत उपन्यासमा रेमन्ड राणाको दाजु चम्पक राणालाई अझ खलभूमिकामा प्रवृत्त पात्रका रूपमा देखाइएको छ । ऊ आफ्नो महत्त्वाकांक्षामा पुग्न जस्तो सुकैपनि मूल्य चुकाउन चाहन्छ । वास्तवमा रेमन्ड र चम्पक राणा यस उपन्यासमा प्रतिनिधि पात्रका रूपमा आएका छन् । उनीहरू मार्फत तत्कालीन समयको राणा शासनको झलक देख्न पाइन्छ ।

प्रस्तुत **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको परिवेश विश्लेषण गर्ने क्रममा काठमाडौंको परिवेशलाई जटिलरूपमा लिइएको छ । काठमाडौंको परिवेश मिश्रित परिवेश मिश्रित परिवेश मानिएको छ । काठमाडौं नेपालको राजधानी भएकोले देशको सम्पूर्ण पक्षहरूसित सम्पर्क हुनका साथै केन्द्र नै मानिन्छ । त्यसैगरी अन्तर्राष्ट्रिय क्षेत्रसँग पनि सम्पर्क स्थापित हुनाले यहाँ विशेषगरी राष्ट्रिय अन्तर्राष्ट्रिय व्यक्तिहरूको ठूलो जमघट हुने गर्छ । यहाँ अनेक किसिमका मानिसहरूको जमघट नै हुने गर्छ । काठमाडौंका विभिन्न ठाउँहरू कुनै न कुनै विशेषताले गर्दा प्रसिद्ध छन् । उपन्यासमा विशेषगरी काठमाडौंका दरबारमार्ग, रत्नपार्क, असन, न्यूरोड, टुँडिखेल, कमलादी, नक्साल, साँखु, बौद्ध, स्वयम्भू, वसन्तपुर दरबार आदि ठाउँहरूको चर्चा गरिएको छ । उपन्यासको प्रमुख पात्र हायनरिख काठमाडौं सहरका यी स्थानमा आफ्नो अभीष्ट पूरा गर्न घुमफिर गर्छ । एकपटक काठमाडौं आउने वित्तिकै साँझपख रत्नपार्क घुम्न निस्कँदा केही सडक बालबालिकाहरूले उसलाई घेरका थिए । ती बालकहरूले पैसा मागेर उसलाई दिक्क पार्छन् । ठीक त्यसै बेला एकजना

युवक आएर ती मगन्ते केटाहरूलाई धपाउँछ । त्यस युवक हायनरिखसँग परिचय अघि सार्दै काठमाडौँको यथार्थ वृतान्त सुनाउँछ । हायनरिखले बुनेको सुन्दर नेपालको सपना त्यस युवक सानुभाइ नेपालीको बयानपछि टिक्रिन्छ । सानुभाइले हायनरिखलाई त्यहाँ उपस्थित रोजगारी साथै बेरोजगारी मानिसको वृत्तान्त सुनाउँछ। उसको यस वृत्तान्तमा सुन्दर नेपालको कहालीलाग्दो साथै विभत्स रूप देखा पर्छ। तर यस्तो मिजासिलो स्वभावको सानुभाइको वास्तविक रूप भने हायनरिखले आफू होटलमा पुगेपछि आफ्नो पैसाको पर्स नभेट्दा नै थाहा पाउँछ । किनकि हायनरिखसँगको गफका क्रममा सानुभाइले नै पर्स झिकेको हुन्छ ।

काठमाडौँको रत्नपार्कको वास्तविक स्वरूप निकै घिनलाग्दो भए झैँ उपन्यासमा पनि सोही अनुसारको नै देखाउन खोजिएको छ। एउटा विदेशीले आफ्नो बसाइका क्रममा कतिपय कुरालाई नौलो रूपमा स्वीकार्छ भने कतिपय कुरालाई अस्वभाविक ठान्छ। हेर्दा सज्जन देखिने एउटी महिला केही पुरुषहरूको नियन्त्रणमा स्वीकार गर्दै ट्याक्सी भित्र बसेकी र ती पुरुषहरूले चारैतिरबाट घेरेको दृश्य हायनरिखलाई अनौठो लाग्छ ।

“एउटा ट्याक्सी महिलानिरै आएर किनारामा अड्यो । ट्याक्सीको ढोका खुल्यो एउटा पुरुष-हात निस्केर महिलातिर कुनै खास सङ्केतमा लहरायो। महिलाको सशङ्क र हच्केको दृष्टि एकपल्ट चारैतिर घुमेको थियो। हायनरिखले त्यसको एक झलक महिलाको लरखराएको व्यक्तित्व र उसको अनुहारमा क्षणको लागि उम्रेको अपराधबोधको एक झलक पायो । अनि तत्कालै उसले देख्यो - त्यो तरुनी ट्याक्सीको खुल्ला ढोकाबाट भित्र तानिई र त्यसपछि धमिलो उज्यालोमा दुई आवारा देखिने पुरुषका बीच एउटी नारीको व्यक्तित्व च्यापिएको देखियो । ट्याक्सी हिँड्यो ।” (पृ. ५६)

हायनरिख ती सम्पूर्ण दृश्यलाई एक एक गरेर अवलोकन गर्छ । उसका दिमागमा ती पाँच-सात जना दरिद्र माग्नेका सन्तानहरूको छाँया आउँछ। हायनरिखले दरिद्रको यो पराकाष्ठ रूप कहिल्यै देखेको थिएन । उसका देशमा यस्तो तिक्ततापूर्ण दृश्य देख्न पाइन्न । अर्को दृश्य थियो ती केटाहरूले एउटी केटीलाई ट्याक्सीमा राखेर लगेका । हेर्दा सामान्य प्रायः लाग्ने दृश्य भएपनि हायनरिखले त्यसलाई सामान्य ठानेन । जीविकोपार्जनका नाममा कुनै महिलाहरू कति हदसम्म गिरेर आफ्नो अस्मिता लुटाउँछन् भन्ने उसलाई लागेको थिएन । त्यस्तै अर्को दृश्य वा आफैले भोगेको पीडा भनौं, पाकेट मारिनु हो । रत्नपार्कमा डुलेका समयमा हायनरिखका छेउमा आएर दरिद्रकेटाहरूबाट बचाउने युवक थियो सानुभाइ नेपाली  हेर्दा शिक्षित जस्तो देखिने यस युवकले नै महामारीका कीटाणुजस्ता ती

दरिद्रकेटाहरूबाट हायनरिखलाई मुक्त पारिदियो। साथै त्यो गुणको बदला स्वरूप हायनरिखको पैसाको पर्स पनि कति बेला हो थाहा नै नपाइकन निकालिदियो। यी सम्पूर्ण दृश्यहरू उसको दिमागमा नाचिरहन्छन्। वर्तमान समयमा अनेक विकृति विसंगति बढ्दै गएको छ र काठमाडौंको परिवेशमा दिनप्रति दिन विकृत रूप देखा पर्दै आएको छ।

प्रस्तुत **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको परिवेश विश्लेषणका क्रममा प्रायः सम्पूर्ण पक्षलाई समेट्ने प्रयास गरिएको छ। आलोचनात्मक यथार्थवाबदमा मुख्यतया आधारित रहेर लेखिएको यस उपन्यासले समाजको शासनसत्ता नै ओगटेर बसेका शक्तिस्रोत समेतलाई नग्न रूपमा प्रस्तुत गर्न सफल बनेका छन्। २०३६ देखि २०४७ सालसम्मको पर्यावरणलाई वस्तु बनाएर लेखिएको प्रस्तुत उपन्यासमा नेपालको पञ्चायती व्यवस्थाका नियन्ता र कार्यकर्ताहरूका दृष्कृत्यहरूलाई तत्कालीन परिवेशमै अनवृत गर्ने काम यस उपन्यासमा भएको (सुवेदी, २०६४: २२८)। त्यसैले प्रस्तुत उपन्यासलाई तत्कालीन समयको यथार्थ झलक पस्कने दर्पणका रूपमा लिन सकिन्छ।

नेपालको राजनीतिक पद्धति प्रजातन्त्र भने पनि र पञ्चायत भने पनि हालसम्म पूँजीवादी पद्धतिकै उपजका रूपमा रहेको पाइन्छ। इतिहासको लामो समयदेखि वर्तमानसम्म यस विकृत परम्पराको मुख्य कायम छ भन्ने कुरा प्रस्तुत उपन्यासमा आलोचनात्मक ढङ्गले प्रतिपादन भएको छ। २०३० सालपछि नेपालको राजनीतिक पर्यावरणमा देखिएका विकृतिहरू र परिवेशमा देखिएका विसंगतिहरू अनि मुलुकमा भएका सांस्कृतिक सम्पदामाथिका बलात्कारहरू यस उपन्यासमा आवश्यक रूपमा प्रस्तुत भएका छन् (सुवेदी २०६४ : २२५)। मुलुकको राजनीतिक शक्ति, अर्थ व्यवस्था, सामाजिक सांस्कृतिक मुल्य मान्यता मात्र नभएर प्राकृतिक स्रोत र साधनहरू तिनै अभिजावर्गका नियन्त्रणमा नियन्त्रित रहन्थ्यो। त्यसैले मुलुकको सत्ता सञ्चालनका स्रोत लगायतका पक्षहरूमा यिनै अभिजातहरूको एकाधिकार थियो। तत्कालीन समाजमा व्याप्त विकासग्रस्त संस्कृतिका कारकतत्त्वहरू तिनै अभिजाहरू बनेका थिए। नेपाली परिवेशका २०३० र २०४० को दशकमा प्रचलित कथ्यलाई उपन्यासले आफ्नो केन्द्रमा राखेर प्रस्तुत गरेको छ (सुवेदी, २०६४ : २२५)। एकातर्फ पञ्चयती शासक अर्कातर्फ तिनै अभिजातवर्गको शोषणमा देश र जनताले धेरै ठूलो कष्ट खेप्नु परेको थियो।

प्रस्तुत **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा नेपालको इतिहासमा लामो समयसम्म सत्ताकब्जा गरेर बसेका अभिजात वर्ग राणाहरूको बारेमा चित्रण गर्ने काम भएको

हो । नेपालको राजनैतिक इतिहासमा राणाहरूले १०४ वर्षसम्म प्रत्यक्ष शासनसत्ता सम्हाले पनि अप्रत्यक्ष रूपमा वि.सं. २०४६ सालमा प्रजातन्त्रको प्राप्तीहुन्जेल आधिपत्य जमाएका थिए । त्यस समयमा देशका महत्त्वपूर्ण विभागमा राणाहरूकै प्रभाव रहेको थियो । जनताहरूले स्वतन्त्रतालाई आत्मसात् गर्ने अवसर मिलेको थिएन । देशमा बढ्दो मात्रामा हत्या, हिंसा, बलत्कार, चोरी डकैती जस्ता विकृतिहरू व्याप्त थिए । भ्रष्टाचारले देशलाई भित्र भित्रै खोक्रो पारेको थियो । साधारण जनताहरू आफ्नो हात मुख जोर्न समस्याका लागि संघर्षरत हुन्थे भने ठूला अभिजात वर्गहरू मोजमज्जा गरेर विलासी जीवन विताउँथे । निम्नवर्गको पीर व्यथा बुझ्ने कोही थिएन । केन्द्रीयस्तरमा र निम्नस्तर बीचमा सम्पर्कको अभाव थियो । यी सबै परिस्थिति सिर्जना गर्नमा चम्पक शमशेर रेमन्ड शमशेर लगायत अन्य अभिजात वर्गको ठूलो हात थियो ।

उपन्यासमा तत्कालीन समयका अभिजात्य वर्गका बाहिरी आडम्बरलाई उदङ्ग्याइएको छ । राणाहरू भोग विलासप्रति लालायित हुन्थे । उनीहरू सूरा र सुन्दरी भनेपछि हुरुक्क हुन्थे । त्यसैले उनीहरूको दिनचर्चा प्रायःजसो होटलको बार तथा डिस्कोमा बित्ने गर्थ्यो । एकातर्फ पुरुषहरू बाह्य रूपमा भोग विलासतर्फ देखिन्थे भने अर्कातर्फ तत्कालीन समयका महिलाहरूमा पनि यो प्रवृत्त पाइथ्यो । उनीहरू मोजमस्ती गर्ने साधनका पिकनिक, पार्टी, डिस्को, बारलाई लिन्थे । कहिलेकाँही उनीहरू होटल पनि जाने गर्दथे तर होटलमा गएर के गर्थे भन्ने कुरा गोप्य नै रहन्थ्यो । तत्कालीन समाजका महिलाहरूको प्रतिनिधि पात्रका रूपमा हामी उपन्यासमा मीरालाई लिन सक्छौं । उपन्यासमा मीरा अभिजात्य वर्गको ओढ्ने ओढेर घृणित रूपमा देखा परेकी छे । मीरा हायनरिख बसेको होटलमा अकास्मात आउँछे र निर्लज्ज पाराले हायनरिखसँग आफूले चाहेको मन लागेको गर्न अनुरोध गर्दछे ।

“तपाईंलाई मोज गर्नु छ भने यहाँ छु, जसरी मन लाग्छ, त्यसरीनै आफ्नो धोको पुऱ्याउनुहोस्, मेरो मन्जुरीतिर ध्यान नदिनोस् । होइन भने नानाकुटी खरख्वाइँ किन ? म तपाईंको जिरहको जबाफ दिन आएकी त होइन नि (पृ. ६८) ।”

एउटा विदेशीको साम् नेपाली समाजकी अभिजात वर्गकी महिलाको यो क्रियाकलापले कति हदसम्म निचताको सन्देश दियो, त्यो हायनरिखलाई मात्र थाहा थियो । उसले लक्ष्मीबाट नेपालीसमाजका नारीबारे निर्मल, कञ्चन हृदयबाट निस्केको पतिव्रता भावनात्मक सम्बन्ध मात्र सुनेको थियो र त्यसैको रूपमा सबै नारीलाई हेर्ने गर्दथ्यो । तर

आज ठीक विपरित परिस्थिति पायो । उसका नारीलाई हेर्ने गर्दथ्यो । तर आज ठीक विपरित परिस्थिति पायो । उसकि साम् उसको कोठाको ढोका ढ्क ढ्क पार्दै एउटी अभिजात वर्गकी महिला आफूलाई भोग्न, मन लागेको गर्न अनुरोध गर्दैछे । ती महिलाले यो सबै गर्नुको पछाडि अभिजात्य वर्गको रवाफलाई ढाकछोप गर्नु मुख्य कारण रहेको थियो । विदेशी ग्राहकबाट बटुलेको पैसाले ऊ आफ्ना लुगाकपडा श्रृङ्गार लगायत सिनेमा, पार्टी पिकनिक र होटल जस्ता आवश्यकता पूरा गर्थी । यस कार्यका लागि मेनेजरले महिलालाई फोन गरेर बोलाउँछ त्यसवापत महिलाले मेनेजरलाई कमिसन दिनुपर्ने हुन्छ ।

"मैले पाहुनाबाट कमाएको पैसाबाट उसको भाग दिनुपर्छ । नत्र उसले मेरो सट्टा अर्कैलाई खबर दिन सक्छ र कमाइ अर्कैको हातमा पर्न सक्छ । ... न ... न, उसको दोष छैन, मैले नै आफ्नो जरुरतले मलाई यस्तो मौका दिने अनुरोध गरेकी हुँ । नत्र उसलाई केटीको के खाँचो ? म जस्ता अनुरोध गर्न आउने नैगन्ढा केटी छन् उससँग; सबै हैसियतका, ठूला घर, सानाघर, सबै खानदानी । मैले यस्तो मौका पाउन उससँग कति खुसामद गर्नु परेको थियो । उससँग धेरैले खुसामद गर्छन् ।" (पृ. ६८) ।

होटलमा आएकी मीराको उक्त भनाइबाट के स्पष्ट हुन्छ भने काठमाडौँको उक्त अभिजात वर्ग भनिने माथिल्ला स्तरका मानिसहरू नै यस्ता विकृतिका सर्जकहरू हुन् । बाहिरबाट उनीहरू अभिजातीय वर्ग देखिए तापनि भित्र भित्र अनैतिक कार्यद्वारा जीवन चलाएका हुन्छन् । समाजमा अभिजात वर्ग भएकाले उनीहरूको धाक रवाफ ठूलो हुन्छ । उनीहरू सामान्य जनतालाई तुच्छ ठान्दछन् भने आफूलाई माथिल्ला वर्ग ठान्दछन् । त्यही आडम्बरलाई ढाकछोप गर्न समाजमा अनेक विकृति चलाएका हुन्छन् । मीरा मात्र नभएर यो समाजमा अनेकौं मीराहरू छन् जो आफ्नो स्तरलाई यथावत राख्न मौका आउना साथ हायनरिखजस्ता विदेशीहरूका साम् नाङ्गिन लालायित हुन्छन् । यो नै आजको अभिजातीय समाजको वास्तविकता हो ।

हायनरिखका साम् यी सम्पूर्ण दृश्यहरू नाचिरहन्छन् । नेपाली परिवेश प्रतिको नकारात्मक धारणा उसमा अझ विकास हुँदै जान्छ । आजको समाजले सिर्जना गर्न चाहेको परिवेश यहि नै हो र ? यसका सर्जकहरू हामीहरू नै हौं र ? यो प्रश्न अनुत्तरित रहन्छ । बरु एउटा विदेशका मनमा राष्ट्रियता, जातिप्रेम र मानवता रहन्छ तर किन आज नेपालीमा यो सब गुणहरू रित्तिँदै गइरहेको छ ? आजको मानिस किन अहमताको खोल ओढेर खोक्रिँदै गइरहेछ ? यी सब प्रश्नहरूको उत्तर प्रस्तुत उपन्यास सागर उर्लन्छ सगरमाथा छुन ले थोर

बहुत मात्रामा दिन सकेको छ । सबैभन्दा महत्त्वपूर्ण आजको युगीन परिवेशतर्फ उपन्यास केन्द्रित हुनु हो ।

प्रस्तुत **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको परिवेश विश्लेषणका क्रममा सहरिया परिवेशको अन्तर्गत काठमाडौंको परिवेशलाई जटिल एवम् व्यापक परिवेशका रूपमा लिइन्छ । काठमाडौं विश्वबजारको एउटा मुख्य केन्द्रमध्ये एक हो त्यसकारण यहाँ राष्ट्रिय अन्तराष्ट्रिय नागरिकहरू आ-आफ्ना स्वार्थले वा उद्देश्यले आउनु स्वभाविक मानिन्छ र मानिसको चाप पनि अत्यधिक हुने गर्छ । यसरी आवतजावत गर्ने क्रममा संस्कृति समेतको आदान प्रदान हुन्छ । यही संस्कृतिको आदानप्रदानका सन्दर्भमा नेपालीहरू नकारात्मक विषयलाई पनि आत्मसात गर्न पुगेका देखिन्छन् । यस कार्यमा केही सीमित व्यक्तिहरूको प्रमुख भूमिका रहन्छ । यस्तै किसिमको गतिविधिमा चम्पक रेमन्ड लगायतका केही व्यक्तिहरू संलग्न देखिन्छन् ।

२०१७ सालदेखि नेपालको राजनीतिक आकाशमा अभिजात्य तन्त्रको बादल नयाँ रङमा मडारिन थाल्यो । राजनीतिक र अर्थक्षेत्रका स्वतन्त्रता, वाक् तथा प्रकाशनक्षेत्रका स्वतन्त्रता, मानवमुक्ति र नारी -अस्मिताका स्वतन्त्रता, नागरिक सुरक्षा र सार्वभौमिक स्वतन्त्रता नेपालको दरबारमा बन्दी बन्न पुगे (सुवेदी २०६४ : २३२) । त्यस समयको फाइदा उठाएर रमेन्ड चम्पक लगायतका अभिजात वर्गहरूले देशमा लागु औषधको कारोबार सुरु गरे । उनीहरूले सोझा साझा युवा वर्गलाई यस कार्यका सहयोगी रूपमा हात लिए ।

देशका आकाशमाथि दुर्भिक्षको कालो बादल झनझन बाक्लिँदै गएको देखेर कुनै पनि सचेत मानिसले यसको विश्लेषण गर्दा देशको धरतीमाथि विनाश र ध्वंसको असिना बर्सेर यसको अस्तित्व खतरामा पर्ने कुरा प्रस्ट देख्न सक्थ्यो । विदेश व्यापारको नाउँमा तस्करीले प्रश्रय पाउँदा र त्यसको लागि ढोका खुला हुँदा देशको वास्तविक शुद्ध वाणिज्य-व्यापार नष्ट हुँदै गएको थियो । (पृ. ११५)

देशको यस्तो स्थिति हुँदा समेत यसबारे कसैको ध्यान गएन । किनभने यसले सबैको स्वार्थपूर्ति गरिदिएको थियो । देशमा सच्चा र इमान्दार व्यापारी र उद्योगपतिको अभाव थियो । देश र जनतालाई चुसेर रातारात करोडपति बनेका नवधनिकहरूको संख्या बढ्दो थियो । उनीहरू आफ्नो देश र जनताबाट चुसेको करोडौं अरबौं रुपियाँ विदेशमा लगेर थपार्नुमा आफ्नो गौरव ठान्थे । यसप्रकारको सम्पूर्ण देशको वाणिज्य-व्यापारको लगाम नवधनिकहरूले समातेका थिए ।

प्रस्तुत उपन्यासमा यस्तै नवधनिकहरूले नाइके चम्पक शमशेर ज.ब.रा. ले आफ्नो महलमा रात्री भोजको आयोजना गरेर आफ्ना समूहका सम्पूर्ण नव धनाढ्यहरू वा सहपाठीहरूलाई निमन्त्रणा गर्छ। त्यस समयसम्ममा हायनरिख चम्पककै निमन्त्रण स्वरूप पेइङ्ग गेस्टका रूपमा उनीहरूकै घरमा बस्दै आएको हुन्छ। यसै रात्री भोज मार्फत हायनरिखले चम्पक र रेमन्डको व्यापार बारेको वास्तविकता थाहा पाउँछ।

भोजमा आउने अतिथि महाशयहरू हातमा गुलाफी तरलताको इन्द्रधनु चराले छचल्केका गिलासहरू खनाउन थाले। उनी एक आपसमा गफमा व्यस्त दखिन्थे र आफ्ना व्यापारका सफलता असफलता बारे गतिविधिमा व्यस्त थिए। रमेन्ड राणा बडो उत्साह र फुर्तीका साथ प्रत्येक पाहुनाका गिलासमा खाली हुन नपाउँदै रक्सी भरिदिन्थ्यो। यस भोजको उद्देश्य थियो उनीहरूको व्यापारको लेखाजोखा गर्दै भावी योजना तय गर्नु।

"त श्रीमानहरू ! यहाँहरूको कारोबार त राम्रै चलिरहेको छ होला" - चम्पक भन्दै गयो - 'तपाईहरूलाई आफ्नो क्षेत्रमा कुनै असुविधा र अप्ठेरो परेको छ भने भन्नु होला, म नं. १ मा सोझै सूचना पुऱ्याउने प्रबन्ध गर्छु।" (पृ. १२८)।

चम्पकले आफ्ना साथीहरूलाई राखेको यो जिज्ञासाबाट हाइनरिखमा उनीहरूको व्यापार व्यवसाय केसँग सम्बन्धित छ भन्ने कुरा बुझ्न कठिन भएन।

"ठीक छ" - चम्पकले भन्यो - "तपाईंहरूको कामबाट नं. १ सन्तुष्ट हुनुहुन्छ हेर्नोस, हाम्रो कारोबारमा जोखिम त धेरै नै छ। तर जोखिम नउठाई विजिनेसमा त्यसमा पनि माथ्लोखाले बिजिनेसमा सफलता मिल्दैन। मुख्य कुरा के भने हामीमा परस्पर विश्वास र इमान्दारीको भावना बलियो हुनुपर्छ। ... त्यसबाट अलिकति पनि डिग्यो भने परिणाम तपाईं - हामी सबैलाई थाहै छ।" (पृ. १२९)

चम्पकको उक्त भनाइपछि उपस्थित सबै अतिथिवर्ग गम्भीर देखिएकामा यो कुनै सरल एव्म कानुनी मान्यता प्राप्त व्यापार रहेनछ भन्ने ज्ञात भयो हायनरिखलाई। तत्कालीन समयमा आभिजात्य वर्गले गरेको करतुतलाई यस उपन्यासमा चम्पकमार्फत चरितार्थ गरिन्छ। उनीहरूको सम्पर्क उच्च पदस्थ सबै वर्गसँग हुन्छ। त्यसैकारण त हायनरिखको भिसाको म्याद सकिएर प्रहरीले थुन्दा समेत रेमन्डको आग्रहमा चम्पकले एस.पी. समेतलाई थर्काएर तुरुन्त हायनरिखलाई मुक्त गरिदिएको थियो र हायनरिखप्रति निगाहा गरी दिए जस्तो गरी विस्तारै पासो थापेको थियो।

"अँ, तिमीले हाइनरिख वेन गोल्डम्यान भन्ने अमेरिकी केटालाई हिजो राति आफ्नो पासोमा पार्‍यौ रे होइन ? किन ? के अपराध गर्‍यो त्यसले ?" चम्पकले रुखो स्वरमा भन्यो । हायनरिखको उल्लेखले एस.पी. सशङ्क भयो । उसले केही हच्केको स्वरमा भकभकाउँदै भन्यो - "अ ...अ... अपराध त त्यस्तो केही होइन, त्यो अमेरिकी भिसा सिद्धिएर पनि लुकीलुकी हिँडिरहेको थियो, त्यसैले ।" (पृ. ९३)

हायनरिखको उद्धारपछि चम्पकले आफ्नो योजना सफल बन्दै गएको ठान्यो । उसले हायनरिखलाई आफ्नै घरमा पेइङ्ग गेस्टका रूपमा राखेपछि आफ्नो व्यवसायमा संलग्न गराउने उद्देश्यले आफ्नो प्रयोगशालाको इन्चार्जका रूपमा नियुक्त समेत गर्‍यो । "होइन दाई" - रमेन्डले कुरा बीचैमा उछिनेर भन्यो - "अब मिस्टर गोल्डम्यानलाई हाम्रै अर्गनाइजेसनमा उसको क्वालिफिकेसन अनुसारको एउटा स्थायी जिम्मेवारी सुम्पनुपर्‍यो .... "

..."तर सर केही होइन ... अँ रेमन्ड ! हाम्रो अर्गनाइजेसनले एउट ल्याब खोल्ने - औषधिप्रशोधन ल्याब, ड्रगको ल्याब खोल्ने निधो गरेको छ । ... त्यसको मुख्य इन्चार्जको रूपमा मिस्टर गोल्डम्यानलाई ... के रे ? ... पर्मानेन्ट सेटल गराउने विचार लिएको छु, कसो ? तिमी के भन्छौ ?" (पृ. १७९)

प्रस्तुत उपन्यासमा राणाको हैकमवादी शासनसत्ताको विश्लेषण गरिएको छ । राणाको उक्त अभिव्यक्तिप्रति हायनरिख पनि निकै सशङ्कित देखियो । अब कुन कुराको, कस्तो व्यापारको सञ्चालन हुन जाँदैछ र त्यसमा ऊ स्व्यम् कुन हैसियतमा फस्न जाँदै छ भन्ने बुझ्न हायनरिखलाई गाह्रो भएन ।

"सिङ्गापुरबाट आएको फ्लाइट नं. २४४ मा हाम्रो माल आएको थियो २४० किलो, त्यो भन्सारमा रोकियो । यो सब त्यो डि. एस.पि. पाँडेको बदमासी हो । त्यसलाई अब एउटा गतिलो पाठ नपढाई भएन । अहिले एस.पी. बूढो पनि त्यहीँ पुगेको छ । उसलाई बोलाइहाल" चम्पकले रेमण्डको अनुहारमा कठोर आखाँले हेरेर भन्यो ।" (पृ.१८१)

वास्तवमा यस उपन्यासले भ्रष्टाचार, कालाबजारी, तस्करी लागु औषध ओसारपसारको भण्डाफोर गरेको छ । तत्कालीन समय परिस्थितिमा एउटा सामान्य नेपाली जनता एक गाँस भात र सागका लागि दिनभरि पसिना चुहाउँछ भने अर्को नेपाली आफूलाई उच्च पदस्थ नेतृत्व वर्ग अन्तर्गत राखेर तिनै निमुखा जनताको रगत पसिना चुस्छ । त्यति मात्र होइन देशका युवा वर्गलाई लक्षित गरेर तिनीहरूको जोश जाँगरको दुरूपयोग गरी आफ्नो स्वार्थ पूरा गर्ने उद्देश्यले उनीहरूलाई कुलतमा फसाउन थाल्यो । हुनत चम्पकले

औषधि अनुसन्धानशालाको पवित्र उद्देश्यका साथ स्थापना गरी हायनरिखलाई इन्चार्जका रूपमा नियुक्त गर्यो तर यहाँ पवित्र र राष्ट्रिय उद्देश्यको आडमा कति जघन्य अपराधको श्री गणेश भएको छ भन्ने कुरा कसैलाई थाहा छैन ।

"...भूमिगत राज्यको सञ्चालनमा चल्ने यस अनुसन्धानशालामा अनेक किसिमका विषालु औषधिहरू मिसाएर नक्कली औषधि बजारमा फैलाएर करोडौं मुनाफ कमाइन्छ; देश-विदेशबाट घातक लागू पदार्थको तस्करी गरेर देशका कलिला भावी सन्तानको जीवनलाई रसतल पुऱ्याउन सामल जुटाइन्छ। यसै केन्द्रबाट देशका सम्पूर्ण भागमा लागू पदार्थको घातक वितरण हुन्छ ।" (पृ. १८९)

समयका विभिन्न कालखण्डमा देशले कस्ता दमन र अत्याचार सहनु पऱ्यो साथै ती दमन र अत्याचारबाट सर्वसाधारण कति प्रताडित भए ? उनीहरूको सामान्य जीवनस्तर कतिमात्रामा कठिन भयो ? भन्ने विषयलाई यहाँ उक्त घटनाद्वारा स्पष्ट पार्न खोजिएको छ । हुनत अहिलेसम्म पनि नेपाल उक्त सामन्तवादी सोच र प्रणालीबाट अलग्ग रहन सकेको छैन तापनि यसको विगतको इतिहासको तुलनामा केही हदसम्म सुधारको संकेत मान्न सकिन्छ । चम्पकको यस कुकृत्यबाट हायनरिख पनि अछुतो रहन सकेन । आएर हायनरिख चम्पकको पञ्जाबाट मुक्त हुने बाटो खोजिरहेछ । तर अझ पनि कयौँ युवाहरू चम्पकको त्यस कुकृत्यको शिकार भएर अर्ध विक्षिप्त अवस्थामा तिरस्कृत जीवन बिताइरहेका छन् । तर समाजमा कृष्णराजा जस्ताको प्रशंसनीय कार्यले गर्दा त्यस्ता पीडितहरूको समयमै उद्दार हुन सके जीवन धन्य हुने थियो । समाजले कृष्णराजा जस्ता व्यक्तित्वको प्रशंसा गर्नै पर्ने हुन्छ ।

"तर जतिसुकै असफलताको सामना गर्नुपरे पनि कृष्णराजाका सहयोगीहरू हार मान्दैनथे र कृष्णराजाको मिसनप्रति दृढ निष्ठावान् रहेर आफ्नो कर्तव्यमा डटिरहन्थे । हुन पनि कृष्णराजा एउटा यस्तो व्यक्तित्व थियो, उसको संसर्गमा आएपछि कसैले पनि आफूलाई शुद्ध, पवित्र, इमानदार र निर्भिक बन्नबाट बचाउन कठिन पर्थ्यो । अनि एकपल्ट उसको स्नेह बन्धनमा फसेपछि त्यसबाट ऊ छुट्न चाहदैनथ्यो ।" (पृ. १९१)

एकातर्फ उपन्यासमा चम्पक रेमन्ड जस्ता देशद्रोही अत्याचारी र तस्करीको व्यवहार देखाइएको छ भने अर्कातर्फ कृष्णराजा जस्ता समाजसेवी र उदारवादी व्यक्तित्व पनि देखाइएको छ । चम्पकले देशमा लागू औषधको कारोबार शुरु गरेर लाखौं युवाहरूको जीवन बर्बाद पाऱ्यो । देशका प्रसिद्ध तीर्थस्थल र मन्दिरमा भएका सुन चाँदी लगायतका बहुमुल्य सामानहरू विदेश निकास गरेर प्रशस्त धन सम्पत्ति बटुल्यो । आखिरमा देशले प्रत्यक्ष

अप्रत्यक्षरूपमा यो अवस्था १९०३ देखि ने भोग्दै आएको त हो नि। वि.स. १९०३ देखि वि.सं. २००७ सम्म राणाहरूले यसैगरी देश र जनतालाई खोक्रो पारे। २००७ पछि प्रजातान्त्रिक अभ्यासका नाममा अनेक सरकारका नेतृत्वकर्ताले थोर बहुत देश र जनतामाथि निर्मम प्रहार गरे। त्यसपछि २०१७ मा राजा महेन्द्रले प्रत्यक्ष शासनसत्ता आफ्नो हातमा लिएर अझ ठूलो दमन गरे एवम् रीतले एकपछि अर्को गर्दै यो क्रम २०४६ सम्म चलेको पाइन्छ। यी सबैले देशलाई खोक्रो पार्ने काम मात्र गरेका छन्। देशका प्राकृतिक स्रोत साधनमाथिको हस्तक्षेप, मठमन्दिरमा रहेका पुराना महत्त्वका वस्तु  मूर्ति लगायतका सामानको चोरी निकासी गर्नु नै उनीहरूको प्रमुख उद्देश्य रहन्थ्यो। अर्कोतर्फ उनीहरू नै शासनसत्ताका नजिक हुन्थे। यी सबै कार्यहरूले गर्दा देश र जनताको जर्जर अवस्था हुन गएको पाइन्छ।

हायनरिख भौतिकवादले सम्पन्न राष्ट्रबाट आए पनि उसका अध्यात्मवादी सोच प्रबल रूपमा आएको पाइन्छ। लक्ष्मीको वर्णनले ऊ नेपाल र नेपालीप्रति कृतज्ञ बनेको छ। उसले यहाँका मानिसलाई सच्चा हृदयका ठानेको छ, जसरी निर्मम कञ्चन हिमनदीबाट पग्लदै नदीहरूले आफ्नो आकार र गति लिन्छन्। त्यसकारण हायनरिखको नेपाल आउनुको उद्देश्य चम्पकसँग लागेर यहाँका जनतालाई अङ्कमाल गरे झैं पिठ्युद्वारा छोप्नु होइन बरु उनीहरूको भलाइका लागि आफू बलिदान हुनु हो। यो कुरा चम्पकसँग बसेर सम्भव छैन। चम्पकसँगको सहकार्यबाट उसलाई लाखौं करोडौं नेपालीलाई मृत्युको पासो बुनिरहेको झैं पाउँछ। ती अर्का बालक जो भोलिको लागि देशका कुशल जनशक्ति हुन आज फक्रन नपाउँदै तिनीहरूको घाटी निमोठेर कमाएको सम्पत्तिले उसलाई जीवन निर्वाह गर्नु छैन बरु ऊ मर्न चाहन्छ तर देश र जनतालाई धोका दिन सक्दैन। यसैकारण उसले चम्पकसँग नबस्ने निर्णय इलेनलाई सुनाउँछ र कृष्णराजाको सल्लाह बमोजिम पहाडी जिल्लाको अस्पतालमा डाक्टरका रूपमा गएर जीवनभर त्यहाँका निर्मल कोमल हृदयहरूको सेवा गरेर जीवन विताउन चाहन्छ। त्यसको लागि उसले कृष्णराजबाट नियुक्त पत्र समेत बनाएर ल्याएको हुन्छ। तर उसलाई थाहा छ चम्पकले यो कुरा सुन्ने बित्तिकै उसलाई सिधै स्वर्गवास गराइदिन बेर छैन। तरपनि ऊ चम्पकसँग विदा माग्न जान्छ। उसले सोचेजस्तै चम्पक क्रोधित भएर गर्जन्छ तर इलेनले  बचाएर मात्र ऊ फर्कन सफल हुन्छ र त्यसै रात उसले काठमाडौं छाडेर पश्चिम नेपालको जिल्ला अस्पतालको लागि प्रस्थान गर्छ। यहाँ आएर उपन्यासमा काठमाडौं परिवेश पनि समाप्त हुन्छ।

४.२.१.२.२ **ग्रामीण परिवेश**

प्रस्तुत **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको परिवेश विश्लेषणका क्रममा काठमाडौंपछिको अर्को महत्त्वपूर्ण परिवेशका रूपमा ग्रामीण परिवेशको चित्रण गरिएको छ। चम्पकमहलबाट चम्पक शमशेरको औषधि प्रयोगशालामा इन्चार्जको जागिर त्यागेर हिँडेको हायनरिख सुदरपश्चिम जिल्लाको एउटा सदरमुकाममा पुगेर रोकिन्छ ।

"हायनरिखको बसको सफर बल्ल टुङ्गिएको थियो। अब उसले पैदलै बडेबडे डाँडाँपर्वत, गिरि-कन्दरा, खोलानाला, खोल्सा खोँच पार गर्दै चार दिनको यात्रापछि आफ्नो गन्तव्य पुग्नु थियो । अनि मात्र ऊ आफ्नो शिरमाथि मडारिरहने सहरी खतराबाट निश्चिन्त भएर साँच्चैको जीवन-सन्तोष र शान्तिको जीवन जिउन पाउनेछ। त्यहा सहरको भीडभाड हुनेछैन, महानगरको भीषण कोलाहल र आधुनिक सभ्यताको प्रदुषण हुनेछै।" (पृ. २३२)

चम्पकको शासनबाट छुट्न पाएकोमा हायनरिख निकै खुसी देखिन्छ। त्यसैगरी आफ्नो जीवनको लक्ष्य स्वरूप डाक्टर बनेर त्यस गाउँका सर्वसाधारणको सेवा गर्न पाउने भएकोमा ऊ खुसी हुन्छ। तर उसको त्यो गन्तव्य निकै टाढा अर्थात् गाडीबाट उत्रेर ४ दिनको पैदल यात्रापछि पुगिने हुन्छ ।

अमेरिकी संस्कृतिमा जन्मे हुर्केको हाइनरिखका लागि कतिपय दृश्यहरु नौला थिए। उसलाई भौतिकवादी जीवनशैली भन्दा अध्यात्मवादी जीवनशैली मनपर्छ। लक्ष्मीको नेपाल सम्बन्धी बयान सुन्दा उसले आफ्नो सम्पूर्ण जीवन नेपालमा नै विताउने सोच राखेको हुन्छ। त्यसैले नै आज ऊ आफ्नो मातृभूमि फर्कनुको सट्टा नेपालको कुनै एक पहाडी ग्रामीण भेगमा जीवन विताउन जाँदैछ। उसलाई त्यस ठाउँको के माया ? त्यहाँ उसको को छ ? न उसको रगतको नाता छ, न कुनै सांस्कृतिक सम्बन्ध छ ? तैपनि नयाँ सम्बन्ध स्थापितका लागि ऊ त्यहाँ जाँदैछ ।

"उसले अगाडितिर हेऱ्यो पर, सहरको उत्तरी सिरानतिर पहाडैपहाडका पत्र पछाडि अझसम्म पनि सन्ध्याको लाली पोतिएर सिन्दुरे आभा फैलाइरहेको हिमशैली -शिखरको भग्यता कुनै देवताको स्वर्णमन्दिरझैं आकर्षक र मोहक रूपमा चम्किरहेको थियो। यो ठाउँ यहाँबाट यति नजिक भान हुन्थ्यो, यसो हात पसार्दा नै हातमा आएर बसिदिन्छझैं लाग्थ्यो। यस शिखरलाई आजै पार गरेर त्यस पारिको सुरम्य संसारमा पुग्न सके .........। (पृ. २३२)

यसप्रकारको हायनरिख नेपाली समाज र संस्कृतिसँगको अगाध सम्बन्धले गर्दा नेपालीजनको अत्यन्त निकटमा पुगेको छ। उसलाई अन्यमानव गतिविधिले भन्दा पनि

विचित्र सामाजिक सांस्कृतिक मेलले अचम्मित तुल्याएको छ। ऊ बस्न पुगेको होटलकी लक्ष्मी थकाल्नीले हायनरिखलाई इस्ट वेस्ट सेन्टरकी लक्ष्मी शाहको याद दिलायो। ऊ सोच्न बाध्य हुन्छ कि यहाँका एक से एक सडक देखि राजमहलसम्मका केटीहरूका नाम लक्ष्मी हुँदा रहेछन्। जे भए तापनि नेपाली ग्रामीण क्षेत्रको स्वागत सत्कारमा हायनरिख आनन्दित भयो। यहाँका मानिसहरूको अतिथि सत्कारको भाव देखेर उसको मन पग्लियो। यहाँ न कुनै पाँच तारे होटल छन न कुनै चार अनि तीन तारे होटल छन् तर पनि यहाँ नेपाली मन नेपाली स्नेह र नेपालीपन पाउन सकिन्छ। यहाँका यिनै विशेषताहरूले नै हायनरिखलाई आकर्षित गरेको छ।

प्रस्तुत उपन्यासले नेपाली ग्रामीण परिवेश अन्तर्गत पश्चिमी नेपालको कुनै पहाडी क्षेत्रको सुन्दर दृश्यावलीको चित्रण गरेको छ। बाटामा भेटिने बटुवा, गाई चराउने गोठाला, घाँस काट्ने आइमाई केटाकेटी, धारामा पानी भर्ने आइमाई, देउरालीमा भेटिएको लाहुरे इत्यादि यस उपन्यासमा नेपाली परिवेश अन्तर्गतका झल्को दिने पात्रहरू हुन्।

"धारा भन्दा करिब पचास मिटर जति पर एउटा पहरो खनेर बनाइएको सानो ढुङ्गाको घरको आँगनमा एउटी अधबैंसे आइमाई नाङ्लाले गहुँ बत्ताउँदै थिई। अनि एक जना त्यस्तै उमेरको मर्द - सायद आइमाईको लोग्ने पिँढीको डिलमा बसेर नालुको दाम्लो बाटिरहेको थियो। काठमाडौंको जङ्गलबाट पर यो खुला प्राकृतिक सरल दृश्य, यसले उसको मनमा एउटा विचित्र शान्ति र आनन्दको सातो फुटायो। उसले आँखा घुमाएर चारैतिर हेऱ्यो। ती अगाडिका हरिया रुखविरुवाले ढाकेका डाँडाथुम्का, खोल्सा त्यहाँ बिहानको शीतल हावामा निर्द्वन्द्व भएर हाँगाहाँगा नाच्दै, पातको अन्तर अन्तर नाच्दै चिरबिर स्वरमा गाउने जङ्गली चराका सङ्गीत, माथि सयौं फिटमाथिबाट ढुङ्ग्यानढुङ्ग्यान नाच्दै झरेको छाँगो-छहरो - यी सबै कति सुन्दर, कति प्राकृतिक, अनि कति शाश्वत। अनि आँखाले भेटेका एकपछि अर्को तरेलीमा यी बहरिया पहाडको पछाडि सबैभन्दा उच्च भएर आफ्नो गरिमा प्रदर्शन गर्ने हिमाच्छादित शिखर।" (पृ. २३९)

प्रस्तुत उपन्यासमा चित्रित विभिन्न स्थानका दृश्यहरू सरल नेपाली जनजीवनको प्रतिविम्व दिने दृश्यहरू हुन्। यहाँका गोरेटो बाटो यहाँका गाउँ बस्ती, हरियो डाँडा-काँडा, फाँट, ढकमक्क फुलेका विभिन्न सेता राता पहेँला फूलहरूको दृश्यावली, पहाडका टाकुराबाट झर्ने झरना, विभिन्न जातका चराचुरुङ्गीहरूको चिरविर आवाज आदिले त्यस ठाउँ साँच्चिकै प्रकृतिको अनुपम वरदान मानिन्थ्यो। नेपाली सामाज अझै पनि अपरिष्कृत छ। त्यसकारण

यहाँ आउने पर्यटकहरू कुनै विज्ञान प्रविधिको चमत्कार भन्दा पनि सरल र सौम्य किसिमको ग्रामीण परिवेश हेर्न रुचाउँछन् । यही ग्रामीण परिवेशले नै उनीहरूलाई स्वर्गानुभूति प्रदान गर्छ । यो नै नेपाली भावनाको विशिष्टता हो ।

“अब ऊ चौतारोबाट उठेर उकालो लाग्यो । उकालो ! उकालो - आँखाले भेटेसम्म उकालो । मर्दको छातीका बाक्ला रौंको झाडीजस्तो घना जङ्गलले ढाकिएको विशाल र भव्य छाती फर्काएर उभिएको पर्वत । अनि त्यसमाथि शङ्करको खैरो जटाझैं हिउँले ढाकिएको शैलीशिखर, त्यसमाथि स्वच्छ र निर्मल आकाश ! ... कहाँ छ उसको यात्राको टुङ्गो ? के ऊ साँच्चै अनन्त देवलोकको यात्री बन्न सौभाग्य पाइरहेको छ ?” (पृ. २४०)

यहाँ विचरणमा आउने जो सुकै पर्यटकका लागि नेपाल प्रकृतिको एउटा बहुमुल्य उपहार झैं लाग्छ । यहाँका हरिया पहाड माथिका घना वनजङ्गल र तिनले प्रदान गरेको शोभा, यसको दृश्यावलोकनको स्वाद नै वेग्लै पाइन्छ । अझ यसमाथि सदा अटल रहने स्वच्छ निर्मल हिमाच्छादित शिखरहरूले कसको मन नलोभ्याउला र ? यी सम्पूर्ण दृश्यहरूको अवलोकन गर्दै हिँडेको हायनरिख पक्कै पनि अचम्मित बनेको छ । अमेरिकी इस्ट वेस्ट सेन्टरमा रहँदा समकक्षी लक्ष्मी शाहले गरेको नेपाल सम्बन्धी वर्णन र आज उसले देखे भोगेको नेपालमा आकाश र पतालको फरक रहेको छ । अमेरिकामा रहेको भए यो वास्तविकता उसले कहाँ प्राप्त गर्ने थियो ? हिमालयको यो पवित्र भूमिमा टेक्न पाउनु नै उसको लागि ठूलो सौभाग्य प्राप्त भएको छ ।

नेपालको राजधानी काठमाडौं धेरै पक्षबाट सुविधा सम्पन्न मानिएतापनि देशका अन्य स्थानहरूमा विकासको कुनै लक्षण नै देखा नपर्नुले यसको अवस्थाबारे प्रश्न खडा हुन्छ । काठमाडौं राष्ट्रिय अन्तराष्ट्रिय स्तरबाट सबै किसिमले प्रमुख मानिन्छ । यहाँ मानिसको जनघनत्व देखि लिएर हरेक पक्षहरू सुदृढ रहेका छन् भने देशका अन्य स्थानहरूमा अझै पनि बाटो घाटो, खानेपानी, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकता नै पुग्न सकेको छैन । केन्द्रीकृत प्रणालीले दुर्गम स्थानहरूको जनजीवन झन कष्टकर भएको छ । यसले एकातर्फ शहरी क्षेत्र र ग्रामीण क्षेत्रवीचको दुरी बढाएको छ भने अर्कातर्फ धनी वर्ग र गरिब वर्ग बीचको दुरी पनि बढाएको छ । यी ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरू अधिकांश गरिबीको चपेटामा परेका छन् । उनीहरूका लागि भोकभोकै रहनु अर्थात् कन्दमूल खाएर जीवन धान्नु सामान्य भइसकेको छ । हाम्रो देशका जनताले भोगेको यो दुर्दशा अन्य

विदेशीहरूका लागि दन्त्यकथाभैँ लाग्छ। यसै वास्तविकतालाई उपन्यासकार विकलले ग्रामीण भेगको झलकका रूपमा प्रस्तुत गरेका छन्।

यस उपन्यासमा प्रस्तुत गरिएको भेगले पनि यिनै दुर्दशाहरू बोकेको छ। यहाँका मानिसहरू अशिक्षित छन्। अशिक्षाको कारण उनीहरूको चेतनास्तरमा वृद्धि हुन सकेको छैन। उनीहरू प्रमुखरूपमा कृषि पेशामा आबद्ध रहे तापनि वर्षभरि खान लाउन नै धौ धौ हुने गर्छ। जिल्ला सदरमुकाममा एउटा जिल्ला अस्पताल भएपनि त्यसको अवस्था गाउँलेहरूभैँ जीर्ण रहेको थियो। यहाँ कुनै पनि डाक्टर १-२ महिना भन्दा बढी बस्न रुचाउँदैनथे किनकि काठमाडौंमा जस्तो त्यहाँ निजी क्लिनिक र नर्सिङ्ग होम सञ्चालन गर्न पाइदैनथ्यो सरकारले खटाएर दिएको महिनावारी तलबमा मात्र उनीहरू खुम्चिएर बस्न सक्दैनथे त्यसकारण पनि अस्पतालले एउटा पनि स्थायी डाक्टर पाउन सकेको थिएन। त्यस किसिमको अवस्थालाई मलजल दिने काम पञ्चायती व्यवस्थाले गरेको पाइन्छ। पञ्चायती व्यवस्थाले मानिसलाई कति सुविधामुखी, पैसामुखी र व्यक्तिवादी बनाएर छोड्यो ? यसको कुनै लेखाजोखा छैन। मानिसले सेवा र सामूहिक भावनाले त सोच्नै छाडिसके। उनीहरू हरेक कार्यलाई पैसा र सुविधासँग तुलना गर्छन्। यी सबैको मारमा गरिब जनता परेका छन्। उनीहरू एक मुठी चामलका लागि दिनरात संघर्षरत छन्। यहाँ आएर हायनरिखको जीवनमा स्वतन्त्रताको बिहानी छाउँछ। अस्पतालमा उसले समकक्षी डा. कोमलविक्रम पाउँछ। डा- कोमलविक्रम पनि हायनरिखकै स्वभावका र कृष्णराजाका संगठनका समर्थक थिए। एउटा पश्चिमी भूमिको सात समुन्द्रपारिको मानिस पनि यस्तो विचारको होला भनेर डा. कोमल विक्रमले सोचेका नै हुँदैनन् साथै अब आएर जीवनले यस्तो मोड लिएला भन्ने हायनरिखले पनि सोचेको हुँदैन्। जेहोस् आफ्नो नैतिक मर्यादालाई चम्पकको पैतालामुनि दबिनबाट बचाएकोमा हायनरिख कृष्णराजा देखि ऋणी छ।

एउटा दुर्गम गाउँ जसले कहिल्यै विकास निर्माणको सपना पूरा भएको देख्न पाउँदैन, त्यस गाउँमा पनि अस्पताल कुशल डाक्टरको नेतृत्वमा नियमित चलेको देख्दा अवश्य पनि गाउँलेहरू फुरुङ्ग हुने नै भए। नेपालका कुना कुना दूर दराजका कतिपय स्थानमा मानिसहरूले अस्पतालको अभावमा अकालमा ज्यान गुमाउनु परेको दुःखपूर्ण यथार्थ हाम्रा सामु स्पष्ट झल्कन्छ। यदि हाम्रो देशका डाक्टरहरू डा.कोमलविक्रम भैँ निःस्वार्थी बनी र यदि यहाँ आउने विदेशी स्वयम्सेवक पनि हायनरिख भैँ सेवादायी भए भने मानिसहरूको अकालमा मृत्यु हुने थिएन्।

हायनरिखले त्यस गाउँमा आएर सेवा सुरु गरेदेखि स्थानीय गाउँलेसँग राम्रो सम्बन्ध विस्तार गर्दै गयो । उसले ती निरक्षर गाउँलेलाई व्यक्तिगत सरसफाइदेखि लिएर अन्य धेरै चेतनामूलक कुरामा शिक्षित र चेतनशील बनायो । त्यहाँका गाउँलेहरूको स्थिति हेर्दा अत्यन्तै नाजुक थियो । हुन त नेपालका अधिकांश जनताहरू गरिबीका कारणले आफ्नो व्यक्तिगत सरसफाइदेखि लिएर अन्य कुनै पनि कार्यहरू इच्छाहुँदाहुँदै पनि गर्न असमर्थ हुन्छन् । त्यसका लागि उनीहरूमा चेतना पनि हुँदैन । त्यसकारण हायनरिखले गाउँमा रहेका धारा पानीका मुहान सफा राख्ने देखि लिएर शौचालय बनाउने र शौचालयभित्र दिसा पिसाब गर्ने बानी बसाउने जस्ता चेतनामूलक कार्य गर्दा समय अवस्था अनुसार स्थानिय प्रधानपञ्च, प्रमुख जिल्ला अधिकारीहरूको हप्की धम्की खानु पऱ्यो । हायनरिखले धम्की खानुको अर्को पनि कारण के थियो भने त्यसबेला के सहर के गाउँ सबैतिर पञ्चायती व्यवस्थाका विरुद्धमा चर्का नारावाजी भइरहेका थिए । जनताहरू सबैतिरबाट आन्दोलित भएर सडकमा जनविद्रोहका लागि उत्रिएका थिए । यस्तो राजनीतिक परिवर्तनका चेतनामूलक शिक्षा दिनु पक्कै पनि उनीहरूलाई कुनै शक्तिको गुप्तचरको कार्य झैँ लाग्यो होला त्यसैले सबैजनाले हायनरिखलाई आफ्नै डाक्टरको मात्र सीमित दायरामा बस्न, अन्यत्र नलाग्न कुनै कुराहरू नगर्न, विकास निर्माणका कार्यमा नलाग्न निर्देशनात्मक रूपमा धम्की समेत दिए। यसका साथै जनआन्दोलनका घाइतेहरूलाई हायनरिख लगायत नर्स चेतना र कमलाले समेत औषधी उपचारको सहयोग पुऱ्याउँदै आएका थिए । उनीहरूलाई अबदेखि कोही घाइतेलाई पनि उपचार नगर्न भनियो नत्र हायनरिखले कि त यो गाउँ छाड्नु पर्ने कि त यो संसार नै छाड्नु पर्ने स्थिति समेत आउँछ भन्ने किसिमको धम्की दिइयो । यस धम्कीबाट हायनरिख निकै विचलित भयो ।

"यी क्यात, त्यस्तै तन्नेरीहरूलाई बटुलेर गौंडो-गोरेटो सफा गर्नु, बनाउनु, पानी पँधेरामा सफाइ अभियान गर्नु, अनि गाउँलेलाई औषधिमूलोको सट्टा सफा सुग्घर, खानपानबारे सिकाउनु, ...यस्तै सब काम त तपाइँजस्ता डाङ्दरको नभएर हाम्रो पो हो । फेरि तपाइँको बसउठ पनि स्कुलमा मास्टर ... पाँडे मास्टर, खनाल मास्टरजस्ता सँग बढी छ अरे । हेर्नोस् ती भनेका देशका बेबस्था मन नपराउने जासुस हुन् । ... तिनले त केटाकेटी पढाउन छाडी ... राजनीति गराउँछन् । ... त्यसैले ..." (पृ. २५६)

तत्कालीन पञ्चायती व्यवस्थाका भरौटेहरूलाई देशको व्यवस्था परिवर्तन भइदेला कि भन्ने ठूलो डर थियो । उनीहरू जतिबेला पनि आफ्नो बचाउ गर्दै हिँड्थे । यदि त्यो व्यवस्था

उलटपुलट भएमा उनीहरूका सम्पूर्ण दिन गए सरह हुन्थे। त्यही भएर उनीहरूलाई हायनरिखदेखि धेरै डर थियो र उसलाई ती कामहरू गर्नबाट रोक लगाएका थिए। "मेरो काम के हो, मैले कसलाई सघाउनुपर्छ, त्यो तपाईंले मलाई सिकाइरहनुपर्दैन।" प्रधानको स्वरमा अझै रुखाइ थियो - "सरकारले हामीलाई बराबर टेलिङ दिन्छ। ...मैले त हाकिम, सिड्योले भनेको कुराको जनाउ मात्र दिएको हुँ। पछि मलाई कसैले केही भनेन भन्न पाउनुहुन्न।" (पृ. २५७)

तत्कालीन पञ्चायती शासनव्यवस्थामा पञ्चायती शासकहरूले जनतालाई कुनै पनि प्रकारको स्वतन्त्रता र समानता उपभोग गरेको देख्न चाहदैनथे। सो कुराको पुष्टि सागर उर्लन्छ सगरमाथा छुन उपन्यासबाट समेत गर्न सकिन्छ। उनीहरू यो आन्दोलन वा जनदबाबलाई शान्त पार्न भरमग्दुर प्रयासरत छन्। यसका लागि उनीहरू पञ्चायती सरकारकै पक्षधर भएर लडेका छन्। त्यो सामान्य गाउँमा भएको जनदवावलाई पनि नियन्त्रण गर्न उनीहरू भरमग्दुर लागेका छन्।

करीब तीन दशकको अन्तरालमा नेपालमा विकास निर्माणका कामहरू प्रायः ठप्प भए। पञ्चायती सरकारका शोषक दलालले निहत्था सर्वसाधारणलाई दुःख दिने सिवाय अरू केही पनि काम गरेनन्। जताततै चोरी, डकैती, हत्या, हिंसा, बलात्कार जस्ता घटनाहरूमात्र सुनिन्थे। यसबाट अन्तर्राष्ट्रिय स्तरमा समेत नकारात्मक सन्देश फैलिएको थियो। देशको यस्तो अवस्थामा अधिकांश ग्रामीण इलाका रहेको नेपालको स्थिति अत्यन्त दर्दनाक रहेको थियो। सामान्य निरक्षर ग्रामीण जनतामाथि तिनीहरूले अन्याय, अत्याचार गरेका छन् र सन्त्रास फैलाएका छन्। उपन्यासमा वर्णित पात्र हायनरिख समेतलाई तिनैका मण्डलेका गुण्डाहरूले मरणासन्न हुने गरी पिटेर फ्यालिदिए। बल्ल तल्ल समयमा नै उसको काठमाडौंको शिक्षण अस्पतालमा उपचार सम्भव भएकाले मात्र बाँच्न सफल भयो। एउटा अमेरिकी नागरिकलाई त यस्तो किसिमको व्यवहार गर्नेले आफ्नै देशका निरीह जनता प्रति कस्तो व्यवहार गर्लान् ? यो धेरै गम्भीर विषय रहेको छ।

४.२.१.२.३ **समय**

समयका सन्दर्भमा प्रस्तुत उपन्यासको शीर्षक तथा यसका घटनाक्रमहरूलाई मध्यनजर गर्दा पञ्चायती व्यवस्थादेखि प्रजातन्त्र पुनर्स्थापनाका निमित्त भएको जनआन्दोलनको परिवेश यहाँ वर्णित छ । २००६ साल भन्दा अघि शासनसत्ता हातमा लिएका संभ्रान्त अभिजात वर्ग मानिने राणावर्ग २००७ सालको राजनीतिक परिवर्तनबाट घाइते सिंह झैं बन्न पुगेका थिए । उनीहरू शासनसत्ता आफ्नो हातमा पुनः प्राप्त गर्ने अभिलाषा लिएर देश-विरोधी अभियानमा जुटेका देखिन्थे (बराल, २०६५ : ७२) सोझा साझा निहत्था नेपाली जनता माथि कसरी अत्याचार दमन शोषण गर्छन र आफ्ना षडयन्त्रको शिकार बनाउँछन् भन्ने कुरा यहाँ देखाइएको छ ।

२०१७ सालदेखि नेपालको राजनीतिक आकाशमा अभिजात्यतन्त्रको बादल नयाँ रङ्गमा मडारिन थाल्यो । राजनीतिक र अर्थक्षेत्रमा स्वतन्त्रता, वाक् तथा प्रकाशन क्षेत्रका स्वतन्त्रता, मानव मुक्ति र नारी अस्मिताका स्वतन्त्रता, नागरिक सुरक्षा र सार्वभौमिक स्वतन्त्रता नेपालको दरबारमा बन्दी बन्न पुगे (बराल, २०६५ : ७२) । पञ्चायती शासन व्यवस्थाले आम जनतामा पुऱ्याएका तिनै कुतृत्यहरूले पनि प्रस्तुत उपन्यासको समय सन्दर्भ २०१७ सालपछिको हो भन्न सकिन्छ । हुन त यस उपन्यासका लागि कथा बीज २०२३ साल तिर नै शुरु भइसकेको थियो जतिबेला शिक्षामन्त्रालयसँग सम्बन्धित विकल र उनका साथीहरू पिसकोर स्वयम्सेवकलाई नेपाली भाषा पढाउने सिलसिलामा प्रशान्त महासागरको छाती स्थित रमणीय हवाई टापु पुगेका थिए । त्यस बेला गर्भमा रहेको यो कथाले अन्य समसायिक राजनीतिक घटनाको कलेवरमा धेरै पछि मात्र यो उपन्यासको जन्म भएको मानिन्छ ।

“२००७ सालमा राणाहरूको निरङकुश सत्तालाई फालेर जनताले सुखको सास फेर्ने आशा गऱ्यो ।”

“२०१५ सालमा गएर त्यतिखेरको प्रमुख र प्रजातन्त्रको ठेकेदार नै आफूलाई सम्झने राजनीतिक शक्तिले सत्तामा आफ्नो एकाधिकार जमायो ।” (पृ. २५७)

“यिनै सब कारणले गर्दा २०१७ सालमा तात्कालीक राजाले ‘देश बचाउ’ नाममा निर्वाचित एकमना सरकारलाई षडयन्त्रद्वारा अपदस्थ गराएर सम्पूर्ण राज्यशक्ति आफ्नो हातमा लिँदा पनि जनताले कुने प्रतिक्रिया देखाएन ।”

"२०२८ सालमा यसको क्षीण रूप फुट्यो । तर यो विद्रोह कुनै नेतृत्वको आड नभएको निर्धो भएको र पञ्चायती सत्ताका पोषकहरू प्रबल रूपमा बढ्दै गएकाले यसले ठूलो रूप लिन सकेन ।"

"त्यसपछि आयो २०३६ साल । यति बेला पञ्चायती व्यवस्थाको नाङ्गो रूप जनतामा निकै उदाङ्गो भइसकेकोले यसपल्टको विद्रोहको आँधी निकै प्रबल भएर उठ्यो ।" (पृ. २५८)

"यस उपन्यासमा पञ्चायती व्यवस्थादेखि प्रजातन्त्र पुनर्स्थापनाका निमित्त भएको जनआन्दोलनको परिवेशको चर्चा छ किनकि यो उपन्यासको पृष्ठभूमि राजनीतिक छ। पञ्चायतीकालमा शासकले गरेको अन्याय, अत्याचार बर्बरता, दमन र तस्करी जस्ता पराकाष्ठा भोग्दै आएका जनताहरू २०४६ सालमा आन्दोलित हुन्छन् ।"(बराल, २०६५ : ७५)

२०४६ सालको जनआन्दोलनको झलक पसकने उक्त गद्यांशबाट पनि प्रस्तुत उपन्यास २०४६ सालको जनआन्दोलन अघिको गतिविधिको समष्टिगत रूप हो भन्न सकिन्छ। तर यसको परिकल्पना भने धेरै अघिको हवाइ टापु घुम्न जाँदा बखतको समयदेखिकै हो। उपन्यासकारको मानसपटलमा उब्जेका धेरै घटनाहरू जसमा राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश प्रबल रूपमा आएका छन्। ती मध्ये उपन्यासका लागि सहायक घटनाहरूको कालक्रमिक प्रस्तुति नै सागर उर्लन्छ सगरमाथा छुन उपन्यास हो ।

### ४.२.२ **सूक्ष्म परिवेश**

जसरी उपन्यासमा व्यापक रूपमा बाहिरी संसारको चर्चा हुन्छ र त्यो स्थूल परवेशका रूपमा आउँछ त्यसरी नै आन्तरिक तहमा उपन्यासलाई जीवन्त पार्ने विभिन्न पक्षहरू सम्मिलित सूक्षम परिवेशको पनि चर्चा अपरिहार्य मानिन्छ। उपन्यासका सामाजिक-सांस्कृतिक पक्षहरू परिवेश, पात्रहरूको जीवन पद्धति र बौद्धिकता आदिलाई सूक्ष्म परिवेश अन्तर्गत राख्न सकिन्छ। यिनीहरूको संयोजनबाट समेत उपन्यासमा परिवेश घटनाहरूमा फरकपन महसूस गर्न सकिन्छ ।

४.२.२.१ **सामाजिक-सांस्कृतिक परिवेश**

**सागर उर्लन्छ सगरमाथा छुन** उपन्यास परिवेशगत विविधता भएको उपन्यास हो। यस उपन्यासमा प्रयुक्त पात्रहरूको सामाजिक-सांस्कृतिक आफ्नै किसिमको मौलिकसंस्कार छ। यसमा विविध संस्कार बोकेका पात्रहरूले आ-आफ्नो क्षेत्रबाट उपन्यासलाई सजीवता प्रदान गरेका छन्। प्रस्तुत उपन्यासमा पात्रहरूको सक्रियताका आधारमा हिन्दू धार्मिक संस्कार बोकेको पात्रहरूको बाहुल्य रहेको पाइन्छ। उपन्यासको प्रमुख पात्र हायनरिखनै जर्मनमूलको यहुदी धर्मालम्बी रहेको छ। ऊ जन्मले जर्मनको भएतापनि नागरिकको हिसाबले अमेरिकी मानिन्छ। उसको रगतमा जर्मनेली र अमेरिकी संस्कार मिश्रित रहेको पाइन्छ। उपन्यासमा वर्णित हायनरिख र जान दुई पात्र बाहेक अन्य सम्पूर्ण पात्रहरू नेपाली समाज र संस्कृतिका साथै हिन्दू धर्मालम्बी रहेका छन्। यी पात्रहरू बीचको सामाजिक सांस्कृतिक मूल्य मान्यता आ-आफ्नै शैलीमा व्यक्तिएको पाइन्छ।

हायनरिख उपन्यासको प्रमुख पात्र हो। सन् १९६६ जर्मनमा जन्मिएको हाइनरिख वेन गोल्डम्यान एउटा आश्रयहीन, आफन्तहीन आधारहीन अमेरिकी नागरिक थियो। ऊ एउटा जन्मको अभागी, संसारले छिः छिः र दुरदुर गर्दै दुत्कारेर खेदेको यहुदी जातिका रूपमा थियो। क्रिश्चियानिटीको सुरुमा क्राइस्टको हत्यारा जातिको नाममा बदनाम गराएर खेदिएको, हिटलरी जर्मनीमा संहार-अग्निमा होमएर खेदिएको यहुदी जातिको सदस्य थियो। उसले सन् १९४२ को नाजी अहङ्कारले रचेको नरमेघ यज्ञमा आफ्नी आमा, अबोध कलिला भाइहरू लगायत आफ्नो सम्पूर्ण कुराहरू गुमाएको थियो। त्यस अवस्थाबाट कसरी कुन कष्ट र भाग्यले उम्किएर केवल रित्तो मानवताको हृदय लिएर उसका महान् बाबुले खोकिलामा लुकाएर कसरी त्यस अमेरिकी धर्तीमा ल्याए त्यो नै उसको धर्ती थियो र अमेरिकाको न्युयोर्कको ‘स्लम’ भन्ने ठाउँको एउटा साँघुरो गल्ली थियो।

उपन्यासको प्रमुखपात्र पश्चिमी समाज तथा संस्कृतिको केन्द्रविन्दु वा भौतिकवादी संस्कृतिको भूल अमेरिकाकोनागरिक भएर पनि त्यस समाज संस्कृतिप्रति सकारात्मक दखिँदैन। उसमा आध्यात्मिक भाव प्रबल छ त्यसैले भौतिकवादी संस्कृति उसका लागि रुचिकर भएन। उसले सगरमाथाको देश, लुम्बिनीको देश साथै यहाँको संस्कृतिप्रति मोहित भएर आफ्नो देश समेत त्यागेको छ। हुन त यसको प्रमुख कारण आफ्नी सहपाठी लक्ष्मीको नेपाल सम्बन्धी वर्णनमा ऊ भुलिएको पनि हुन सक्छ।

"तर त्यसै साँघुरो परिधिभित्र पनि हाइनरिखले आफ्नो मस्तिष्कमा अज्ञात देश र त्यसको भावचित्र कोर्ने जमर्को गरेको थियो । त्यो एउटा यस्तो देश जहाँ चाँदीझैँ टल्कने हिउँ नै हिउँको धरती छ, एउटा यस्तो धरती जसका उच्चउच्च हिमशैलका गुफाहरूमा, कन्दराहरूमा यतीका परिवार विचरण गर्छन् ; एउटा यस्तो भूखण्ड जसका हिममुकुट - शोभित उच्चउच्च सगरमाथाको छातीमा असङ्ख्य बाल, बृद्ध, युवायुवती रातदिन चिप्लेटी खेल्छन् ।" (पृ. १४)

हायनरिखको दृष्टिमा नेपालको छवि साच्चीकै सुन्दर र विशाल छ । उसले नेपाल भूमिलाई पवित्र र पावन भूमिका रूपमा लिएको छ । यहाँका जनताहरूमा कुनै पनि छलछाम छैन । उनीहरू निष्कपट छन् । उनीहरूको हृदय उदार, विशाल पवित्र छ । उनीहरूमा आतिथ्य सत्कार भाव धेरै छ । यो नै हायनरिखलाई र आजसम्म नेपालमा भित्रिने अन्य जो सुकै पर्यटकलाई मनपरेको पक्ष हो । परापूर्वकाल अथवा समाज विकासको ऐतिहासिक काल देखि नै हेर्ने हो भने नेपालीहरू हत्या हिंसातिर त्यति अग्रसर भएको पाइँदैन । यहाँका मानिसहरू बीच भाषिक, धार्मिक र सांस्कृतिक मेल छ । त्यसकारण नेपाललाई विविधतामा एकताको देश पनि भनिन्छ । यहाँका मानिसहरू अध्यात्मवादतर्फ सकारात्मक विचार राख्छन् ; आस्तिक छन् । तर नेपालको भौगोलिक संरचना नै त्यस्तै छ कि यहाँका प्राकृतिक स्रोत र साधनमा समान रूपमा वितरण हुन सकेको छैन । यही असमानताले नै यहाँ कहिलेकाँही आर्थिक विषमताको खोट देखा पर्छ । यसको अर्को पनि कारण युरोपियन र अमेरिकी महादेशको सभ्यता विकासको क्रम हेर्दा हामी पूर्वका देशहरू भर्खर मात्र बामे सर्न थालेको भान हुन्छ । उनीहरूको समाज संस्कृति हजारौं वर्ष अगाडि देखि नै विकास भएको हो । यसपछि उनीहरू विभिन्न आविष्कारमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा जुटिरहे उनीहरूका घर आगनमा सुकरात, प्लेटो, अरस्तु जन्मिए ; पाश्चर जन्मिए, जेम्सवाट जन्मिए, क्युरी जन्मिइन साथै थोमस अल्बा एडिसन र अल्बर्ट आइन्स्टाइन पनि जन्मिए । यी व्यक्तित्वहरूले त्यस समाजलाई विकास वा प्रगतिपथको चरम चुलीमा पुऱ्याइदिए । त्यसैले आज संसारभर तिनीहरूकै धाक रवाफ बढेको छ । तर यतिका सब भएर पनि आज त्यहाँ शान्ति पाउन सकिएको छैन । त्यही शान्तिका आवाज र पदचाप पच्छ्याउदै पछ्याउँदै आज हाम्रा देशमा कैयौँ हायनरिखहरू पश्चिमबाट आएर तपस्यामा लीन भएका छन् ।

हायनरिखले आफ्नो देशलाई इसाको लासमाथि उभिएर बौलाएको, धूम्रपान र मध्यपानमा लदु परेको। मानवतामाथि एउटा विकृत अट्टहास गर्ने बूढी दानवले खुँदेर

मरुभूमिमा बदलेको एउटा आत्माहीन कङ्काल बस्तीझैं पाएको छ; त्यहाँको कोलाहलपूर्ण वातवरणमा उसले केवल हताशत आतस र मृत्यु सन्त्रास बोकेको आत्माहरूको चित्कार पाएको छ ; यहाँ  विनासको दानव त्यो चीत्कार गर्दो मानवतालाई गिज्याउँदै हाइड्रोजन, न्युक्लियस बमको स्वरमा गाउँछ। त्यसै स्वरले त्यहाँका सम्पूर्ण कला, सौन्दर्य, र शान्त दर्शनको स्वरलाई भाँडिदिन्छ र काइस्टको स्वरलाई दवाइदिएको छ ; उसको छविलाई विलाइ दिएको छ। त्यसैले त त्यहाँ बिली ग्राहम असारे खेतको आली आली चाहार्दै जुहारी गीत गाउने गिताङ्गे बनेर रहेको छ ; त्यसैले त त्यहाँ चर्च, सिनागोजहरू धन, सत्ता र अहङ्कारको प्रदर्शनवाक्ष बनेका छन्। (पृ. १४)

पश्चिमी समाज छिटो प्रगतिपथमा लम्किएको पाइन्छ। त्यस समाजले विकासका नाममा मानव अस्तित्व नै विनाशमा पर्ने किसिमको विभिन्न उपकरणहरू बनाएर समयसमयमा पृथ्वीलाई त्रसित पार्ने गरेको छ। यहाँको आकाशमाथि लाग्छ विनाशको आगो जतिवेला पनि मडारिइ रहेको छ। त्यस आगाले अरवौं मानिसहरूको एकै चिहान नबनाउला भन्न सकिन्न किनकि त्यसको सहि र गलत बुझाउन सक्ने विवेक हुँदैन। आज पश्चिमी समाज आफूले सिर्जित साधनहरूको स्वयम् सिकार भएको छ। आज यस समाजका मानिसमा मानवता प्रायः लोप हुँदै गइरहेछ। उनीहरूको रहनसहन, भेषभूषा आदि देखि लिएर सांस्कृतिक विचारहरूमा परिवर्तन आइरहेका छन्। सबभन्दा मुख्यकुरा भौतिकताले उनीहरूलाई लठ्याएको छ र यसैको विरुद्धमा आध्यात्मिक भाव, चिन्तन प्राप्त गर्न हायनरिख एउटा तपस्वी झैं कन्दरा, पहरा, छहरा हिमशैलको क्षेत्र नेपालमा आइपुग्छ। यो न त उसको समाजमा पाइन्छ ; न त उसको संस्कृतिको देन हो।

उपन्यासमा वर्णित भएको मुख्य पात्र लक्ष्मी हो। जसरी उपन्यासमा सागर देशको भनेर हायनरिखलाई चिनिन्छ त्यसैगरी सगरमाथाको देशकी भनेर लक्ष्मीलाई चिनिन्छ। यहाँ सागर र सगरमाथाले क्रमशः पाश्चात्य र पूर्वीय एवम् भौतिकवाद र आध्यात्मवादको भाव प्रस्तुत गरेका छन्। यी दुवै भिन्न समाज र संस्कृतिका हुन्। हायनरिखले लक्ष्मीलाई एउटा रहस्यमय हिमाली देशको हिउँका कन्दरमा खेल्ने यतीकी छोरीको रूपमा भेट्टाएको थियो। तत्कालीन समयको पूरातनवादी विचारधारा अँगालेको नेपाली समाजमा हुर्किएकी नेपाली चेली पश्चिमी देशमा शिक्षा प्राप्त गर्न जानु सामान्य कुरा थिएन। त्यस समयमा अन्य नेपाली छोरीहरू  घरको घरधन्दामा सीमित रहेका बेला अभिजात वर्गकी एउटी नेपाली केटी स्वतन्त्रताको हाँक दिँदै अमेरिका पुग्छे। यो नेपाली समाजका लागि ठूलो चुनौति थियो

किनकि पश्चिमी देशलाई यौन स्वतन्त्रताको लागि खुला मानिन्थ्यो। जो कोही परिवार सामाजिक दायरालाई तोडेर विदेश पठाउन सक्दैनथ्यो। लक्ष्मी र हायनरिख बीचको मित्रतालाई नि वासनारहित भन्न सकिँदैन किनकि उनीहरू बीच कलेजको उद्यानपरिसरमा पनि सामान्य आशक्ति नभएको होइन। पश्चिमी संस्कृतिको उपजस्वरूप सबैजना युगल जोडीका साथ कोही रुखको छाँया मुनि, कोही पौडी पोखरी भित्र त कोही फूल बुट्यानका झाडीभित्र चुम्बन,- आलिङ्गन त कोही निर्लज्ज रूपमा कोल्टो परेर यौनाचारमा लिप्त देखिन्छन्। त्यसबेला हायनरिखमा पनि संयमता हराएको हुँदो हो उसले लक्ष्मीको हात समाउँदै भन्छ -

"लक्ष्मी ! सबै जोडीहरू आफूआफूमा कसरी प्रेममा डुबेका छन् , तर तिमी र अझै सङ्गमको अन्तरालमा किन छौ ? ... के हामी ..." - उसले आफ्नो स्वरलाई केही आतुर कम्पनको रूपमा निकालेको थियो। तर लक्ष्मीका केही सन्त्रस्त, वर्षको मेघझैं गम्भीर र कठोर आँखाको दीप्तिले उसको त्यस धृष्ट इच्छालाई हिउँझैं चिसो तुल्याएर कुण्ठित तुल्याइदिएको थियो।" (पृ. १०६)

हायनरिखमा उत्पन्न त्यस उत्तेजनालाई बुझेपछि लक्ष्मीमा संस्कारगत जिम्मेवारी बोध भएको छ। उसले आफू कहाँ र कुन धरातलबाट आएकी छु भन्ने यथार्थलाई अमेरिकी परिवेशबाट झस्किएर सम्झेकी छ।

"हायनरिख ! बिहाअगिको यौन सहवास हाम्रा लागि ट्याबु (निषिद्ध) हुन्छ भन्ने कुरा तिमीलाई थाहा हुनुपर्छ" - उसले चिसो स्वरमा भनेकी थिई - "एक त यो विरानो देशमा तिमीसँगको अमेल मित्रता नै हाम्रो समाजको दृष्टिमा मेरो ठूलो अपराध भइसकेको छ, त्यसमाथि ..." (पृ. १०६)

यहाँ लक्ष्मीले कठोर निषेधद्वारा आफ्नो मनलाई नियन्त्रण गरेर भएपनि नेपाली संस्कार र संस्कृतिको परिचय दिएकी छे। हुनत लक्ष्मीले गरेको यो नैतिक मानदण्ड सुरुमा उसैलाई स्वीकार्न गाह्रो भएको थियो तैपनि हायनरिखले लक्ष्मीसँग पछि विवाह गर्न सकिने जिज्ञासाको उत्तरमा लक्ष्मीले यसो भनेकी थिई -

"यो कुरा सजिलो छैन हायनरिख ! हाम्रो समाजमा अधिकांश विवाह बाबु आमा, त्यो नभएर कुनै नजिकका सम्बन्धितको संरक्षकत्वमा उनीहरूलाई व्यवस्थामा मात्र हुन्छ। मेरा संरक्षकहरूको अनुमति तिमीसँगको सामान्य मित्रतासम्म मात्र सीमित छ। तिम्रो र मेरो

विवाह हाम्रो सामाजिक मर्यादाको सीमाल्लङ्घन ठहर्छ। यो सपना देख्नुको कुनै अर्थ लाग्दैन।" (पृ. १०७)

लक्ष्मीको यो कुरा सुन्दा हायनरिखले कुनै अलौकिक जगत्को रूपमा लक्ष्मीको समाज र संस्कृतिलाई नियाल्दै थियो। भदौमा आँखा फुटेको गोरुले सधैं हरियो देख्छ भने झैं उसले लक्ष्मीको समाज र संस्कृतिलाई आफ्नै सरह हेर्‍यो। उनीहरूको समाजमा जनु सुकै कुराको पनि निर्णय गर्ने अधिकार छोरालाई समानरूपमा छोरीलाई पनि हुन्छ। छोरीहरू विनारोकटोक जता पनि स्वतन्त्रतापूर्वक जान सक्छन् ; जे मन लाग्यो उही गर्न सक्छन्, इच्छा लागेको खान सक्छन् र लगाउन पनि सक्छन् यसमा कसैको नियन्त्रण हुँदैन। त्यसकारण उसले लक्ष्मीको कुराप्रति आश्चर्य व्यक्त गर्‍यो वा पत्यार मानेन।

"त्यसो भए तिम्रो समाजमा स्वास्नी मानिसको दर्जा त पाल्तु जनावरको जति मात्र भयो, गोठालाले जति ठाउँमा चर्न अनुमति दिन्छ त्यति ठाउँमा मात्र चर्न पाउने। तिमीहरूको त आफ्नो कुनै स्वतन्त्र अस्तित्व नै भएन, कुनै आफ्नो मर्जी नै भएन।" यस पल्ट हायनरिखको स्वर केही क्षुब्ध थियो। (पृ. १०७)

वास्तवमा पश्चिमी समाज र संस्कृति यथार्थको धरातल नजिक छ। हामीले उनीहरूलाई जति नै यसो उसो गर्ने, खाने भने पनि आखिरीमा उनीहरू हामी भन्दा धेरै गुणा अघि छन्। जुन कुरा उनीहरूमा छ त्यो हामीमा छैन तर पनि हामी त्यसलाई अनुशरण गर्न हिच्किचाइरहेछौं। हामी सोच्छौं हाम्रा छोरी चेलीलाई पारिवारिक सीमित दायराबाट बाहिर निस्कन दिनु छाडा प्रवृति हो, कुसंस्कार हो। अझ हिन्दु धर्मालम्बीहरू त झनै यस कुरामा कट्टर देखिन्छन्। नेपाली समाज र संस्कृतिले हिन्दू अतिवादको खोल ओढेको छ। यसक्रममा उसले हिन्दू अतिवादको खोल ओढी ओढीकन निकासका सिंढीहरू छाम्दै जाँदैछ। विश्व कहाँबाट कहाँ पुगेको समयमा पनि हाम्रो समाज तुलसीदासको लैङ्गिक समानता विरोधी श्लोक जप्दैछ -

ढोल, गँवार, शुद्र, पशु ये नारी
ये सब हे ताडन के अधिकारी

त्यसकारण लक्ष्मीले नेपाली रगतको नातालाई थोर बहुत नेपाली समाज र संस्कृतिको माया स्नेह राखेकी छे। ऊ एउटा विश्वमा केवल सानो विन्दु स्वरूपको देशकी नागरिक, त्यसकारण जे जति भयो त्यो सब उसको बाल्यकालमा ग्रहण गरको संस्कार अनुसार भयो। लक्ष्मीमा भएको यही बाहिरी संस्कारको लेपले गर्दा हायनरिख ऊसँग

आकर्षित भएको हो । यी सबै कारणले गर्दा लक्ष्मीलाई उच्च, सभ्य, समाज र संस्कृतिको पात्र मान्न सकिन्छ ।

उपन्यासमा चम्पक, रेमन्ड र इलेन एउटै संस्कृतिमा जन्मेहुर्केका पात्रहरू हुन् । उनीहरू राणा परिवार अन्तर्गत जन्मेहुर्केका हन् तापनि देशको प्रत्यक्ष शासन व्यवस्थामा उनीहरूको आधिपत्य छैन । राणाशासन कालमा नेपाली समाजमाथि राणाहरूले धेरै ठूलो हैकम जमाएका थिए । उनीहरू सामान्य जनतालाई मानिस बराबर देख्दैनथे । तर २००७ साल पछि देशमा प्रजातन्त्र आयो । सबै सामान्य जनताहरू यस परिवर्तनबाट चेनतशील भए । जनताले शोषक सामन्तीहरूलाई गाउँ निकाला गरे । कतिपय स्थानमा उनीहरूका सम्पत्ति कब्जा पनि गरे । देशको प्रत्यक्ष शासन सत्तामा पनि जनताको छोरो निर्वाचित भएर शासन गर्न थाल्यो । अबको नेपाली समाज भर्खरमात्र बामे सर्दै गरेको बालक सरह थियो । राणाशासन पतन भए पनि यसका केही अवशेषहरू भने पछिसम्म पनि देख्न सकिन्थ्यो । यसलाई चम्पक र रेमन्ड जस्ता व्यक्तिहरूले प्रतिनिधित्व गरेका थिए । उनीहरूको रगतमा शोषण, दमन, अन्याय, अत्याचार जस्ता कु-प्रवृत्तिहरू  मात्र थिए ।

अर्कातर्फ चम्पककी छोरी इलेन राणा परिवार भित्रकै भएपनि भिन्न स्वभावकी देखिन्छे । ऊ आधुनिक एवम् शिक्षित युवती हो तापनि उसका आधुनिताको कत्तिपनि घमण्ड छैन । इलेनलाई हेरेर राणापरिवार भित्रकी हो भन्न कठिन पर्छ । किनकि इलेनमा भएको स्वभाव र चम्पक रेमन्डमा भएको स्वभाव कत्ति पनि मिल्दैन । इलेन विचारमा धेरै परिपक्व देखिन्छे साथै ऊ सभ्य र सुसंस्कृत पनि छे । चम्पक आफ्नी छोरीमा भएको यी गुणहरू देखेर मख्ख पर्ने गर्छ । तर इलेनलाई आफ्नो पारिवारिक वातावरण मन पर्दैन । ऊ आफ्ना बाबु र काकाको विचारसित फरक मन राख्छे । कसैलाई दबाउनु, हेप्नु, शोाषण गर्नु भनेको इलेनको मनमा छँदै छैन । नामले ऊ कुनै आधुनिक घमण्डी खालकी देखिए तापनि इलेन वास्तवमा त्यस्ती नहुनु नै रहस्यात्मक छ । कुनै न कुनै बेला इलेनले राणा परिवारको चौघेरामा आफ्नो जन्म भएकोले दुःख व्यक्त गरेकी छे । किनकि त्यस परिवारमा उसले कैदीको जस्तो जीवन व्यतित गर्नु परेको छ कुनै स्वतन्त्रता छैन । अझ उनीहरूमा वर्गका मानिसहरू सबै सामाजिक मूल्य र मान्यतामा आफूलाई सबभन्दा अग्रज ठान्दछन् । अझ पनि उनीहरू नेपाली समाजमाथि आर्थिक, राजनैतिक नियन्त्रण राख्न चाहन्छन् । आफूहरू देशको प्रशासनिक निकायको प्रमुख पाटो हो र यसको अभावमा देशले गति लिन सक्दैन भन्ने सोच राख्दछन् ।

"मैले अगि नै भनिहालेँ, देशको शासन चलाउन महत्त्वाकाङ्क्षा मात्र भएर पुग्दैन, परम्परा र सुझबुझ पनि चाहिन्छ ; अनुभव पनि चाहिन्छ। त्यसैले आजका यी शासक जरा नभएका रुख झैँ दिनप्रतिदिन धोत्रिन थालेका छन्। के खाएर देश चलाउने यिनले ? यिनको संस्कारले त पुस्तौंदेखिको अर्काको पैतालामुनि, अर्काको हैकममुनि आज्ञाकारी हुने अनुभव मात्र पाएको छ। त्यसैले त ... पर्खनोस्, यिनको एक दिन आफ्नो सबै महत्त्वाकाङ्क्षा बिर्सेर 'पुनर्मूषिको भव' हुनु अनिवार्य छ, केही समयको मात्र कुरा हो, बुझ्नु भो ? अनि त यिनले हाम्रो मादल र हाम्रै गीतमा ननाची धरै छैन खाली समयको मात्र प्रतीक्षा हो। मेरो स्किम पूरा होस् मात्र ...।" (पृ. ८५)

नेपाली राणावर्गले आफूलाई सामान्य जनताभन्दा धेरै माथि र शाह परिवारसँगकै दाँजोमा वा समकक्षीमा हेरेका छन्। अन्य संस्कारगत कुराहरूमा पनि सामान्य जनताभन्दा माथि नै ठान्दछन्। यही वर्ग र संस्कारगत कुराहरूमा नेपाली समाज अझसम्म पनि अल्झिरहेको छ।

नेपाली समाजको अर्को अधिकांश भू-भाग ग्रामीण भेगमा अवस्थित छ। हिमाल, पहाड र तराई प्रदेश मिलेर बनेको हाम्रो देशको बनावट वास्तवमा विश्वकै लागि उदाहरणीय मानिन्छ। प्रस्तुत उपन्यासमा हायनरिख काठमाडौंबाट सुदूर पश्चिम पहाडी भेगतर्फ जाँदा बाटामा ग्रामीण समाजका मानिससँग साक्षात्कार हुने मौका पाउँछ। ग्रामीण समाज एउटा शुद्ध विचार पवित्र भावना जहाँ कुनै छल छाम छैन, न कुनै सुनियोजित षड्यन्त्रको गन्ध नै छ। त्यस्तो समाजमा आफ्नो सम्पूर्ण जीवन विलीन हुन पाउनु एउटा पाश्चात्य जगत्को व्यक्तिका लागि ठूलो सौभाग्य हुन्छ।

"अनि मात्र ऊ आफ्नो शिरमाथि मडारिरहने सहरी खतराबाट निश्चिन्त भएर साँच्चैको जीवन-सन्तोष र शान्तिको जीवन जिउन पाउने छ। त्यहाँ सहरको भीडभाड हुनेछैन, महानगरको भीषण कोलाहल र आधुनिक सभ्यताको प्रदुषण हुनेछैन। त्यहाँ कृत्रिमता र आडम्बरले जन्माएको छलकपट, जालझेल र झुट-फेरेबदलको मानसिकता र जिन्दगीको निकृष्ट मोलतोल हुनेछैन। नक्कली राजनीतिको निकृष्ट रछ्यानमा डुबेको जीवन र त्यसबाट उम्रेको मारकाट, हिंसा, हत्या, बलात्कार, चोरी, तस्करी हुनेछैन। ... हो, त्यहाँ उसको जीवनमा इलेन र उसको प्रेरणा हुनेछैन र केही हदसम्म ऊभित्र एउटा शून्यको रचना हुनेछ, तर साथै राणाको अपराधी संरक्षण र त्यसबाट जन्मने आत्मपीडनबाट पनि छ छुटकारा

मिल्नेछ ! अनि निमुखा, निरीह र सरल जनताबीच रहेर काम गर्न पाएको, बाँच्न पाएको शान्ति र सन्तोष - यही नै हो उसले चाहेको जीवन !" (पृ. २३२)

ग्रामीण भेगलाई आतिथ्य सत्कारको लागि प्रमुख मानिन्छ । यहाँ "अतिथि देवो भव" को पालना गरिन्छ । यहाँका मानिसहरूका मनमा निःस्वार्थ सेवा भाव पाइन्छ । त्यही सेवा भावले सम्मान गर्दा यहाँका सहरमा भन्दा ग्रामीण भेगमा पर्यटकको ओइरो लाग्छ । उपन्यासमा वर्णित स्वच्छ भावकी लक्ष्मी थकाल्नीको सेवा सत्कारबाट हायनरिख निकै प्रभावित भएको छ । हुनत होटलको बास भनेको पैसासँगको सरोकारको विषय हो, पैसासँग वस्तु वा सेवाको विनिमय । तर त्यतिमा मात्र सीमित राख्न चाहेन हायनरिखले लक्ष्मी थकाल्नीको आतिथ्य सत्कारलाई । त्यस्तो सत्कार उसले आजसम्म अन्यत्र कतै पाएको थिएन ।

"पहाडको यो अनकन्टार ठाउँमा एउटा सानो होटल थापेर जीविका चलाउने, कहिल्यै आफ्नो सानो सीमाबाट बाहिर नकिस्केकी, सायद अशिक्षित केटीको मुखबाट जुन किसिमको कुरा उसले सुन्यो त्यसबाट देश र शासनको वर्तमान प्रवृत्ति र स्थितिको सर्वसाधारण जनमानसमा कस्तो खाले प्रभाव पर्न गएको छ भन्ने कुराको प्रत्यक्ष सङ्केत मिल्थ्यो । कृष्णराजा जस्तो बुद्धिजीवी र एउटा खास दर्शनप्रति झुकाउ भएको मानिसले त कुनै खास समूह, व्यक्ति वा विचारप्रति पूर्वाग्रह राखेर पनि आफ्नो भावना बनाउन सक्छ, तर लक्ष्मी थकाल्नीजस्ती एउटी अनपढ र कुनै खास राजनीतिक सोचाइ नभएकी सीधा र सरल केटीको भावनामा कुनै पूर्वाग्रह भएको हुँदैन । त्यसकारण उसको स्वच्छ र अकलुषित हृदयबाट निस्केको भावना नै त्यस समयको समष्टि-जनभावना र त्यस समयको राजनीति हुन्छ ; त्यसैले हायनरिखले लक्ष्मी थकाल्नीको उद्‌गारमा देशको जुन यथार्थ तस्विर देख्यो त्यो नै वास्तविक देशको स्थिति हो भन्ने कुरामा उसलाई अब कुनै संशय रहेन ।" (पृ. २३८)

यसरी प्रस्तुत **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा प्रस्तुत गरिएका सामाजिक सांस्कृतिक गतिविधिहरूले नेपालका विभिन्न समय सन्दर्भसँग मिल्दाजुल्दा चालचलन र परम्पराको चित्रण वर्णन गरेको छ ।

#### ४.२.२.२ राजनीतिक परिवेश

**सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासले खास गरेर राजनीतिक परिवेशको मूल्याङ्कन गर्दछ । यस उपन्यासमा पञ्चायती व्यवस्थादेखि प्रजातन्त्र पुनर्स्थापनाका निमित्त भएको जनआन्दोलनको परिवेश चर्चा गरिएको छ । त्यस समयको राजनीतिक बर्बरता, दमन, तस्करी र पाश्चात्य सभ्यताको अनुकरणमा उच्छृङ्खलता प्रोत्साहित भएको यहाँ वर्णित छ । २०३६ सालदेखि २०४७ सालसम्मको पर्यावरणलाई वस्तु बनाएर लेखिएको प्रस्तुत उपन्यासमा नेपालको पञ्चायती व्यवस्थाका नियन्ता र कार्यकर्ताहरूका दुष्कृत्यहरूलाई तत्कालीन पर्यावरणमा अनावृत गरी समाजको शासनसत्ता नै ओगटेर बसेका शक्तिस्रोतसमेतलाई नग्न रूपमा प्रस्तुत गर्ने काम यसमा भएको छ । नेपालको राजनीतिक पद्धति प्रजातन्त्र भने पनि र पञ्चायत भने पनि हालसम्म पुँजीवादी पद्धतिकै उपजका रूपमा प्रस्तुत भइरहेछ । इतिहासको लामो समयदेखि वर्तमानसम्म यस विकृत परम्पराको मूल्य कायम छ भन्ने कुरा प्रस्तुत उपन्यासमा आलोचनात्मक ढङ्गले प्रतिपादन भएको छ (सुवेदी, २०६४ : २२९) । २०३० सालपछि नेपालको राजनीतिको पर्यावरणमा देखिएका विकृतिहरू र परिवेशमा देखिएका विसङ्गतिहरू अनि मुलुकमा भएका सांस्कृतिक सम्पदामाथिका बलात्कारहरू यस उपन्यासमा आवश्यक रूपमा प्रस्तुत भएका छन् (सुवेदी, २०६४ : २२९) । मुलुकको राजनीतिक दरबारिया अभिजातहरूको जिम्मामा सामाजिक-सांस्कृतिक महत्त्वका व्यापक पक्षहरू तिनै अभिजातका लार्केहरूका जिम्मामा अनि समाजमा रहेका प्राकृतिक स्रोत र साधनहरू तिनै अभिजातका भरौटेहरूका जिम्मामा बौद्धिक अभिव्यक्तिका पक्षहरू पनि त्यसै परिवृत्तका महत्त्वाकाङ्क्षी नियन्त्रणमा कुण्ठित भएर रहेका थिए । समाजका सम्पूर्ण पक्षहरूमाथि तिनै अभिजातवर्गको हैकम चल्दा सामान्य जनस्तरमा आर्थिक शोषण भएको थियो । जनतामा त्रास फैलिएको थियो ।

संसारको इतिहासमा समयसमयमा कुनै देशमा एउटा धूर्त वा गुटको प्रभुत्व भएको छ र वास्तविक जातिचाहिँ यिनैको छायामा ओझेल पर्छ, तर जब जनता भनिने यो वर्ग आफ्नो निकास र विकास नपाएर ज्यादै उकुसमुकुसको स्थितिमा पुग्छ अनि उसभित्र ज्वालामुखीको निर्माण हुन थाल्छ र समयसमयमा यो फुटेर यो अर्को अवरोधी वर्गलाई लाभामा बगाइदिन्छ । त्यसका लागि अरू वर्गको अस्तित्वलाई आत्मसात् गर्नुपर्छ । आज हाम्रो देशको यो यथार्थ चित्रमा घोर कहालीलाग्दो र दर्दनाक अवस्था देखिन्छ । जनता अहिले आफ्नै अज्ञान, आफ्नै निरीहताद्वारा आफ्नै घोर दरिद्रता, घोर दैन्यलाई काखी च्यापेर अन्याय र

शोषणलाई सहेका छन् । जनताहरू धूर्त राजनीतिक खेलाडीका खेलमा प्रयोग हुने गोटी इत्यादी साधनका रूपमा मात्र प्रयोग हुन्छन् । अन्य विकसित देशमा जनता भन्नाले धेरै ठूलो शक्ति बुझिन्छ तर यहाँ त्यो बुझिँदैन । यहाँ त जनता भन्नाले त्यस्तो एउटा भीड बुझिन्छ, जसको आफ्नो कुनै इच्छाआकाङ्क्षा, विचार, समर्थन, वा विरोध कुनै हुँदैन । उनीहरू केवल सानो सानो प्रलोभनमा, सानोसानो डरमा आफूलाई मार्छन् र आफूलाई भोटको कागतमा साटिदिन्छन् ।

जुनसुकै देशको राजनीतिक इतिहासमा झैँ यहाँको राजनीतिक इतिहासमा पनि एउटा प्रयोगको सिलसिला चलेको थियो - १९९६ साल, २००७ साल, २०१५ साल र २०१७ सालका अर्धप्रकाशित गल्लीबाट गुज्रँदै आज यस स्थितिमा पुगेको थियो । २००७ सालको परिवर्तन १९३९ सालदेखिकै राजनीतिक भूमिकाको परिणाम थियो (पृ. ११२) । १९०३ मा जङ्गबहादुरले राजाबाट सत्ता आफ्नो हातमा लिएपछि जहानियाँ शासन सुरु भयो । यसपछि राणाहरूले मात्र देशको सम्पूर्ण स्रोत साधनमाथि एकलौटी अधिकार जमाउन शुरु गरे । जनताहरूलाई सम्पूर्ण सुविधाबाट वञ्चित गरियो । जनताहरू अत्यन्त निरीह जीवन विताउन बाध्य भए । जनता नभएर प्रजा, प्रजामा पनि अस्तित्वहीन एउटा बँधुवा मजदुरको हैसियतमा पुग्यो । राजनीतिबाट बिलकुलै अलग, अन्धकारमा राखिएको प्रजाको आफ्नो भन्ने केही थिएन । यस्तो अवस्थामा देशका शासक वर्गले कुनैपनि बेला कोही जनताको जिउ धन सर्वस्व गर्न सक्थे । त्यसमा कसैले पनि एक शब्द बोल्न आँट गर्दैनथे । यस्तो स्थितिबाट गुज्रिएका नेपाली युवाहरू जागरुक भएर भूमिगत राजनीतिको सञ्चालन गर्न थाले । युवाहरूको विद्रोह विस्तारै जागृत हुँदै गयो । देशमा आन्दोलन व्याप्त भयो त्यसक्रममा धेरै युवाहरू बलिदान भए, जेल नेल परे । अन्ततोगत्वा जहानियाँ शासनको अन्त्य भइ छाड्यो ।

त्यसपछि राजाको सक्रिय निर्देशनमा २०१४ सालसम्म विभिन्न राजनीतिक पार्टीको सरकारद्वारा राज्य सञ्चालन भएर राजनीतिलाई स्थिरता दिने र शासनलाई प्रजातान्त्रिक बाटोतिर लैजाने प्रयत्न भए (पृ. ११२) तर यस अन्तरालमा विभिन्न गुटले देश अघि बढ्नुको साटो झन पछि सर्दै गयो । २०१५ मा स्थापना भएको निर्वाचित सरकार समेतलाई राजाले पदच्यूत गरिदिए । निर्वाचित सरकारका केही मन्त्री बन्दी बनाइए भने केही देश छाडेर भाग्न बाध्य भए । राजनीतिक पार्टीमाथि प्रतिबन्ध लगाइयो । देशमा निर्वाचित सरकारलाई च्युत गरेर राजाले सम्पूर्ण शासन आफ्नो हातमा लिँदा समेत जनता केही बोल्न सकेनन् । त्यसबाट जनतामा राजनीतिक चेतनाको खासै विकास नभएको थाहा हुन्छ ।

त्यसपछि राजाको कदमपछि देशमा एटा नौलो राजनीतिक व्यवस्था सुरु गरियो। त्यसलाई “देशको माटो सुहाउँदो पञ्चायती प्रजातन्त्र” भनेर व्याख्या गरियो (पृ. ११३)। यस व्यवस्थाले सुरुसुरुमा त निकै क्रान्तिकारी योजनाहरू ल्याएर जनताको नजिक हुने प्रयास गर्‍यो। तर ती कार्यक्रमहरू पूरा गर्नका लागि नभई मुकुन्डोको रूपमा मात्र ल्याइएको थियो। त्यस कार्यक्रम जनतामाझ बाट एकाएक हराउँदै गयो। अब राणाकालीन इतिहास पुनः दोहोरिन थाल्यो। किनकि पञ्चायति शासनकालमा भ्रष्ट नेता तथा मन्त्री वर्ग मिलेर विकास निर्माणका नाममा जनताको शोषण गर्ने लाखौं विदेशी मुद्रा अपचलन गर्ने बाहेकका अन्य केही काम गर्न सकेनन्। समाजमा फेरि जताततै शोषण, दमन र लूटको बजार देखिन थाल्यो। शासनसत्ता हातमा लिनेले जनतामाथि अन्याय अत्याचार मच्चाउन थाले। धर्म र संस्कृतिको संरक्षणको नाउँमा पाखण्डीहरूको अखडा झरीको भ्याउभैँ उम्रन थाले र ती अखडाको आडमा ठगी, बलात्कार, भ्रष्टाचारका घटना हुनु सामान्य हुन थाल्यो। देशका भ्रष्ट राजपुरुषहरूको आपसी कमाइ गर्ने होडले वनसम्पदा उजाड हुँदै गए। सार्वजनिक जग्गामा आफ्नानजिकका मानिसलाई धमाधम बसाउन थालियो। देशको विकास निर्माणमा खर्च हुन भनेर ल्याइएको वैदेशिक सहयोग मन्त्री नेताहरूको भष्ट्राचारको स्रोत बन्यो र धमाधम आफ्नो खातामा पैसा राख्दै जान थाले। देशमा अत्यधिक मात्रामा तस्कर, डकैती, हत्या, अपहरण, वेश्यावृत्तिजस्ता जघन्य अन्य अपराधकर्म संस्थागत र व्यावसायी रूपमा स्थापित हुँदै गए। जताततै जाँड रक्सी र जुवाका अखडाहरू छ्याप्छ्याप्ती देखिन थाले। देशको शान्ति सुरक्षाका निम्ति खटाइएका प्रहरीद्वारा नै आममानिसहरू असुरक्षित हुँदै गए, भने मौका पाउनासाथ बलात्कारका सिकार पनि भए। यस किसिमको नारकीय जीवन भोग्न विवश थिए सामान्य नेपाली जनता।

यसरी जनताको सम्पूर्ण उन्नतिका, प्रगतिका सपना सत्तासीन राजनीतिका खेलाडीहरूको अधिकार र इच्छाको सीमाभित्र बाँधिन पुगे। देशको सामाजिक, आर्थिक, राजनीतिक आकाङ्क्षा र सपनालाई बगरमा परिणत गएर जनतालाई हाहाकारको गीत गाउन छोडियो। अब जनताको सम्पूर्ण प्रगति, उन्नति र क्रान्तिको स्वर बन्द भएर देशभर एउटै मात्र स्वर गुञ्जन बाँकी रहयो - राजारानीको जयजयकारको स्वर ! (पृ. ११४)

त्यस समय राष्ट्रघाती एवम् देशद्रोहीहरू जस्तालाई निकै अनुकूल थियो किनभने उनीहरू आफ्नो सुरक्षाको लागि पञ्चायती सरकारको जयजयकार मनाउनुको कुनै अर्को विकल्प देख्दैनथे। अर्कातर्फ देशमा इमान्दार र सच्चा व्यापारी र उद्योगपतिको सङ्ख्या

नगण्य भएर रातारात लखपति बनेका नव धनिकहरूका हातमा देशको वाणिज्य-व्यापारको लगाम सुम्पिएको थियो। मध्यमवर्गीय जनता पनि सामूहिक उन्नति र प्रगतिको साटो व्यक्तिगत स्वार्थ र सुविधातिर उन्मुख हुँदै गएका थिए। सब आ-आफ्ना बाटोबाट अर्थात् सजिलो र दुई नम्बरी बाटोबाट रातारात लखपति र करोडपति बन्ने सपना देख्न थालेका थिए। देशको यो पतनोन्मुखी प्रवृत्तिलाई औंल्याएर मुख बाउन सक्ने साहस कसैमा थिएन। किनभने सत्ताले त्यस्तो सत्य साहसलाई कुल्चने एउटा अमोघ अस्त्रको आविष्कार गरेको थियो। यस किसिमले आज यस देशका जनता जनार्दनलाई चरित्रयुक्त, इमान्दार र विश्वासपूर्ण नेतृत्वबाट बञ्चित गराइएर कुइराको कागझैं, अगाडि परेको नाल र रछ्यानको सितामा मात्र बाँच्न विवश गराइएको थियो।

सामन्तवादी सत्ताका विरुद्ध उपन्यासले मञ्चीय रूपमा जुट्ने सिङ्गो पात्र भनेर कसैलाई पनि प्रस्तुत गर्ने प्रयास गरेको छैन। सत्ता ज्यादतीका विरुद्ध भित्रभित्र भूसका आगो बनिसकेको समाज नै त्यस स्थितिका विरुद्ध जुटिरहेको कुरा एकैचोटि २०४६ को जन आन्दोलनको पूर्वतयारीमा आयोजित सम्मेलनले पुष्टि गर्दछ (सुवेदी, २०६४ : २३२) जनताको धैर्यता बिस्तारै बिस्तारै टुट्दै गएको थियो। उनीहरू अब जस्तो सुकै मूल्य चुकाएर पनि पञ्चायती शासकलाई पदच्यूत गराउन चाहन्थे। त्यसका लागि जनताहरू ज्यानको बाजी थापेर सडकमा उत्रिएका थिए। आन्दोलन राष्ट्रव्यापी रूपमा शहरबाट गाउँतर्फ बढिरहेको हुन्छ।

देशभर विद्यार्थीहरू मारिन्छन्। जनताहरू यातनागृहमा कोचिन्छन्, महिलाहरू बलात्कृत हुन्छन्। नेताहरू गिरफ्तार हुन्छन्। पेशागत सङ्गठनमा ऐक्यवद्धता प्रदर्शित हुन्छ। बुद्धिजीवी र पत्रकार सामूहिक गिरफ्तारीमा पर्दछन्। प्रहरीका सारा कार्यालय, सरकारी कार्यालयहरू यातना शिविरमा परिणत हुन्छन् (सुवेदी, २०६४ : २३३)। जनताहरू सामन्ती शासन हटाउनका लागि आन्दोलित हुन्छन्। सुरु-सुरुमा आन्दोलन निकै मत्थर गतिमा अघि बढ्यो। पाँच-सात दिन, पाँच-सात दिनको अन्तराल हुँदै कहिले बजार बन्द, कहिले चक्काजाम, कहिले के, कहिले के, यस्तै किसिमले भद्रताका साथ संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको पुनर्वहालीको माग लिएर यो आन्दोलन अगाडि बढ्यो (पृ. २६०)। सुरुमा सत्तामदमा चूर भएका सत्ताधारीले त्यस आन्दोलनलाई सामान्य सोचेका थिए तर पछि उद्देश्यमा पुग्नका लागि जनताहरू आन्दोलनप्रति आकर्षित हुँदै गए। प्रहरीले सडकबाट मानिस आन्दोलनकारी र गैर आन्दोलनकारी दुवैलाई छेक्ने, थुन्ने र पिट्ने गर्न थाले।

राजधानीका सडकहरूमा दिनरात फलामे टोपी र कटबाँसका डन्डा लिएर आतङ्क मच्चाउँदै प्रहरीहरू हिड्न थाले। विद्यार्थी, शिक्षक, कलाकार, बुद्धिजीवीप्रति निगरानी बढ्यो। सामान्य नागरिकहरू त्रसित भएर अब कति बेला के हुने हो भन्दै घरभित्र कैदी भएर बस्न थाले।

तर यति हुँदा हुँदै पनि जनताको जोस झन्झन् आकासिँदै गएको देखिथ्यो। सरकारको कर्फ्यूलाई तोड्दै, प्रहरीको गोली र लाठीसामु छाती खोल्दै जनता जुलुस भाषण, नारा गर्न थाल्यो।

फलामे टोप, कटबाँसको लट्ठीले सजिएको आतङ्क एउटा चौबाटोको मोडमा ट्रकबाट उत्रिएर चारैतिर फैलन्छ। सहरभित्रको सुनसान सडकमा उनीहरूको फलामे कीला भएको बुटको आवाज सुनिन्छ। ... त्यस्तैमा एटा मानिस एउटा गल्लीबाट फुत्त निस्केर अर्को गल्लीभित्र पस्छ। “हल्ट !” प्रहरी आफ्नो मृत्युनली सोझ्याउँछ। तर त्यो मानिस अड्दैन। गल्लीभित्र ऊ दगुरेको प्रतिध्वनि गुञ्जन्छ। (पृ. २६१)

जनताको त्यो अन्तिम लडाइँ हुन्छ ; स्वतन्त्रताको लागि। त्यसकारण पनि उनीहरू कुनै डर त्रास नमानी बन्दुकको अघि लडिरहेछन्।

“यसै घरबाट हो” - प्रहरी दाह्रा किट्छ। अनि त्यस घरको चोटाकोठा छान्छन्। घरका परिवार, लोग्नेस्वास्नी ; दुई छोरी, एउटा छोरो -उनीहरू भयभीत भएर एउटा कुनामा लुकेका हुन्छन् (पृ. २६१)।

आन्दोलनमा विनासित्तीमा कति अङ्गभङ्ग हुनेगरी पिटिइन्छन्। कति मृत्युका मुखमा नै पुग्छन् तर पनि आन्दोलनका वारपार नभइ टुङ्गिने छाँट छैन। लक्ष्मीलाई पिसाबले अत्यन्तै जडि गर्छ। ऊ झिसमिसेको पर्दामा त्यहीँ पेटीमुनि नालीको किनारमा दुम्केर बस्छे। प्रहरी झिसमिसेमा चलमलाउने उसको धमिलो आकृतिलाई भयङ्कर मानेर बन्दुक सोझ्याउँछ - डाङ्ग .... (पृ. २६२)

यसरी आन्दोलनमा कर्फ्यूका बेलामा कति निरपराध व्यक्तिहरू सहिद भए। माथि वर्णित लक्ष्मी झैं कतिले अकालमा ज्यान गुमाए। कतिका दुधेबालक घाटीको नली सुकुन्जेलसम्म चिच्याइ चिच्याइ रोइरहे। कुन राजधानी, कुन पोखरा, विराटनगर, बुटवल, हेटौंडा, धरान इत्यादि सबै जुनै ठाउँ भए पनि त्यहाँ आन्दोलनको प्रभाव परेको थियो।

“तँलाई पानी ? निर्लज्ज सत्ताको दास त्यस प्यासी किशोर सामु पाइन्ट खोलेर किशोरको मुख खोल्दै गर्जन्छ - “लौखा पानी ! ... तँलाई यही हो पानी ...” (पृ. २६४)।

घाइते आन्दोलनकारीको उपचारमा हायनरिख, चेतना, कमला र कोमल विक्रमको संयुक्त टोली दिनरात खटिरह्यो । उनीहरू पनि आ-आफ्नै स्थानबाट आन्दोलनलाई सहयोग पुऱ्याइरहेका थिए । तर तिनीहरूको कार्य गाउँका प्रधानलाई मन परेको थिएन । त्यसकारण हायनरिकलाई राजनीति गरेको अभियोगमा हप्काएका समेत थिए । आन्दोलन निष्कर्षमा पुग्न चर्किरहेको थियो । हायनरिखलाई प्रधानका गुण्डाहरूले मरणासन्न हुनेगरी कुटेर फ्याँकी दिए । एकजना गाउलेले देखेपछि उसलाई उपचारका लागि काठमाडौ ल्याइथ्यो ।

यसरी उपन्यासमा पञ्चयती शासकका दुष्कृत्यहरूलाई तिनीहरूकै शैलीमा देखाइएको छ । त्यसबाट २०४६ सालअघिको नेपालको राजनीतिक परिवेश कस्तो थियो भन्ने छर्लङ्ग देख्न सकिन्छ ।

४.२.२.३ **पात्रको बौद्धिकता**

कुनै पनि आख्यानको कथानकलाई अगाडि बढाउने प्रमुख माध्यम पात्र हो । त्यसकारण आख्यनेतर साहित्यमा पात्रले कुनै न कुनै विशेषता बोकेर आएका हुन्छन् । सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको पात्र संयोजन र परिवेश बैविध्यपूर्ण छ । उपन्यासकारले यस उपन्यासमा आफ्ना मूल्य, मान्यता र आस्थालाई विभिन्न पात्रहरूको माध्यमबाट विश्व मानव प्रवृत्तिलाई समेत समष्टि गरी प्रस्तुत गरेका छन् । उपन्यासमा सबै पात्रहरू स्वतन्त्र विचार बोकेका बौद्धिक वर्ग, डाक्टर, व्यापारी र राजनीतिज्ञ देखिएका छन् । उपन्यासमा संयोजित पात्रहरू प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई किसिमका छन् । उपन्यासमा हायनरिख, चम्पक, रेमन्ड, कृष्णराजा ; डा. कोमल विक्रम, प्रधान, सि.डि.ओ, पाँण्डे मास्टर, घनश्याम इत्यादी पुरुष पात्र रहेका छन् भने लक्ष्मी, इलेन, चेतना, मीरा, लक्ष्मी थकाल्नी आदी नारी पात्रहरू रहेका छन् । यी बाहेक उपन्यासमा अन्य अप्रत्यक्ष वा परोक्ष पात्रहरू रहेका छन् - इलेनकी आमा र अमेरिकी राजदूत । यी सम्पूर्ण पात्रहरू आ-आफ्नो ठाउँमा बौद्धिक जगत्को भूमिका निर्वाह गरेका छन् । यसका साथै पात्रहरू भनेका हाम्रा सामाजिक जीवनबाट टिपिएका हुन्छन् र यिनीहरूले सम्पूर्ण सामाजिक जीवनको प्रतिनिधित्व गराइरहेका हुन्छन् । त्यसैले यिनीहरूका माध्यमबाट उपन्यासकारले आफ्नो बौद्धिकताको परिचय दिइरहेको भान हुन्छ ।

उपन्यासको सुरुदेखि अन्त्यसम्म नै एकलौटी रूपमा हाली मुहाली गर्दै आइरहेको पात्रा हायनरिखको विचार, दर्शन, आस्था आदिका आधारमा उपन्यासकार रमेश विकलकै

विचार, दर्शन तथा बौद्धिकता झल्किएको पाइन्छ। राष्ट्रिय-अन्तर्राष्ट्रिय घटना र परिवेशलाई समेटेर लेखिएको प्रस्तुत उपन्यासमा जान सेवास्टिनो, इलेन, लक्ष्मी र कृष्णराजा आदि पात्रसगँको संवादमा बौद्धिकता तथा दार्शनिकता पाउन सकिन्छ। पेसाले हायनरिख स्वयम् एउटा बौद्धिक वर्गको ऊ आफ्नो विद्यार्थी जीवनपछि सम्पूर्ण समय सगरमाथाको देश नेपाल र नेपालीमा त्यसमा पनि दुर्गम गाउँको अस्पतालमा गएर समर्पित गर्न चाहन्छु भन्नु बौद्धिकताको उत्तम नमुना मान्न सकिन्छ । त्यसकारण हायनरिखलाई समय, स्थान र परिस्थिति अनुसार अनुकूल बनाएर आफूलाई चलाउन सक्ने बौद्धिक र विचारवान् पात्र हो भन्न सकिन्छ ।

उपन्यासको अर्को पात्र इलेनलाई पनि बौद्धिक पात्रका रूपमा चित्रण गर्न सकिन्छ। इलेन आधुनिक राणा परिवारकी १९ वर्षीया एक शिक्षित युवती हो। चम्पककी एकमात्र सन्तान पनि हो। उसले चाहनु हो भने बाबुको सम्पत्ति विनारोकटोक चलाउन खर्च गर्न पाउँछे। पिकनिक, पार्टी, डिस्को, बारमा ऊसँगको दौतरी दिनदिनै जाँदा पनि त्यही अमेरिकी इलेन भने चिन्तित देखिन्छन्। त्यसको कारण उसभित्र बढ्दै गएको विचारको परिपक्वता हो, जसले आफ्नै परिवारको आर्थिक हैसियतप्रति केही समययता कडा निगरानी राखी रहेकी छे। त्यसप्रति आफ्नो विमति पनि देखाएकी छे। उसमा रहेको युवा राष्ट्रवादी सोचका कारण र हायनरिखसँगको सम्पर्कका कारण आफ्ना बाबुको अवैध व्यापारको निन्दा गर्न थालेकी छे। यसबाट उसलाई बौद्धिक जगत्की पात्र मान्न सकिन्छ।

उपन्यासको अर्को पात्र कृष्णराजा अर्थात् कानन शमशेर जबरालाई पनि बौद्धिक जगत्को पात्र मान्न सकिन्छ। चम्पकसँग सम्पत्तिको एक हिस्सा पाउने हक हुँदा हुँदै पनि भ्रष्टाचार र तस्करीबाट कमाएको सम्पत्ति चाहिदैन भनेर ऊ आफ्नो परिचय नै बदलेर कानन शमशेरबाट कृष्णराजा भएर बसेको हुन्छ। उसलाई आफ्नो ठूलो बुबाको व्यापारिक कारोबार राम्रोसँग थाहा छ। देशका प्राकृतिक स्रोत साधनको तस्कर, सुनचाँदीको अबैध धन्दा र लागु पदार्थ दुर्व्यसनको सञ्जाल आदि कारणले गर्दा उसले चम्पकमहल छाडेर अन्यत्र गई चम्पकको विरुद्धमा संगठन सुरु गरेको हो। उसमा आफ्नो देश र आफ्ना जातिप्रति माया छ। देश र जनतामाथि विश्वासघात गर्ने चम्पक र चम्पक जस्ता अन्य कुतत्त्वलाई घृणा गर्छ। चम्पकले हायनरिखलाई आफ्नो व्यवसायमा जागिर दिएको निहुँमा फसाउँदा त्यस परिस्थितिबाट उम्कन सहायता गर्ने पात्र कृष्णराजा नै हो। उपन्यासमा कृष्णराजा उदारवादी र निःस्वार्थ भावना भएको राष्ट्रवादी चेतना भएको एक सक्रिय पात्रका

रूपमा देखिन्छ। उसको सञ्चालन गरेको मिसनले आफ्ना सदस्यहरू बढाएर राष्ट्रव्यापी रूपमा संगठन विस्तार गरेको हुन्छ। चम्पकको विरोधी गुट तयार गरेकोले कृष्णराजा र चम्पक बीचमा द्वन्द्व चर्कदैं गएको बुझिन्छ। त्यसैले  चम्पकको कारोवारप्रति विद्रोह गर्ने र लागू औषधको सेवनबाट युवावर्गलाई सचेत राख्ने जस्तो महान् कार्यमा ऊ होमिएको छ। यसलाई पनि एउटा बौद्धिक स्तरकै कार्यका रूपमा लिन सकिन्छ किनकि मानिसलाई चेतनशील पार्ने यस महान्कार्यका लागि कृष्णराजाको प्रयासलाई समर्थन गर्नैपर्छ। अर्कोतर्फ उसले हायनरिखलाई समेत चम्पकबाट मुक्त गरेर पश्चिम नेपालको पहाडी इलाकामा पठाउँछ, तसर्थ कृष्णराजालाई एउटा राजभक्त, समाजसेवी र सचेत बौद्धिक वर्गको रूपमा लिइन्छ।

त्यसैगरी उपन्यासकी प्रमुखपात्र लक्ष्मी शाहलाई पनि बौद्धिक जगत्की पात्र मान्न सकिन्छ। लक्ष्मी शाह पनि देशका उपल्लोवर्ग मध्येकी अभिजात्य परिवारकी मान्निछे। त्यसैले अन्य नेपालीहरू अशिक्षित रहेको अवस्थामा ऊ चिकित्सा विज्ञान पढ्न अमेरिका पुगेकी छे। पेसाले ऊ पनि हायनरिख झैँ डाक्टर हो तर वर्गीय हिसावले हेर्दा लक्ष्मी शाह उपल्लो वर्गकी मानिएकी थिई भने हायनरिख तल्लो वर्गको। उनीहरू अमेरिकामा पढ्दा एक अर्कामा घनिष्ठ मित्र मानिन्थे। लक्ष्मीले नै हायनरिखलाई नेपालको सामाजिक, साँस्कृतिक, साथै ऐतिहासिक अवस्थाबारे जानकारी गराएकी थिई। लक्ष्मीमा आफ्नो देश र समाजप्रति जिम्मेवारीको भावना पनि देखिन्थ्यो। लक्ष्मीले अमेरिकामा रहँदा जे जस्तो किसिमको भूमिका निर्वाह गरी त्यो सकारात्मक थियो। उसलाई जिम्मेवार बहन भएकी कर्तव्यपरायण मान्न सकिन्थ्यो तर जब लक्ष्मी नेपालमा फर्किन्छे तब उसमा पहिलेका व्यवहारमा केही परिवर्तन भएको पाइन्छ।

त्यसैगरी उपन्यासमा वर्णित अर्को बौद्धिक पात्रका रूपमा डा. कोमल विक्रमलाई लिन सकिन्छ। नेपालको सुदुर पहाडी जिल्लाको कुनै एक जिल्ला अस्पतालमा सेवा प्रदान गर्दै आएका डा. कोमलविक्रम कृष्णराजाकै संगठनका एक सदस्य मानिन्छन्। तत्कालीन समयमा देशको विग्रदो अवस्थाबाट केही सचेत युवाहरूमा आएको यो चेतना त्यसमा पनि प्रबुद्ध वर्ग भनि डाक्टर इन्जिनियरमा आए यो सोचलाई सर्वदा स्वीकार्नु पर्छ। यदि युवा वर्ग साथै त्यस्ता बौद्धिक वर्गमा समेत त्यस्तो सोचाइ आएन भने देश र जनताको बारेमा सोच्ने को हो ? त्यसका लागि डा. कोमल विक्रम, कृष्णराजा जस्ता युवाहरूले उठाएको यो क्रान्तिकारी कदम स्वागत योग्य मानिन्छ।

चम्पकमहलबाट उम्केर हायनरिखलाई कृष्णराजाको सिफारिस पत्र सहित अस्पताल जाँदा डा. कोमल विक्रम अति नै खुसी देखिए किनकि उनले आफूभैँ एक कर्तव्यपरायण सहयोगी पाएका थिए। हायनरिख एउटा सानो पेसाका साथ नेपालमा स्थायी बसोबास चाहथ्यो, त्यो सबै यहाँ पूरा हुने भयो यसका साथै उसले पनि डा. कोमलविक्रम जस्तो सहयोगीको साथ पाएको छ। डा. कोमल विक्रमले सुविधा भोग गर्न भन्दा सेवातर्फ आफ्नो भावनात्मक सम्बन्ध अघि बढाएका थिए। उनमा नेपालका दूर-दराजमा रहेका अनेकौं सामान्य जीवनको सेवामा समर्पित रहनु नै जनताको सफलता थियो। त्यसकारण डा. कोमल विक्रमलाई पनि बौद्धिक जगत्को पात्रका रूपमा नै लिइन्छ।

यसरी प्रस्तुत **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा आएका सम्पूर्ण पात्रहरूमध्ये केही बौद्धिक स्तरका पात्रहरूले भिन्नै व्यवहार प्रस्तुत गरेर पाठकको नजरमा सहानुभूति प्राप्त गरेका छन्। उनीहरूको स्तर, क्षमता, रुचि, व्यवहारिक ज्ञान र उद्देश्यका आधारमा त्यसबाट लोक कल्याणका लागि कत्तिको सहयोग मिल्दछ भन्ने तर्फबाट दृष्टिगत गर्दा यी पात्रहरू कुनै न कुनै रूपमा सहयोगी भएको पाइन्छ। साथै उनीहरू जस्तै अन्य पात्रहरू पनि भए यो समाज अनि राष्ट्रको मुहार चाँडै फेरिनेतर्फ समेत लक्षित गर्न सकिन्छ।

### ४.२.२.४ **भाषा**

साहित्यिक अभिव्यक्तिको माध्यम भाषा हो। भाषाकै माध्यमद्वारा विचारको आदानप्रदान पनि हुन्छ। भाषाशैलीका दृष्टिले सागर उर्लन्छ सगरमाथा छुन उपन्यास मध्यम स्तरको देखिन्छ। यस उपन्यासको भाषा, सरल, सहज एवम् वर्णनात्मक छ तर पनि भाषा विषय प्रतिपादनको हिसाबले सामान्य पाठकले उपन्यासलाई बुभ्न त्यति सजिलो छैन किनकि पूर्वदीप्ति प्रणालीद्वारा यसको संरचना कतै कतै वृत्ताकार देखापर्छ। यस उपन्यासका पात्रहरूले बोल्ने भाषाका केही स्थानीय, प्रादेशिक र नेपालीइतर भाषाको पनि प्रयोग भएको छ तापनि ती भाषाहरू बुभ्न त्यति कठीन पर्दैन।

त्यसैगरी उपन्यासमा संवादको प्रयोग भएको अवस्थामा पात्र अनुरूपको प्रयुक्तिको प्रयोग भएको हुन्छ। उपन्यासमा पात्र अनुरूप भाषाको प्रयोग भएको छैन भने त्यहाँ अस्वाभाविकताको सिर्जना हुन्छ। नेपाली समाजमा उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्ग गरी तीन वर्ग रहेका छन्। ती तीन वर्ग सुहाउँदो भाषाको प्रयोग प्रस्तुत उपन्यासमा भएको छ

(बराल, २०६५ : ६६) । चम्पक शमशेर, रेमन्ड, लक्ष्मी र मीरा जस्ता अभिजातीय वर्गका उच्च घरानियाँहरूले बोल्ने भाषा विशेष गरी उच्च आदर प्रयोग गरिएका छन् त्यसैगरी होटलका कर्मचारी लगायतले बोल्ने भाषामा पनि उच्च आदरको नै प्रयोग भएको पाइन्छ जुन भाषा शिष्टाचार भएकोले उच्च वर्गीय भाषा मानिन्छ ।

प्रस्तुत उपन्यासको नायक नै पश्चिमी जगत्को अंग्रेजी भाषी भएकोले विभिन्न स्थानमा अंग्रेजी लवजका वाक्यहरू यत्रतत्र भेट्टिन्छन् । जस्तै :-

"नो सी इज फ्रम फार कन्ट्री नेपाल" (पृ. ३६)

"ओके, बडी यु वाना दिस ब्युटी क्विन ?" (पृ. ३६)

"ओके माइ गइज ।" "माउन्ट एभरेस्ट । .... ओ वाना गो टु
भिजिट देयर माउन्ट एभरेष्ट ।" (पृ. ३६)

उपन्यासमा खल चरित्र चम्पक र रेमण्ड संभ्रान्त परिवारका भएकोले उनीहरूबीच अङ्ग्रेजी बोलचाल हुनु भनेको सामान्य मानिन्थ्यो । त्यसमा पनि हायनरिखसँगको भेटभाटमा चम्पकले आफूलाई अझ आधुनिक शिक्षित र नेपाली समाजका उच्च परिवारका देखाउनु थियो त्यसैले उनीहरूका हरेक वाक्य अङ्ग्रेजी हुन्थे या त अङ्ग्रेजी मिश्रित हुन्थे ।

"मेरी भजिती, ऊ बडो स्मार्ट छे ... भेरी सोफेस्टिकेटेड, भेरी मोर्डन, सी इज भेरी व्युटिफूल एण्ड योङ्ग ।"

"दे आर क्रेजी एबाउट फरनर्स, स्पेसियली एबाउट योङ्ग एण्ड हैन्डस अमेरिकन, हो अमेरिकन, दे आर भेरी फ्रेङ्क एण्ड लभ्ली ।" (पृ. ४९)

"उपन्यासमा अंग्रेजी भाषाका अतिरिक्त राणा दरबारिया भाषाको पनि प्रयोग भएको पाइन्छन् -

"सवारी होस् । ठूलो जरसाप हजुरलाई नै पर्खेर राज गरिस्या छ सानु महारानी पनि सुक्ला हवैस्या छैन । (पृ. ७८)

उपन्यासमा संस्कृत भाषाका केही मार्मिक पठनीय श्लोकहरू पनि उल्लेख्य रहेका छन् ।

बुद्धम् शरणम् गच्छामि, धम्मम् शरणम गच्छामि अनि द्यौः शान्तिः, पृथिवी शान्तिः, आप शान्तिः, वनस्पतय शान्तिः, विश्वेदेव । : शान्तिः; सर्व शान्ति : ......(पृ. ३५) ।

उपन्यासमा स्थानीय लवजको पनि प्रयोग भएको छ। यसबाट आम ग्रामीण जन जीवनमा जीवन्तता थपिन्छ। एउटा लाहुरेसँगको वार्तालापको अंश - "...तर मलाई पनि

यकिन मालुम छैन । म पनि यस जगाको मानिस होइन । ... मेरो मकान पनि यहाँ से तीन रोजको रास्तामा पर्छ ।"

"साप कौन जगाबाट आउनु भएको ?" (पृ. २३९)

"ए अस्पतालमा त एउटा अम्रिगन दाङ्दर आएको छ रे नी । ... अब त अस्पतालको हालत राम्रो होला कि ? अम्रिगन दाङ्दार सिपालु पनि त होला ?" "... अनि, त्यसैले त ठूला ठालूहरू आफ्ना छोराछोरीलाई किन पढाउँछन् भन्दा दाङ्दार, इन्जिनियर जस्तै बनाउन भन्छन्, ... यी पिचासहरू । ... पोहोर आको शर्मा भन्ने दाङ्दार देखेनौ ? मोरो द्रवेपिचास । एकपल्ट यसो भुँडी छाम्यो कि उसलाई पैसो चाइहाल्यो । भीरबाट खसाल्नु जस्तो (पृ. २४५)

यसरी विभिन्न भाषाहरूको प्रयोगले प्रस्तुत उपन्यास सजीव बनेको छ। यसमा प्रयुक्त अंग्रेजी लवजहरूको स्वभाविक र आवश्यक स्थान मात्र आएका छन् जस्ले उपन्यासलाई सत्यताको नजिक पुऱ्याएको छ ।"

**परिच्छेद पाँच**

# उपसंहार

वि.सं. १९८५ कार्तिक २९ गते चन्द्रशेखर उपाध्याय र छायाँदेवी चालिसेका सन्तानका रूपमा रामेश्वरप्रसाद चालिसे वास्तविक नाम भएका रमेश विकलको जन्म भएको थियो । मातृवात्सल्यबाट विमुख विकलको पालनपोषण आफ्नै हजुरबुबा र हजुरआमाबाट भयो । उनले घरमै आफ्ना हजुबुबाबाट शिक्षा प्रारम्भ गरे तापनि आफ्ना जागिरे बाबुका साथमा देशमा विभिन्न स्थानमा गएर अध्ययन गर्दै पछि त्रि.वि. बाट स्नातक उत्तीर्ण समेत गरे । विकलले वि. एड. सम्मको औपचारिक शिक्षा प्राप्त गरे पनि पछिसम्म स्वाध्ययन गरी आफ्नो ज्ञानको क्षेत्रलाई फराकिलो पारेको थिए ।

विकलले विभिन्न समयमा विभिन्न संस्थाहरूमा आवद्ध भएर जागिरे जीवन व्यतीत गरेका थिए । आफ्नी हजुरआमाबाट सुनेका विभिन्न पौराणिक कथाहरूका कारण विकलमा साहित्यतर्फको बीजारोपण भएको मान्न सकिन्छ । जीवनका मध्यान्तर समयदेखि विकल आफ्ना बासस्थान वरपरका विभिन्न स्कुल लगायतका संघसंस्थामा आबद्ध रहेर सल्लाह सुझाव दिन थाले । आफ्ना जीवनकालमा लगभग दर्जनभन्दा बढी कृतिहरू प्रदान गर्न सफल विकल विभिन्न मान-सम्मान तथा पद्वीद्वारा पनि सम्मानित भएका छन् । उनका विविध साहित्यिक व्यक्तित्वमध्ये हामी उनलाई उपन्यासकार र अझ सशक्त कथाकारका रूपमा चिन्छौं । कथाका क्षेत्रमा उनको कलम प्रगतिवादी यथार्थवादी कथाकारका रूपमा चलेको पाइन्छ भने उपन्यासतर्फ आलोचनात्मक यथार्थवादीका  रूपमा चलेको पाइन्छ । उनलाई प्रगतिवादी एवम् यथार्थवादी, कुप्रथा अन्धविश्वासका विरोधी, खोक्रो सामाजिक आडम्बरको विरोधी, ग्रामीण सहरी परिवेशको प्रस्ततुकर्ता, निम्न दीनहीन पात्रको संवाहक, बालमनोविज्ञानका अग्रज, नारी मनोविश्लेषक जस्ता साहित्यिक विशेषताले चिनिन्छ ।

साहित्यका विभिन्न विधामध्ये उपन्यास बृहत आयाम भएको गद्यात्मक रूपअन्तर्गत पर्दछ । उपन्यासमा आख्यानात्मक पक्ष सफल भएको हुनाले पूर्णताका लागि परिवेशको पनि

महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी परिवेशको हुन्छ। परिवेशले कथानकलाई गति दिने काम गर्छ। परिवेशसँग सम्बन्धित रहेको उपन्यासमा यथार्थता बढी पाइन्छ। त्यसैले उपन्यासका अन्य पक्षहरूको विभिन्न कोणबाट गरिएको अध्ययन अनुसन्धानझैँ परिवेशको कोणबाट गरिएको यो शोधकार्य ज्यादै महत्त्वपूर्ण मानिन्छ।

प्रस्तुत उपन्यासलाई परिवेशको आधारमा विश्लेषण गर्नुपर्ने भएकाले उपन्यासमा वर्णित स्थानको चर्चा यसमा आएको छ। उपन्यासमा राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशको संयोजन पाइन्छ। उपन्यासको सुरुवात अमेरिकी पात्र हायनरिकको नेपाल आगमनबाट हुन्छ भने पूर्वदीप्ति प्रणालीद्वारा हायनरिख र लक्ष्मीको अमेरिकी भूमिमा भएको भेटको जानकारी गराइएको हुन्छ। दुवैजना इस्ट वेस्ट सेन्टरका विद्यार्थी भएर चिकित्सा शास्त्रको अध्ययनमा जुटेका देखाइएको छ। त्यस समय लक्ष्मी शाहद्वारा नेपालको सम्पूर्ण ऐतिहासिक, सामाजिक, सांस्कृतिक र राजनैतिक पक्षको झलक हायनरिखसामु प्रस्तुत गर्ने काम हुन्छ। उपन्यासमा नेपाली भूमि र यहाँको मौलिक संस्कृति साथै सगरमाथा र बुद्धको देशका नामबाट आकर्षित भएको हायनरिख नेपालमा आफ्नो सम्पूर्ण जीवन उत्सर्ग गर्न लालायित बन्छ। ऊ नागरिकको हिसाबले अमेरिकी नागरिक भएपनि उसलाई अमेरिकी संस्कृतिप्रति कुनै मोह छैन। यस्तो किसिमले दुई संस्कृति बीचको आर्कषणबाट आरम्भ भएपनि अन्तमा नेपालीपनले आकर्षित पारेको देखाइएको छ।

उपन्यासमा देखिएको अर्को परिवेश काठमाडौको हो। काठमाडौंको परिवेशलाई धेरै पक्षसँग जोडेर समेत देखाइएको छ। जस्तै :- पौराणिक, ऐतिहासिक, सामाजिक सांस्कृतिक, राजनैतिक, आर्थिक र शैक्षिक पक्षसँग काठमाडौं र यहाँको जनजीवनलाई केलाइएको छ। यहाँ बढ्दै गएको जनघनत्वसँगै, विदेशीशैली पनि बढेको देखाइएको छ। विदेशी संस्कृतिको अन्धानुकरणमा सम्पूर्ण नेपाली समाज फसेको देखाइएको छ। काठमाडौंमा हत्या, हिंसा, चोरी, डकैती, बलात्कार हुन कुनै रात, साँझ र एकान्त स्थल हुन नपर्ने भएको छ। यो उपन्यासलाई २०१७ साल देखि २०४६ बीचको राजनीतिक दस्तावेजका रूपमा समेत लिने गरिन्छ। त्यसकारण यहाँ वर्णित घटना क्रमहरूमा राजनैतिक घटनाक्रम अत्यधिक रहेको देखाइएको छ। त्यसबाट तत्कालीन समयको काठमाडौं लगायत समग्र देशको परिवेश झल्कन्छ।

प्रस्तुत उपन्यासमा काठमाडौंको मात्र नभएर देशको ग्रामीण परिवेशको पनि चित्रण गरिएको छ । सामान्य निरक्षर जनता कसरी दुर्गम ठाउँमा जीविका चलाउँदै छन्, उनीहरूको जीवन कति संघर्षपूर्ण छ ? त्यो कुरा सायद लक्ष्मी शाह र इलेन जस्ता पात्रलाई थाहा हुँदैन होला । उपन्यासमा ग्रामीण समाजमा चेतनाको कमीले पनि प्रायः गाउलेहरू रोगको शिकार भई अकालमा ज्यान गुमाएका भेटिन्छन् । उनीहरूमा रोग भोक, अशिक्षा गरिबी जस्ता समस्याहरू प्रवल रहेको देखाइएको छ । गाउँका प्रधानपञ्च लगायतका मण्डले शासकहरूले व्यवस्था टिकाइरहन गरेको दबाब धम्की पनि देखाइएको छ । पञ्चायती शासकको कृकृत्य सहर गाउँ सबैतिरका नेपाली जनताको टाउको माथि कसरी लादिएको छ भन्ने देखाइएको छ । गाउँमा पनि अझ आन्दोलन व्यापक रूपमा बढ्दै आएको देखाइन्छ । राजनीतिक अस्थिरताको फाइदा शोषक सामन्ती दलालले उठाएका देखाइन्छन् ।

त्यसकारण उपन्यासमा समग्र देशको आर्थिक स्थिति बोध गराउने चित्र कोरिएको छ । भोका नाङ्गा दरिद्र जनताहरू नै नेपालका वास्तविक जनताको रूप हो भनी विश्लेषण गरिएको छ । त्यसका साथै देशको राजनीतिक अस्थिरताको पीडा पनि छँदैछ । यी सबै पक्षहरूलाई उपन्यासकारले आलोचनात्मक यथार्थवादी कोणबाट वर्णन गरेका छन् ।

यी सम्पूर्ण घटनाक्रमको अध्ययनपश्चात् प्रस्तुत **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यास पश्चिमी सभ्यताको केन्द्र मानिने अमेरिकाली समाजको परिवेशदेखि लिएर नेपाली परिवेशको व्यापक अध्ययन गर्न सफल भएको छ । यहाँ उल्लेख गरिएका परिवेश नेपाली समाजका वास्तविक परिवेशहरू हुन् । नेपाली समाज र राणाकालीन समयको परिवेश बुझ्नका लागि प्रस्तुत उपन्यास प्रमुख स्रोतका रूपमा देखापर्छ । यसका साथै नेपाली ग्रामीण परिवेश र त्यस अन्तर्गतका जनजीवनको चर्चा-परिचर्चा गरेको छ । त्यसैले प्रस्तुत कृतिलाई परिवेशका दृष्टिकोणबाट हेर्दा नेपाली समाज र संस्कृतिको दर्पणको रूपमा लिइन्छ ।

# सन्दर्भसामग्री सूची


**पुस्तक, पत्रिका**

एटम, नेत्र, (२०६७) **नेपाली डायस्पोरा र अन्य समालोचना,** काठमाडौँ : एकता प्रकाशन ।

एटम, नेत्र, (२०६७) 'सांस्कृतिक दिवालियापनको आलोचना : **सागर उर्लन्छ सगरमाथा छुन**', **रश्मि,** (वर्ष २६ : अङ्क १ : ७१, पुस) काठमाडौँ ।

पौडेल, हेमनाथ, (२०६७) 'रमेश विकलको जीवनयात्रा र योगदान', **मधुपर्क,** (वर्ष ४३ : अङ्क ८, पुस, पृ. ६३), काठमाडौं ।

पौडेल, हेमनाथ, (२०६७) 'रमेश विकलको जीवनवृत', **रमेश विकल : बिम्ब एक प्रतिबिम्ब अनेक (समालोचना ग्रन्थ)** , काठमाडौं : रमेश विकल साहित्य प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्र सिंह, (२०६१) **नेपाली उपन्यास र उपन्यासकार,** ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह, (२०६७) 'सागर उर्लन्छ सगरमाथा छुन', **रमेश विकल : बिम्ब एक प्रतिबिम्ब अनेक (समालोचना ग्रन्थ)** , काठमाडौं : रमेश विकल साहित्य प्रतिष्ठान ।

प्रधान, प्रतापचन्द्र, (२०४०) **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि,** दार्जिलिङ : दीप प्रकाशन ।

बराल, ऋषिराज, (२०६३) **उपन्यासको सौन्दर्यशास्त्र,** (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि, (२०५८), "रमेश विकल : आलोचनात्मक यथार्थवादी कथाकार", **समकालीन साहित्य** (वर्ष १२, अङ्क १, पूर्णाङ्क ४३ कार्तिक, पुस) (पृ. ३६) ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** दो.सं., ललितपुर : साझा प्रकाशन ।

भट्टराई, घटराज (२०३५) "रमेश विकल व्यक्ति र कृति" (वर्ष ११ अंक २ र ३ **मधुपर्क**), पृ. १०३ - ११० ।

विकल, रमेश (२०६०), **मेरो अविरल जीवन गीत,** ललितपुर : साझा प्रकाशन ।

विकल, रमेश (२०५२), **सागर उर्लन्छ सगरमाथा छुन**, ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र, (२०६४), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** ललितपुर : साझा प्रकाशन ।

**अप्रकाशित शोधपत्रहरू**

तिमिल्सिना, मोहनप्रसाद (२०३७), **रमेश विकलको जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

निरौला, कान्तिमती (२०६५), **हिटलर र यहुदी उपन्यासको परिवेशको अध्ययन**, अप्रकाशित शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं ।

बराल, युवराज (२०६५), **सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको कृतिपरक अध्ययन,** अप्रकाशित शोधपत्र, त्रि.वि. रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं ।

भट्टराई, रामप्रसाद (२०४९), **रमेश विकल र उनका उपन्यास,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

वाग्ले, ईश्वरचन्द्र (२०६०), **रमेश विकलका कथामा यथार्थ,** अप्रकाशित विद्यावारिधि शोधपत्र, केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।